# नगर शिक्षा योजना

## २०८१/०८२-२०९१/०९२

### (प्रथम अद्यावधिक)

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शिक्षा तथा सामाजिक विकास शाखा**
लेटाङ, मोरङ

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शिक्षा तथा सामाजिक विकास शाखा**
लेटाङ, मोरङ

# नगर शिक्षा योजना

## २०८१/८२ देखि २०९१/९२

(प्रथम अद्यावधिक)

प्रकाशक

लेटाङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लेटाङ, मोरङ

| | | |
|---|---|---|
| प्रकाशित सामग्री | नगर शिक्षा योजना (२०८१/८२-२०९१/९२), लेटाङ नगरपालिका | |
| प्रकाशन प्रति | | |
| सर्वाधिकार | प्रकाशकमा | |
| मुद्रण | | |
| प्रकाशन | २०८२, असार (अद्यावधिक २०८२, माघ) | |
| सल्लाहकार | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख |
| | श्री कृष्णकुमारी पोख्रेल | नगर उपप्रमुख |
| | श्री शशि राई | प्रमुख प्रशासकीय अधिकृत |
| योजना मस्यौदा समिति | श्री रामकुमार श्रेष्ठ | संयोजक |
| | श्री शोभा खड्का | सदस्य |
| | श्री हरिप्रसाद धिमाल | सदस्य |
| | श्री लक्ष्मीप्रसाद मिश्र | सदस्य |
| | श्री कृष्णराज राई | सदस्य सचिव |
| लेखन तथा सम्पादन | श्री कृष्णराज राई | संयोजक |
| | श्री लक्ष्मीप्रसाद मिश्र | सदस्य |
| | श्री अनिलकुमार मिश्र | सदस्य-सचिव |
| प्राविधिक सहयोग | श्री संजिता खनाल | शिक्षा अधिकृत |
| | श्री श्यामकुमार राई | कम्प्युटर अपरेटर |
| भाषा सम्पादन | श्री पर्शुराम निरौला | शिक्षक |
| | श्री टङ्कप्रसाद दाहाल | शिक्षक |
| सहयोगी | चन्द्र विश्वकर्मा | कार्यालय सहयोगी |

# मन्तव्य

शैक्षिक विकासमा योजना प्रणालीबाट राष्ट्रले अपेक्षा गरेका शैक्षिक उपलब्धिहरू प्राप्त हुन्छ। संवैधानिक व्यवस्था अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको छ। स्थानीय तहको दोस्रो निर्वाचन पश्चात नगरपालिकाले नगरको आवधिक योजना निर्माण गरी कार्यान्वयनमा रहेको छ। आवश्यक स्थानमा विद्यालयहरूको स्थापना र शिक्षाप्रति आम चासो बढ्नुले आधारभूत शिक्षामा पहुँचयोग्यता सतप्रतिशत पुगेको नगरको दावी रहेको छ। समतामूलक व्यवस्था, विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक व्यवस्थापनमा थप सुधार गर्नु पर्दछ। सिकाइ क्रियाकलाप र शैक्षिक उपलव्धिमा गुणात्मक सुधार गर्नुपर्ने देखिएको छ। अभिभावकको बढ्दो अपेक्षा र प्रविधिको विकास तथा विश्वव्यापीकरणले सृजना गरेका चुनौतीहरू धेरै छन्। सिकाइ उपलव्धि सहित गुणस्तर सुधार गर्ने दूरदृष्टि र उद्देश्यले योजना तयार गरिएको छ। सबै तह र क्षेत्रबिच उच्चस्तरको समन्वय र सहकार्य सहित विद्यालय सुशासन र संस्थागत क्षमतामा गुणात्मक सुधार गर्ने अपेक्षा गरिएको छ।

आधारभूत तथा माध्यमिक शिक्षालगायत नगरपालिकाको शिक्षा क्षेत्र विकास गर्न यो योजना निर्माण गरिएको छ। आगामी दश वर्ष वि.स. २०८२ देखि २०९२ सम्म योजनाको प्रभावकारी कार्यान्वयन मार्फत गुणस्तरीय शिक्षाको विकास गरी सुसंस्कृत र समृद्ध नगरपालिका विकास गर्न यसै वर्षदेखि योजना कार्यान्वयन गरिनेछ। योजनामा आवश्यक स्रोतको व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नु चुनौती पनि रहेको छ। सिमीत स्रोतका बावजुद नगरको स्रोतलाई प्राथमिकताकासाथ शिक्षा क्षेत्रमा विनियोजन गरिनेछ। शैक्षिक योजनाको प्रभावकारी कार्यान्वय महत्वपूर्ण पक्ष भएकोले यसको लागि सबै सरोकारवाला पक्षको रचनात्मक सहयोगको अपेक्षा समेत गरिएको छ।

स्थानीय शिक्षा योजना निर्माण मार्गदर्शन अनुसार नगरपालिकाले सहभागीतामूलक प्रकृयाबाट आफ्नै जनशक्तिको उपयोग गरी यो योजना तर्जुमा गरेको छ। सम्बन्धित सरोकारवाला पक्षहरूसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त सुझावहरू र नगरपालिकाको तथ्याङ्कको विश्लेषण गरी नगरको अवस्था, सामर्थ्य र समस्याको पहिचान गरी सुधार गर्नुपर्ने पक्षका साथै क्रियाकलापहरू योजनामा समावेश गरिएको छ। शिक्षामा सुधार गर्नुपर्ने पक्षहरू पहुँच, समता, गुणस्तर तथा सान्दर्भिकता र संस्थागत सक्षमातासँग सम्बन्धित विषयहरू समावेश गरिएको छ। गुणस्तरीय र समयसापेक्ष विद्यालय शिक्षाको व्यवस्था योजनाको प्राथमिकता रहेको छ। शिक्षा क्षेत्रको योजना निर्माण कार्यशालामा सहभागी हुने विभिन्न क्षेत्रका व्यक्तित्वहरू, निर्माणमा संलग्न जनप्रतिनिधिहरू, सामाजिक विकास समिति, नगर शिक्षा समिति शिक्षा तथा सामाजिक शाखा, नगर शिक्षा योजना मस्यौदा निर्माण समिति, लेखन कार्यदल एवम् प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सुझाव, सल्लाह प्रदान गर्नुहुने व्यक्तित्वहरूप्रति विशेष धन्यवाद दिन चाहन्छु।

भूपेन्द्रकुमार लावती
नगर प्रमुख

# प्राक्कथन

नगरपालिकाले शिक्षामा सबैको पहुँच सुनिश्चित, गुणस्तरीय शिक्षाको प्रबन्ध , शिक्षामा प्रविधिको गुणस्तर वृद्धि, शिक्षामा समतामूलक अवसर विस्तार, शैक्षिक सुशासन र संस्थागत सक्षमता विकासका कार्यहरू गर्न र विकास कार्यहरूको निरन्तरता तथा दिगोपनाका लागि स्थानीय शिक्षा योजना आवश्यक छ। दिगो विकास लक्ष्य प्राप्त गर्न, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न, शिक्षासम्बन्धी नीति ऐन तथा नियमावली कार्यान्वयन गर्न, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न र शैक्षिक व्यवस्थापन प्रभावकारी बनाउन सरोकारवाला पक्षहरूसँग योजना पहिचान तथा स्रोत सुनिश्चित गर्दै शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउन यो योजना सान्दर्भिक हुन्छ भन्ने विश्वास लिइएको छ।

लेटाङ नगरपालिका शिक्षा तथा सामाजिक विकास शाखाले नगरको शैक्षिक विकासका लागि योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा व्यवस्थापकीय भूमिका दक्षतापूर्वक गर्न प्रयास गरिरहेको छ। योजना निर्माणमा शाखाले व्यवस्थापन र प्राविधिक सहयोगीको काम गरेको छ। यसको लागि आवश्यक नेतृत्व, सूचना सङ्कलन, विश्लेषण गरी शिक्षाको गन्तव्यहरूलाई स्थानीयकरण गर्ने प्राविधिक कार्यमा मुख्य कामहरू शाखाले गरेको छ। स्थानीय स्तरमा गोष्ठी र अन्तरक्रिया सञ्चालनमा व्यवस्थापक, सहजीकरण र संयोजन गरि आवश्यकता तथा अवस्था पहिचान गर्न शाखाबाट कार्यसम्पादन गरिएको छ। योजना कार्यान्वयन गर्दा वार्षिक कार्यान्वयन योजना निर्माण र अनुगमन मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी पनि शिक्षा शाखाको रहेकोले शाखाले उक्त कार्य गर्नेछ। शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनमा समन्वय र व्यवस्थापनमा शाखा पूर्ण प्रतिवद्ध रहेको छ। योजना निर्माणलाई प्राथमिकतामा राखी यस कार्यमा नेतृत्व प्रदान गर्नुहुने नगर प्रमुख एवम् लेटाङ नगरपालिका, प्राविधिक सहयोग गर्नुहुने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कोशी प्रदेश सामाजिक विकास मन्त्रालय योजना महाशाखा (शिक्षा) र शिक्षा विकास तथा समन्वय इकाइ मोरङप्रति शाखाको तर्फबाट धन्यवाद व्यक्त गरिएको छ।

प्रस्तुत शिक्षा योजना निर्माण गर्न सहयोग गर्नुहुने नगर शिक्षा योजना मस्यौदा निर्माण समिति तथा मस्यौदा लेखन कार्यदलका सदस्यज्यूहरूलाई धन्यवाद व्यक्त गर्दै समयमा आवश्यक सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिकाका नेतृत्ववर्ग, प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुख एवम् कर्मचारीहरू, नगरका राजनीतीक दलका नेतृत्व वर्ग, नगर शिक्षा समिति, सामाजिक विकास समिति, विद्यालय व्यवस्थापन समिति, नेपाल शिक्षक महासङ्घ, लेटाङ प्यावसन, शिक्षकका पेसागत सङ्घ सङ्गठन, आम नागरिक, अभिभावक, विद्यार्थी, शिक्षाप्रेमी लगायत सबै महानुभावहरूप्रति आभार प्रकट गर्दै योजना कार्यान्वयनमा सबै पक्षबाट निरन्तर सहयोग र सुझावको अपेक्षा गरिएको छ।

शिक्षा तथा समाजिक विकास शाखा
लेटाङ नगरपालिका

# विषय सूची

तालिका सूची

कार्यकारी सारांश

योजनाको परिचय

परिच्छेद एकः परिचय ........ ७
१.१ वर्तमान अवस्था ........ ७
१.२ समस्या तथा चुनौतीको विश्लेषण ........ १२
परिच्छेद दुईः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य ........ १७
२.१ दूरदृष्टि ........ १७
२.२ लक्ष्य ........ १७
२.३ उद्देश्य ........ १८
२.४ रणनीति ........ १८
२.५ अपेक्षित उपलब्धि ........ २३
२.६ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण ........ २५
परिच्छेद तीनः शिक्षाका मुख्य उपक्षेत्रहरू ........ ३०
३.१ परिचय ........ ३०
३.२ प्रारम्भिक बालविकास र शिक्षा ........ ३०
३.३ आधारभूत शिक्षा ........ ३४
३.४ माध्यमिक शिक्षा ........ ३९
३.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ४३
३.६ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ ........ ४६
३.७ उच्च शिक्षा ........ ५०
परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ ५३
४.१ पृष्ठभूमिः ........ ५३
४.२ पाठ्यक्रम तथा मूल्याङ्कन ........ ५३
४.३ शिक्षक व्यवस्थापन र विकास ........ ५८
४.४ शैक्षिक समता र समावेशीकरण ........ ६५
४.५ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ६९
४.६ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ ७३
४.७ विद्यालय भौतिक पूर्वाधार विकास ........ ७७
४.८ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ८२
परिच्छेद पाँचः अन्य उपक्षेत्रहरू ........ ८६
५.१ छात्रवृत्ति ........ ८६

५.२ विद्यालय अनुगमन, सुपरिवेक्षण र निरीक्षण..........९०
परिच्छेद छः सुशासन तथा व्यवस्थापन..........९३
६.१ परिचय..........९३
६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास..........९३
६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध..........९७
परिच्छेद सातः लगानी र स्रोत व्यवस्थापन..........१०१
परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन..........१०७
अनुसूचीहरू..........१११
सन्दर्भ सामग्रीहरू

# तालिका सूची


तालिका १.१ लेटाङ नगरपालिकाको उमेरगत जनसङ्ख्या ९

तालिका १.२ लेटाङ नगरपालिकाको वडास्तरीय उमेरगत जनसङ्ख्या १०

तालिका २.१ मुख्य कार्य सम्पादन सूचक र लक्ष निर्धारण २५

तालिका ३.१ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ३३

तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ३७

तालिका ३.३ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ४२

तालिका ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ४५

तालिका ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू ४९

तालिका ३.६ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ५२

तालिका ४.१ पाठ्यक्रम तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ५७

तालिका ४.२ शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ६३

तालिका ४.३ शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ६८

तालिका ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ७२

तालिका ४.५ परिस्थितिजन्य शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ७६

तालिका ४.६ विद्यालय भौतिक पूर्वाधार विकासकाप्रमुख क्रियाकलापहरू तथा लक्ष्य ८०

तालिका ४.७ शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ८५

तालिका ५.१ छात्रावृत्तिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ८९

तालिका ५.२ विद्यालय अनुगमन, सुपरिवेक्षण र निरीक्षणका कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ९२

तालिका ६.१ सुशासन तथा संस्थागत सक्षमताका प्रमुख क्रियाकलाप र लक्ष्य ९६

तालिका ६.२ योजना कार्यान्वयनको प्रमुख क्रियाकलाप र लक्ष्य १००

तालिका ७.१ लगानी क्रियाकलाप गत रूपमा लागत अनुमान आन्तरिक स्रोततर्फ १०४

तालिका ७.२ लगानी क्रियाकलागपत रूपमा लागत अनुमान सङ्घीय सशर्ततर्फ १०५

तालिका ८.१ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्य ११०

# शब्दसङ्केत सूची

| **सङ्क्षेप रूप** | **साङ्केतिक अर्थ** |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| कि.मि. | किलो मिटर |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.पि.ए. | ग्रेड प्वाइन्ट एभ्रेज |
| नं. | नम्बर |
| नि.मा.वि | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बा.वि.शि. | बालविकास र शिक्षा |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | विक्रम सम्वत् |
| स.का. | सहयोगि कार्यकर्ता |
| शि.अ.सं. | शिक्षक अभिभावक सङ्घ |

# कार्यकारी सारांश

लेटाङ नगरपालिकाले "गुणस्तरीय, समतामूलक र प्रविधिमैत्री शिक्षा; सुसंस्कृत र समृद्ध नगरपालिका" भन्ने दूरदृष्टिलाई आत्मसात गर्दै स्थानीय शिक्षा योजना (२०७८/८२—२०९१/९२) तर्जुमा गरेको छ। नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकास लक्ष्य (SDGs), स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय तहको अधिकार क्षेत्रलाई आधार मानी यो योजना तयार गरिएको हो। स्थानीय जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, नागरिक समाज तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता, तथ्याङ्क विश्लेषण, अन्तरक्रिया, अध्ययन, मूल्याङ्कन तथा समस्या पहिचानका आधारमा योजनाको संरचना विकास गरिएको छ।

नगर शिक्षा योजनालाई समयानुकूल, परिणाममुखी तथा कार्यान्वयनयोग्य बनाउन २०८२ माघ महिनामा प्रथम अद्यावधिक गरिएको थियो। अद्यावधिक प्रक्रियामा Appraisal Tools अन्तर्गत कार्यसम्पादन मूल्याङ्कनका विविध साधनहरू प्रयोग गरिएको छ। यस क्रममा व्यापकता (Coverage), स्वामित्व (Ownership), पर्याप्तता र सान्दर्भिकता (Adequacy and Relevance), समावेशीकरण मूल्याङ्कन उपकरण (Inclusion Assessment Tool), गुणस्तर तथा सिकाइ मूल्याङ्कन (Quality and Learning Assessment), कक्षागत मूल्याङ्कन (Classroom Assessment), सुसंगतता (Coherence), संभाव्यता मूल्याङ्कन (Feasibility Assessment), GESE (Gender Equality and Social Equity) तथा लचिलोपन (Resilience) सम्बन्धी सूचकहरूको आधारमा योजनाको समीक्षा तथा परिमार्जन गरिएको छ।

लेटाङ नगरपालिकामा हाल ४७ विद्यालय सञ्चालनमा रहेका छन्, जहाँ करिब १०,१४० विद्यार्थी अध्ययनरत छन्। शिक्षाको पहुँच अधिकांश क्षेत्रमा सुनिश्चित भए तापनि शैक्षिक गुणस्तर, विषयगत शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि, प्रविधिको प्रभावकारी प्रयोग, भौतिक पूर्वाधार तथा विद्यालय व्यवस्थापनमा थप सुधारको आवश्यकता देखिएको छ। विद्यालय मर्ज तथा समायोजन, शिक्षक सरुवा व्यवस्थापन, विषयगत दक्षता विकास, मूल्याङ्कन प्रणाली सुदृढीकरण तथा सूचना प्रविधिको विस्तार प्रमुख चुनौतीका रूपमा रहेका छन्।

योजनाले सबै बालबालिकाका लागि गुणस्तरीय, समावेशी तथा समतामूलक शिक्षाको सुनिश्चितता, जीवनोपयोगी सीप र प्रविधिसँग जोडिएको सिकाइ, सक्षम शिक्षक व्यवस्थापन, सुरक्षित तथा आकर्षक विद्यालय वातावरण, संस्थागत सुशासन र उत्तरदायी शैक्षिक व्यवस्थापनलाई प्राथमिकता दिएको छ। साथै बाल विकास केन्द्रहरूको सुदृढीकरण, विद्यालय समायोजन, सूचना प्रविधि प्रयोग र विस्तार, विज्ञान प्रयोगशाला विकास, डिजिटल पूर्वाधार निर्माण, छात्रवृत्ति व्यवस्थापन, अभिभावक सहभागिता अभिवृद्धि तथा शिक्षकको निरन्तर पेशागत विकासलाई रणनीतिक प्राथमिकतामा राखिएको छ।

योजनाले बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा समावेशी विद्यालय वातावरण निर्माणलाई विशेष जोड दिएको छ। साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अन्तर्गत जलवायु परिवर्तन, मौसमजन्य जोखिम, बाढी, पहिरो, आगलागी तथा अन्य सम्भावित प्रकोपप्रति विद्यालयलाई उत्थानशील बनाउने नीति अवलम्बन गरिएको छ। हरित विद्यालय (Green School) अवधारणालाई योजनामा समावेश गरी वातावरण संरक्षण, ऊर्जा दक्षता, फोहोर व्यवस्थापन, वृक्षारोपण, जैविक विविधता संरक्षण तथा वातावरणमैत्री सिकाइ संस्कृतिको विकासमा जोड दिइएको छ।

स्थानीय शिक्षा योजना, नगरपालिकाको आवधिक विकास योजना, विद्यालय सुधार योजना, नमुना विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि र अन्य क्षेत्रगत योजनाबिच अन्तरसम्बन्ध कायम हुने गरी यो योजना तयार गरिएको छ। योजनाको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय तथा साझेदारीलाई थप सुदृढ बनाइनेछ। संघीय ससर्त अनुदानबाट प्राप्त हुने शिक्षक तलबभत्ता, दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, सेनिटरी प्याड तथा अन्य कार्यक्रमबाहेक आगामी दश वर्षमा अनुमानित रु. १७ करोड ९३ लाख ६४ हजार लगानी आवश्यक पर्ने प्रक्षेपण गरिएको छ। योजना कार्यान्वयनपछि सिकाइ उपलब्धि, टिकाउ दर, उत्तीर्ण दर, ICT प्रयोग, शिक्षक दक्षता तथा समतामूलक शैक्षिक पहुँचमा उल्लेखनीय सुधार भई विद्यालय शिक्षालाई स्थानीय सामाजिक, आर्थिक तथा सांस्कृतिक विकाससँग प्रत्यक्ष रूपमा जोड्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# योजनाको परिचय

## क) विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन्। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहको अधिकार र कार्यक्षेत्रमा पर्दछ। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक व्यवस्था कार्यन्वयन सबै स्थानीय सरकारहरूले सङ्घीय र प्रदेश सरकारका योजना र शिक्षाका विश्वव्यापी विकासलाई समेतलाई विश्लेषण गरी स्थानीय दायित्व र आवश्यकतालाई प्राथमिकताका साथ सम्बोधन गर्न स्थानीय शिक्षा योजना आवश्यक रहेको छ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक रहेको छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना

(School Education Sector Plan) कार्यान्वयनमा ल्याएको छ ।यस योजनाले राखेका लक्ष्य तथा उद्देश्यहरू समेतलाई ध्यानमा राखी यो शिक्षा योजना तयार गरिएको छ।

**ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य**

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न,

२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,

३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,

४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,

५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन।

**घ) शिक्षा योजना निर्माणका आधार**

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार लिइएको छ।

क) नेपालको संविधान
ख) सोह्रौं योजना २०८१/०८२- २०८५/२०८६
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन,२०७५ र नियमावली, २०७७
च) सङ्घ तथा प्रदेशको शिक्षा ऐन र नियमावलीहरू
छ) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) २०७९ – २०८८
ज) राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
झ) लेटाङ नगरपालिकाको आवधिक नगरविकास योजना २०८०/८१-२०८४/८५
ञ) विद्यालय शिक्षामा समता रणनीति, २०७७
ट) दिगो विकास लक्ष्य (सन् २०१६-२०३०)
ठ) वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
ड) स्थानीय तहको मध्यमकालीन खर्च संरचना
ढ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ण) विद्यालय सुधार योजनाहरू र विभिन्न प्रतिवेदनहरू

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहको आवधिक विकास योजना, क्षेत्रगत योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) र विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय

सञ्चालन तथा व्यवस्थापन कार्यविधिलाई कार्यान्वयन सहजीकरण गर्न र योजनाबिचको अन्तरसम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ। शिक्षा योजना निर्माण गर्दा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण, अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा सबलीकरण र गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नुपर्ने हुन्छ।

**ङ) शिक्षा योजना निर्माण प्रक्रिया**

नगर शिक्षा योजना तर्जुमा गर्दा निम्न प्रक्रिया अवलम्बन गरिएको छः

- स्थानीय तहमा गुणस्तरीय शिक्षाको व्यवस्था गर्न योजना आवश्यकता पहिचान गरेर प्रक्रिया प्रारम्भ,
- कार्यपालिकाबाट सामाजिक विकास समितिको संयोजकत्वमा योजना निर्माण समिति गठन,
- योजना निर्माण समितिको निर्णयानुसार शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्थानीय शिक्षा योजनाको मस्यौदा लेखन कार्यदलको व्यवस्था,
- कार्यदलका सदस्यहरूको क्षमता विकास तथा अभिमुखकीरण कार्यक्रम सञ्चालन,
- कार्यदलले माग आवश्यकता सङ्कलन गर्न वडास्तरमा सरोकारवालासँग अभिमुखीकरण गरी सङ्कलन,
- नगरपालिकाका प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट नगरपालिकास्तरमा सुझाव सङ्कलन,
- सङ्कलित सुझाव र प्रतिवेदनको आधारमा तथ्याङ्क तथा सूचना संकलन र व्यवस्थापन,
- नगरको योजना तथा अभिलेख अध्यायन र योजनाको ढाँचा तयार,
- प्राप्त तथ्याङ्कको अभिलेख अध्यायन र विश्लेषण गरी स्थानीयकरण हुने गरी शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयार,
- मस्यौदामाथि योजना निर्माण समितिमा दफाबार छलफल निर्णय,
- आधार सूचक विश्लेषण गरी तथ्याङ्क प्रक्षेपण र स्थानीयकरण गरी योजनाको दूरदृष्टि र लक्ष्यहरू तयार गरी मस्यौदा लेखन,
- योजनाको मस्यौदा सरोकारवालासँग छलफल गरी सुझाव सङ्कलन तथा सङ्कलित सुझाव समावेश गर्दै अन्तिम मस्यौदा निर्माण,
- विशेषज्ञ समूहबाट मस्यौदाको मूल्याङ्कन र परिमार्जित मस्यौदा निर्माण,
- नगर शिक्षा समितिको रायअनुसार अन्तिम मस्यौदा कार्यपालिकामा प्रस्तुत,
- नगर कार्यपालिकाबाट स्वीकृत र प्रकाशन।

## च) योजनाको लेखाजोखा

योजना निर्माण समिति र कार्यदलले तयार गरेको मस्यौदामा विज्ञहरूबाट निर्माण प्रक्रिया, प्राविधिक पक्ष र औचित्यता र आवश्यकताको आधारमा लेखाजोखा गराई प्राप्त सुझावहरू समावेश गरी निर्माणको अन्तिम रूप तयार गरिएको छ।

# परिच्छेद एकः परिचय

## १.१ वर्तमान अवस्था

### (क) नगरपालिकाको परिचय

मोरङको बिजयपुरमा बिजयनारायणपछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरेपछि यो भेग पाल्पाली सेनहरूको अधीनमा पर्न पुग्यो। तत्कालीन पाल्पाली सेन राज्य विभाजन हुँदा नारायणीपूर्वको मकवानपुर लोहांगसेनले पाएको हुनाले यो भेग पनि मकवानपुरभित्र पर्यो।यसैगरी हरिहरसेनका नाति विधाता इन्द्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्गै राज्य बनाएको हुँदा लेटाङ लगायतको स्थान विजयपुरको अभिन्न अङ्ग बन्न पुग्यो।सेनकालभन्दा अघि नै लेटाङको सीमाभन्दा केही पश्चिम उत्तरमा रहेको कसेनीमा धनपाल नामका एकजना रजौटाले शासन गर्दथे।यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्। जसलाई धनपालगढीका नामले चिनिन्छ। कालान्तरमा धनपाल रजौटाको पतन भयो।धनपालको राज्य बिजयपुरमा गाभियो भन्ने भनाइ रहेको छ।यता विजयपुर पनि स्थानीय रजौटाबाट सेनहरूको अधीनमा परेको देखिन्छ। वि.सं.१८३१ मा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेसँगै यो भूभाग पनि बृहत्तर नेपालमा गाभिएको हो भन्ने भनाइ रहेको छ।

वि.सं. २०१८ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेदेखि नै हालको लेटाङ नगरपालिकाले ओगटेको क्षेत्र मोरङ जिल्लाको उत्तरी भागका रुपमा रहन पुग्यो। वि. सं. २०७१ सालमा लेटाङ गा.वि.स. र भोगटेनी गा.वि.स. मिलाएर लेटाङ भोगटेनी नगरपालिका बनाइयो। नेपालको संविधान,२०७२ अनुसार सङ्घीय गणतन्त्र नेपालको राज्य पुनर्संरचना गर्दा स्थानीय तह पुनर्संरचना सुझाव आयोगको प्रतिवेदन,२०७३ अनुसार साविक लेटाङ भोगटेनी नगरपालिकाको १ नं. वडा बाहेक सबै वडा, जाँते गाउँ विकास समितिका १,२,५,६,७,८ र ९ वडाहरू र वारङ्गी गाउँ विकास समितिको सबै वडाहरूलाई मिलाएर वि.सं. २०७३/११/२७ मा लेटाङ नगरपालिका घोषणा भएको हो।

लेटाङ नगरपालिकामा पहाड, चुरे र तराईको समथर क्षेत्र छ।पहाडी क्षेत्रमा साविकको भोगटेनी र वारङ्गी गाउँविकास समितिको पूरै र जाँते गाउँविकास समितिको माथिल्लो पहाडी भाग पर्दछ। पहाडी भूभागमा छरिएर रहेको बस्ती, कृषि पेसामा आश्रित जनसङ्ख्याको बाहुल्यता, मिश्रित जातजातिको बसोबास रहेको छ।परम्परागत आर्थिक प्रणालीको प्रभावले गर्दा आर्थिक क्रियाकलाप प्राथमिक प्रकृतिको नै रहेको पाइन्छ।पहाडी क्षेत्रबाट बसाँइ सरी आउनेको सङ्ख्या उल्लेख्य रहेको यस क्षेत्रमा सामान्य अवलोकनबाट पनि गरिबी बढी देखिन्छ।चुरेको फेदी र तराई क्षेत्रमा पर्ने लोखरा, गुवाबारी, लामीटार, लेटाङ, बुधबारे, जाँते, कीर्तिमान, खेरूवा लगायत क्षेत्र समथर भूभाग हुन्। चिसाङ, तेली र मोरङ्गे यहाँका प्रमुख नदी खोला हुन् भने खेरूवा,भुवा, धोवी र तुर्के साना खोलाहरू हुन्।यहाँका खोला तथा नदीमा हिउँदमा पानीको सतह नगन्य हुन्छ भने वर्षामा यिनै खोला ठूलो भई बाढीको जोखिममा पार्ने गरेका छन्।यिनै जलस्रोतबाट लेटाङको कृषियोग्य जमिन सिँचाइ हुने गरेको छ।धान, मकै, गहुँ,

तोरी, सिमी, गोलभेडा, आलु यस क्षेत्रका प्रमुख बाली हुन्। अलैंची, कुचो, सुपारी र निगुरो आदि यस क्षेत्रबाट निर्यात हुने वस्तुहरू हुन्। कृषि समूह र कृषकहरू आधुनिकतातर्फ अग्रसर भैरहेका छन्।

नगरको विभिन्न क्षेत्रमा साप्ताहिक हाटबजारहरू व्यापार व्यवसाय गर्न धेरै अगाडिदेखि प्रचलनमा रहेको छ। लेटाङको पहाडी र ग्रामीण क्षेत्रमा भौतिक विकासका पूर्वाधार र सामाजिक विकासका पूर्वाधार तुलनात्मक रूपमा कमजोर रहेको छन्। पहाडी क्षेत्रमा खानेपानी तथा सरसफाइको कमजोर प्रबन्ध, ऊर्जाको परम्परागत स्रोतको उपयोग, बिपद्बाट बढी प्रभावित हुने आदि कारणले जीवनस्तर कठिन रहेको छ। स्वास्थ्यचौकी र सामुदायिक विद्यालयको स्थापना पर्याप्त भए तापनि सेवा प्रवाह गुणात्मक रूपमा कमजोर रहेको सूचकले देखाउँछ। छरिएर रहेको बस्तीबाट विद्यालय र स्वास्थ्यचौकी पुग्न घण्टौसम्म हिँड्नुपर्ने, सडक पूर्वाधार भरपर्दो नहुँदा सार्वजनिक यातायात नहुनु, स्वास्थ्यचौकीमा पर्याप्त जनशक्तिको अभाव रहनु, विद्यालयका कक्षाकोठा र शिक्षक पर्याप्त नहुनु जस्ता कारणले विकासमा थप चुनौती रहेको छ। चुरे फेदी र तराई क्षेत्रमा पूर्वाधार विकासको गति बढेको छ। वर्षेनी हुने बिपद्को कारण बर्षेनी ठूलो क्षतिको सामना गर्नुपर्दा यस क्षेत्रको विकासमा विपद् प्रमुख चुनौती भएको छ। लेटाङको वन क्षेत्रको उत्पादन, चिसाङ, तेली र मोरङ्गे नदी क्षेत्रको दहत्तरबहत्तर लेटाङको आन्तरिक आयको प्रमुख स्रोतका रूपमा रहेको छन्। हरेक वर्ष विद्यालय नियमित सञ्चालन भइरहँदा जाडो, वर्षा र गर्मीका कारण विदा दिनुपर्ने अवस्था अझै पनि रहेकाले शिक्षा क्षेत्रमा थप लगानी गरी विपद् उत्थानशीलता विकास गर्न नगरको विद्यालय विकासका विभिन्न क्षेत्रमा लगानी र समुचित प्रयोग हुने प्रणालीको आवश्यकता रहेको छ। ९ वटा वडा रहेको नगरको पूर्वतर्फः मिक्लाजुङ गाउँपालिका मोरङ, पश्चिमतर्फः केराबारी गाउँपालिका र बेलबारी नगरपालिका, उत्तरतर्फः धनकुटा जिल्लाको चौबिसे गाउँपालिका धनकुटा र पाँचथर जिल्लाको मिक्लाजुङ गाउँपालिका पाँचथर, दक्षिणतर्फः कानेपोखरी गाउँपालिका,पथरीशनिश्चरे नगरपालिका, बेलबारी नगरपालिका र उर्लाबारी नगरपालिका मोरङ रहेका छन्।

**(ख) भौगोलिक अवस्थितिको विश्लेषणः**

लेटाङ नगरपालिका २६° २०' देखि २६° ५३' उत्तरी अक्षांश र ८७° १६' देखि ८७° ४१' पूर्वी देशान्तरमा अवस्थित रहेको छ। नगरको क्षेत्रफलः २१९.२३ वर्ग कि.मि. रहेको छ। मोरङ जिल्लाको उत्तरी भागमा धनकुटा जिल्लाको चौबीसे र पाँचथर जिल्लाको मिक्लाजुङ गाउँपालिकासँग, पूर्वमा मोरङको मिक्लाजुङ गाउँपालिका र पश्चिममा मोरङ जिल्लाकै केराबारी गाउपालिका र बेलबारी नगरपालिका दक्षिणतर्फ मोरङकै कानेपोखरी गाउँपालिका र पथरी शनिश्चरे नगरपालिकासँग सिमाना जोडिएको छ। लेटाङ नगरपालिकाको केन्द्र लेटाङ बजार हो। मोरङ जिल्लाको सदरमुकाम विराटनगरदेखि पूर्व उत्तरतर्फ लगभग ४९ किलोमिटरको दूरीमा पर्दछ। लेटाङ नगरपालिका नक्सामा

हेर्दा उत्तरदक्षिण लाम्चो रहेको छ। उचाइः २७६ मि. देखि २४१० मि. सम्म उचाइका भूभाग पर्दछन्।

## जनसाङ्ख्यिक संरचनाको विश्लेषण

नेपालको कूल जनसङ्ख्याको २,९१,६४,५७८ जसमा पुरुष ४८.९ % भने महिला ५१.१ % रहेको छ। यसैगरी लेटाङ नगरपालिकाको कुल ३८,१५२ सङ्ख्यामध्ये पुरुष ४७.३ % र महिला ५२.७% रहेको छ। उमेरगत जनसङ्ख्या तालिका निम्नानुसार रहेको छ।

*तालिका १.१ लेटाङ नगरपालिकाको उमेरगत जनसङ्ख्या*

| क्र.सं. | उमेर समूह | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ९५ माथि | ६ | १३ | १९ |
| २ | ९०-९४ | १६ | ३४ | ५० |
| ३ | ८५-८९ | ७३ | ८३ | १५६ |
| ४ | ८०-८४ | ११५ | १४५ | २६० |
| ५ | ७५-७९ | २५४ | २७५ | ५२९ |
| ६ | ७०-७४ | ३९४ | ४५५ | ८४९ |
| ७ | ६५-६९ | ४९७ | ५०५ | १००२ |
| ८ | ६०-६४ | ६९२ | ७४५ | १४३७ |
| ९ | ५५-५९ | ८२५ | ८५३ | १६७८ |
| १० | ५०-५४ | ९७५ | ११९९ | २१७४ |
| ११ | ४५-४९ | ९५५ | १०६२ | २०१७ |
| १२ | ४०-४४ | १०७१ | १३०७ | २३७८ |
| १३ | ३५-३९ | १२३७ | १५६६ | २८०३ |
| १४ | ३०-३४ | १२९५ | १६४८ | २९४३ |
| १५ | २५-२९ | १३५५ | १८७२ | ३२२७ |
| १६ | २०-२४ | १५२९ | १८७५ | ३४०४ |
| १७ | १५-१९ | १८४७ | १८२१ | ३६६८ |
| १८ | १०-१४ | १७१६ | १६३७ | ३३५३ |
| १९ | ०५-०९ | १८०४ | १६४६ | ३४५० |
| २० | ००-०४ | १३८२ | १३७३ | २७५५ |
| जम्मा | | १८०३८ | २०११४ | ३८१५२ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८*

वडागत जनसङ्ख्या

*तालिका १.२ लेटाङ नगरपालिकाको वडास्तरीय उमेरगत जनसङ्ख्या*

| क्र.सं. | वडा नं. | पुरुष | महिला |
|---|---|---|---|
| १ | १ | १७६४ | १९५८ |
| २ | २ | २४७७ | २७२५ |
| ३ | ३ | २६३३ | २९८२ |
| ४ | ४ | १३०८ | १५३८ |
| ५ | ५ | २६३७ | ३०२४ |
| ६ | ६ | १६६२ | १९१३ |
| ७ | ७ | १६१० | १५५४ |
| ८ | ८ | १८२४ | १९८९ |
| ९ | ९ | २१२३ | २४३१ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८*

**(ग) आर्थिक अवस्थाको विश्लेषण**

लेटाङ नगरपालिकाको मुख्य आर्थिक क्रियाकलाप कृषि रहेको छ। उद्योग क्षेत्र सिमित सङ्ख्यामा रहेको छ। व्यापार र सेवा क्षेत्र परम्परागत प्रकृतिमा सञ्चालन भइरहेको छ। नगरको मुख्य बजारहरू लेटाङ, जाँते र बुधबारे क्षेत्रहरूमा परम्परागतदेखि आधुनिक व्यापार व्यवसाय सञ्चालनमा छ। साप्ताहिक हाटबजारदेखि आधुनिक व्यापारिक पसल तथा मलहरू समेत खुल्ने क्रम रहेको छ। कृषि कार्य अन्तरगत खाद्यान्नबालीमा धान, गहुँ, मकै, कोदो, फापर जस्ता बालीको खेती हुने गरेको छ। नगदेबाली अन्तरगत तोरी, सुपारी, दालचिनी, विभिन्न तरकारी, अदुवा, अम्लिसो जस्ता नगदेबालीको खेती गरी निर्यात समेत हुन्छ। नगरको तराई क्षेत्रको बनमा पाइने निगुरो, जडीबुट्टी, विभिन्न प्रकारका काठ दाउरालाई आय आर्जनको रूपमा उपयोग गरिएको छ। सहकारी क्षेत्रमा कृषि सहकारी र वचत तथा ऋण सहकारी संस्थाहरूको सङ्ख्या उल्लेख्य छन्। सहकारी क्षेत्रले स्थानीय स्तरमा रोजगारी सिर्जनाका साथै ग्रामीण क्षेत्रमा हुने साना बचत तथा ऋण परिचालन गरी आर्थिक विकासमा योगदान गर्दै आएको छ। निजी क्षेत्रको विकासको क्रम रहेको छ। साना र केही ठूला उद्योगको स्थापना र सञ्चालन भए तापनि प्रतिस्पर्धा र उत्पादनमा ठूलो योगदान दिने अवस्थाका उद्योगहरू विकास भैसकेका छैनन्। रोजगारीको अभाव र कमजोर कृषि उत्पादनको कारण मानिसहरूको आय र बचत न्यून भएकाले गरिव घरपरिवारको सङ्ख्या घट्न सकेको छैन।

अधिकांश मानिसहरू कृषि पेसामा आवद्ध रहेका छन्। बैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्सले ग्रामीण क्षेत्रका मानिसहरूको जीवीकोपार्जनमा सहयोग पुगेको छ। तर यसरी प्राप्त आयलाई बालिकाको शिक्षा, स्वाश्थ्य र अन्य उपभोगमा खर्च भएकोले न्यून बचत र लगानीयोग्य बचत अभाव लेटाङको आर्थिक विकासको समस्या हो। यस प्रवृत्तिले तत्काल आर्थिक अवस्था राम्रो देखिए तापनि दिगो बचत र लगानी अभावमा आर्थिक क्रियाकालाप विकासमा निजी क्षेत्रको लगानी बढ्न सकेको छैन। कृषियोग्य जमिनमा बस्ती र सहर विकासको क्रम बढ्दो रहेको छ। नगरपालिकाले कृषकको सुविधा र कृषि उत्पादन वृद्धि गर्न आवधिक योजनामा प्राथमिकता दिएको छ। प्रविधिमा साझेदारी गर्ने गरी अनुदानको व्यवस्था गरिएको छ। नगरबाट कृषिसँग जोडिएको नहर कुलो, पैनी र सिंचाइका क्षेत्रमा समुदाय स्तरको समेत सहभागितामा लगानी गर्दै आएको छ। सुपारी, धान र गोलभेडाका पकेट क्षेत्रहरू सञ्चालनमा रहेका छन्। पशुपालनमा बाख्रा, गाई र भैंसीको पालन गर्ने साना किसानहरूले आर्थिक विकासमा पर्याप्त योगदान दिएका छन्। परम्परागत रूपमा गरिने कृषि र पशुपालन तथा यसको उचित बजारीकरण र प्रविधिको विकासको कमीले कृषकलाई व्यवसायीकरण गर्न र बढी लाभ लिन समस्या छ।
निर्माण क्षेत्र र सरकारी क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको कमजोर उपलव्धताले गर्दा जनशक्ति आपूर्तिमा असन्तुलन रहेको छ। रोजगारीको अवसर वृद्धि गर्नुका साथै सिप र जनशक्तिको विकासमा योजनासँगै मर्यादित श्रमको क्षेत्रको विकास आवश्यक रहेको छ।

**(घ) शैक्षिक अवस्थाको विश्लेषण**

लेटाङ नगरपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ४७ ओटा विद्यालयहरू रहेंका छन्। जनसङ्ख्याका आधारमा विद्यालय सङ्ख्या बढी देखिएको भए तापनि भौगोलिक अवस्थितिले छरिएर रहेको बस्तीमा विद्यालय सञ्चालन गर्नुपर्ने आवश्यकता र शहरी क्षेत्रमा खुलेका संस्थागत विद्यालय सङ्ख्याले गर्दा बढी देखिएको छ। बालविकास तथा शिक्षा कक्षाहरूमा १४२५ जना, कक्षा १-५ मा ३९२५ जना, कक्षा ६-८ मा २१४६ जना, कक्षा ९-१० मा १३०२ र कक्षा ११-१२ मा ८६३ जना गरी जम्मा कुल १०१४० विद्यार्थी रहेका छन्, (*तथ्याङ्क सत्यापन प्रतिवेदन २०८०*) प्रारम्भिक बालविकास तथा शिक्षाका लागि विद्यालय र सामुदायिक केन्द्र जम्मा ६२ वटा, कक्षा १-३ सञ्चालन गर्ने ४ विद्यालय, कक्षा १-५ सञ्चालन गर्ने १७ विद्यालय, १-८ सञ्चालन गर्ने ६ विद्यालय, कक्षा १-१० सञ्चालन गर्ने १२ विद्यालय र ११-१२ सञ्चालन गर्ने ८ विद्यालय रहेका छन्। धार्मिक प्रकृतिको १ विद्यालय र प्राविधिक धार एउटा विद्यालयमा रहेको छ। उच्च शिक्षा सञ्चालन गर्ने एउटा सामुदायिक क्याम्पस रहेको छ(*शिक्षा शाखाको अभिलेख २०८०*)

पूर्वप्राथमिक तहमा ४० वटा अनुदान प्राप्त गर्ने दरबन्दी रहेका छन्। प्राथमिक तहमा जम्मा कायम भएको र सोही तहको तलब भत्ता भुक्तानी हुने माथिल्लो तहमा समायोजन भएका शिक्षक दरबन्दी १२१ रहेका छन्। यसमध्ये प्राथमिक तहमा दरबन्दी बढी भएकाले दरबन्दी मिलान तथा व्यवस्थापन

गर्दा प्रथमिक तहमा ७५ स्वीकृत र १७ राहत गरी जम्मा ९२ कायम भएको छ। निम्न माध्यमिक तहमा १२ स्वीकृत र ५ राहत गरी जम्मा १७ समायोजन व्यवस्थापन भएको छ भने माध्यमिक तहमा १० स्वीकृत र २ राहत गरी जम्मा १२ समायोजन भएको छ। निम्नमाध्यमिक तहमा स्वीकृत दरबन्दी २५ र राहत दरबन्दी १२ गरी जम्मा ३७, (प्राथमिक तहबाट समायोजन, १७) माध्यमिक तहमा स्वीकृत दरबन्दी १३ र राहत दरबन्दी १२ गरी जम्मा २५ (प्राथमिक तहबाट समायोजन, १२) उमाशि राहत र दरबन्दी गरी जम्मा ८ दरबन्दी रहेको छ। माध्यमिक तहमा अङ्ग्रेजी, गणित र विज्ञान शिक्षक अनुदान १२ र आधारभूत तहमा २ वटा रहेका छन्। प्राविधिक धारतर्फ मुख्य प्रशिक्षक, शिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षक गरी जम्मा ८ (आठ) दरबन्दी रहेको छ। (*शिक्षा शाखाको अभिलेख २०८०*)

संवैधानिक व्यवस्थाअनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक व्यवस्थापन गर्ने योजनाबद्ध प्रयासहरू गर्दै आएको छ। शिक्षा व्यवस्थापनमा सहजता ल्याउनका लागि शिक्षा ऐन, नियमावलीको अलावा शैक्षिक व्यवस्थापन कार्यविधि २०७५ लागु गरिएको छ। नगर शिक्षा समिति र आवश्यक समितिहरू क्रियाशील रहेको छ। कानुनअनुसार विद्यालयमा व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ गठन भई क्रियाशील रहेको छ। स्थानीय शिक्षक महासङ्घ र प्याबसनको क्रियाशीलता रहेको छ। सरोकारवालाको सुझाव र प्रधानाध्यापकहरू समेतको सहभागितामा शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरिन्छ। शिक्षालाई सूचना प्रविधिमैत्री बनाउन विभिन्न तहको सरकार र सार्वजनिक सस्थानको सहयोगमा सूचना प्रविधि ल्याव स्थापना कक्षाकोठामा आवश्यक उपकरणको व्यवस्था गर्ने कार्यहरू भएका छन्। विज्ञान प्रयोगशाला र पुस्ताकलयको व्यवस्थापन गरिएको छ। स्वच्छ शैक्षिक प्रतिस्पर्धाको वातावरणमा गुणात्मक शिक्षाको व्यवस्थापन गर्ने सबैको प्रतिवद्धता रहेको छ। अङ्ग्रेजी माध्यमको शिक्षाप्रतिको आकर्षण बढ्दो छ। सार्वजनिक विद्यालयहरूमा समेत अङ्ग्रेजी माध्यमको शिक्षा सञ्चालन गर्दा सकारात्मक सुधार देखिएको छ। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयन गर्न चुनौतीपूर्ण छ। विद्यालय मर्ज गर्ने र शिक्षक व्यवस्थापन तथा सरूवाको व्यवस्थापनहरू समयमा कार्यान्वयन गर्न नसक्दा विद्यार्थी भएको स्थानमा शिक्षक पुऱ्याउन कठिन भइरहेको छ। नगरभित्र विद्यालय शिक्षाको गुणस्तर सुधार प्रमुख चुनौती रहेको छ।

## १. २ समस्या तथा चुनौतीको विश्लेषण

### क) समस्या विश्लेषण

नगरपालिकाको विद्यालय शिक्षाको पहुँचका लागि गरिएका प्रबन्धहरूबाट आधारभूत तहसम्मको शिक्षा पहुँच योग्य देखिन्छ। पहाडी भेगमा छरिएर रहेको बस्ती र कम जनसङ्ख्याका कारणले बढीमा ४५ मिनेटसम्ममा आधारभूत शिक्षाको पहुँच छ। सबै वडा र भौगोलिक क्षेत्रमा सामुदायिक विद्यालय स्थापना भएका छन्। पहाडी भेगका केही अपवादबाहेक बालबालिकाहरू ४५ मिनेटसम्ममा आधारभूत शिक्षा प्राप्त गर्ने विद्यालय पुग्न सक्छन्। समुदाय रहेको स्थानको भौगोलिक, सामाजिक कठिनाइ र गरिबी तथा

पछौटेपन, विद्यालयको अपर्याप्त र असान्दर्भिक पुराना भौतिक पूर्वाधार र परम्परागत शैक्षिक क्रियाकलाप, बालमैत्री वातावरणको अभावले सुलभ पहुँचमा समस्या, कक्षामा विद्यार्थीको नियमित उपस्थिति, उत्तीर्ण प्रतिशत र सिकाइ उपलब्धि न्यून छ।

बाल विकास केन्द्रहरूको स्थापना विद्यालय केन्द्रित गर्दा ४ वर्षका बालबालिकालाई पहुँचमा समस्या भएकाले केही समुदाय स्तरमा स्थापना गरी सञ्चालन गरिएको छ। बालविकास केन्द्रहरूको न्यूनतम मापदण्ड पूरा गर्न लगानी अभाव रहेको छ। आधारभूत तहको कक्षा १-३ र १-५ का विद्यालयहरूमा विद्यार्थी सङ्ख्या न्यून हुँदै गएको र शिक्षक दरबन्दी कटौती भएका कारण गुणस्तर सुधार गर्न थप कठिनाइ भएको छ। आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह ९-१० का विद्यालयहरू सङ्ख्यात्मक रूपमा पर्याप्त भए तापनि भौगोलिक बनावटले गर्दा सहज पहुँचमा समस्या रहेको छ। विषयगत दरबन्दी र भएका दरबन्दीमा शिक्षक आपूर्ति गर्न र टिकाउन नसक्दा तोकिएको मापदण्डअनुसार पठनपाठन गर्न चुनौती रहेको कारण गुणस्तर थप सुधार गर्नुपर्ने देखिन्छ। सूचना प्रविधिको विकासको गतिअनुसार प्रयोग गर्न पूर्वाधार र जनशक्तिको अभाव रहेकाले शिक्षणमा उपयोग गर्न थप लगानी गर्नुपर्ने छ। शिक्षक व्यवस्थापनमा नियुक्ति, तालिम, सरूवा,बढुवा र सेवा सुवधिका विषयमा पुरानो कानुनको प्रबन्धले योग्य र प्रतिस्पर्धी जनशक्ति आकर्षित हुन सकिरहेका छैनन्। भएका जनशक्ति पनि दुर्गम क्षेत्रका कारण टिकाउन नसक्दा नगरमा हुने शिक्षक अभावले पनि शैक्षिक गुणस्तर प्रभावित भएको छ। प्रविधिको प्रयोग गर्ने क्षमता भएका जनशक्ति र प्राविधिक सिपको विकास गर्न विद्यालय र शिक्षालयहरूको क्षमता सुधार गरी स्तरीय बनाउन आवश्यक छ। प्राविधिक र व्यावसायिक क्षेत्रमा कृषि, पशु, विद्युतीय सामग्री, वन विज्ञान र अन्य क्षेत्रको प्राविधिक सिप भएको जनशक्ति तयार गर्न औपचारिक र अनौपचारिक शिक्षाको विस्तार आवश्यक छ।

पाठ्यक्रमाले तोकेका क्रियाकलापहरू कक्षामा सञ्चालन गर्न शिक्षकलाई अभिमुखीकरण र प्राविधिक सहयोगको अभाव छ। मूल्याङ्कन मापदण्ड कार्यान्वयन सही ढङ्गबाट गर्न नसक्दा विद्यार्थी परीक्षाको समयमा मात्र पढ्ने र जसरी पनि पास हुनुपर्ने अभ्यासमा रहेका छन्। नगरपालिकाबाट भएका सुधारका क्रियाकलाप पर्याप्त छैनन्। प्राथमिक तहका कक्षाहरूको सिकाइ उपलब्धि राम्रो देखिए तापनि सक्षमता र व्यावहारिक पक्ष सुधार गर्नुपर्ने देखिन्छ। कक्षा ८, १० र १२ को अन्तिम परीक्षामा सबै विद्यार्थीले न्यूनतम १.६ जीपीए हासिल गर्न नसक्दा नगरको शैक्षिक अवस्था कमजोर देखिन्छ। त्यसमा पनि सामुदायिक विद्यालयको नतिजा धेरै सुधार गर्नुपर्ने छ।

न्यूनतम जीपीए प्राप्त गर्ने विद्यार्थीको विषयगत र क्षेत्रगत सिकाइ उपलब्धि अधिकांश ५० प्रतिशत भन्दा कम रहेको छ। सिकाइ उपलब्धि सुधार गर्न शैक्षिक क्रियाकलापमा विविधता ल्याई सुधार गर्न विद्यालयको भौतिक पूर्वाधार, आवश्यक मात्रामा दरबन्दी र विषयगत दरबन्दीमा दक्ष शिक्षकको पदपूर्ति,विज्ञान प्रयोगशाला, सूचना प्रविधिको पूर्वाधार, सिकाइ सामग्रीहरूको प्रबन्ध र सही सदुपयोग गरी

सिकाइमा सुधार गर्नु आवश्यक छ। शिक्षकलाई पेसागत विकास तालिम, शिक्षकलाई साधनस्रोतयुक्त बनाउन, पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग तालिम, मूल्याङ्कन प्रणालीको उपयुक्त प्रयोग, समावेशी विद्यालय बनाउन आवश्यक पूर्वाधार विकास, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न तीनै तहको सरकारले लगानी बढाउनु आवश्यक छ।

विद्यालय र बालविकास केन्द्रका न्यूनतम मापदण्डहरू पूरा गर्न निरन्तर सिकाइ सुधार गर्न उत्तीर्ण प्रतिशत वा न्यूनतम जिपीए प्राप्त गर्ने विद्यार्थी प्रतिशत र सिकाइ उपलव्धि राष्ट्रियस्तरमा पुर्‍याई प्रतिश्पपर्धी जनशक्ति विकास गरी सुधार गर्न नगरमा निम्न समस्याहरू छन्:

**प्रमुख समस्याहरू**

सिकाइ उपलब्धि र शैक्षिक गुणस्तर

**अन्य समस्याहरू**

१. सर्वसुलभ पहुँच,
२. कानुनी, नीतिगत  र संरचनागत व्यवस्था,
३. शिक्षामा समावेशीकरण र समता,
४. विद्यालय शिक्षाको संस्थागत सुशासन र व्यवस्थापन,
५. निःशुल्क तथा अनिवार्य आधारभूत र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन।

**समस्याका कारणहरू**

१. भौगोलिक विषमता, न्यून आय र बचत तथा कमजोर आर्थिक अवस्था,
२. अपर्याप्त शिक्षक दरबन्दी  र दक्ष विषय शिक्षकको नियमित आपूर्ति,
३. शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन सान्दर्भिक शिक्षक तालिम सामग्री अभाव,
४. अपर्याप्त आधुनिक पूर्वाधार,
५. स्रोत सुनिश्चित नभएको नीतिगत र कानुनी व्यवस्था,
६. अनिवार्य र निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि स्रोतको कमी,
७. शिक्षक व्यवस्थापन र पेसागत विकास प्रणालीमा योग्य शिक्षक आकर्षित हुने प्रणाली विकास र अभ्यास नहुनु,
८. सूचना प्रविधिको पर्याप्त पूर्वाधार र सिकाइमा उपयोगको कमी,
९. विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासनमा पारदर्शिता, जवाफदेहिताको कमी,
१०. अन्तर तह र क्षेत्रको प्रभावकारी सहकार्य नहुनु,
११. शिक्षामा पर्याप्त र आवश्यक लगानी हुन नसक्नु,
१२. विद्यार्थीको सिकाइ सक्षमता र श्रम बजारको अवस्था नमिल्नु,
१३. समुदायमा भएको विज्ञता र अनुभवको उपयोग हुन नसक्नु,
१४. लैङ्गिक, जातीय, अपाङ्गता क्षेत्रमा रहेको असमानता।

## ख) शिक्षा क्षेत्रका समस्या र चुनौतीको विश्लेषण

**सवल पक्षः**

१. शिक्षालाई संविधानमा मौलिक हकको रूपमा समावेश,
२. सङ्घ, प्रदेश र स्थानीय सरकारको शिक्षासम्बन्धी कार्य गर्ने संस्थागत संयन्त्र,
३. तीनै तहमा विद्यालय स्थापना, सञ्चालन, नियमन र विकासका लागि कानुनी र संस्थागत व्यवस्था,
४. नगरपालिकामा आवश्यक सङ्ख्यमा शैक्षिक संस्थाहरू खुलेको,
५. प्रदेशस्तरमा शिक्षक तालिम केन्द्रको व्यवस्था,
६. सङ्घीय सरकारबाट शिक्षक र विद्यालय कर्मचारीको व्यवस्था,
७. विद्यालय शिक्षामा तीनै तहको सरकारले लगानी गर्न सक्ने कानुनी व्यवस्था।

**कमजोर पक्ष**

१. विकट भौगोलिक क्षेत्र र लक्षित वर्गको आधारभूत र माध्यमिक शिक्षामा सहज पहुँचमा कठिनाइ,
२. विद्यालय शिक्षाको समतामूलक प्रबन्धहरू अपर्याप्त,
३. पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयनका लागि क्षमता विकास तालिम अभाव,
४. मूल्याङ्कन प्रणालीको कमजोर कार्यान्वयन,
५. विद्यालय शिक्षाको आवश्यकता पूरा गर्न सरकारको लगानी अपर्याप्त,
६. कमजोर संस्थागत प्रणाली र परिचालन,
७. विद्यालयमा सूचना प्रविधिको पूर्वाधार विकास र सिकाइमा न्यून उपयोग,
८. शिक्षामा न्यून अभिभावकीय सहयोग वा लगानी,
९. पठन पाठनमा विविधता ल्याउन तालिम र क्षमता विकासको कमी,
१०. शिक्षक सहायता, सुपरिवेक्षण र अनुगमन प्रणालीसम्बन्धी स्थानीय संस्थागत सक्षमता,
११. समाजमा रहेको गरिबी, विभेद र असमानता,
१२. दुर्गम क्षेत्र र न्यून आय भएका अभिभवकलाई सम्बोधन गर्न अपर्याप्त क्रियाकलाप।

**आन्तरिक चुनौतीहरू**

१. सबै बालबालिकाको विद्यालयमा सहज पहुँच, भर्ना र नियमितताको प्रबन्ध गर्नु,
२. विद्यालयमा सूचना प्रविधिको पर्याप्त आधुनिक पूर्वाधार र आन्तरिक सक्षमता सुधार गर्नु,
३. उपयुक्त र पर्याप्त सिकाई सामग्री, कक्षाकोठा र विषयगत शिक्षकको व्यवस्था गर्नु,
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नु,
५. आन्तरिक तथा बाह्य स्रोत र शिक्षामा लगानी वृद्धि गर्नु,

६. विद्यालय प्रशासन र शैक्षिक प्रशासनमा जवाफदेहिता, पारदर्शिता र सुशासन कायम गर्नु,
७. शिक्षकको सक्षमता विकास गर्नु,
८. गरिब, पिछडिएको क्षेत्र, बालिका तथा लक्षितवर्गका लागि पर्याप्त मात्रामा छात्रवृत्ति तथा सहुलियतहरूको व्यवस्था र उपयुक्त परिचालन गर्नु,
९. समाजका असामाजिक प्रथा प्रचलनको अन्त्य गरी मर्यादित समाज विकास गर्नु।

**वाह्य चुनौतीहरू**

१. जलवायु परिवर्तन र महामारी तथा विभिन्न कारणबाट सिर्जित विपद्जन्य घटनाहरूको प्रभाव कम गर्नु,
२. न्यून आर्थिक वृद्धि र बजारमा सङ्कुचनले लगानीमा पर्ने असर,
३. कानुनी र नीतिगत व्यवस्था समयमा नहुँदा पर्ने असर,
४. सूचना प्रविधिमा आउने तीव्र परिवर्तन र यसको सदुपयोग।

# परिच्छेद दुईः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ दूरदृष्टि

**"गुणस्तरीय, समतामूलक र प्रविधिमैत्री शिक्षा; सुसंस्कृत र समृद्ध नगरपालिका"**

गुणस्तरीय शिक्षामार्फत सुसंस्कृत र समृद्ध नगर निर्माण गर्ने परिकल्पना गरिएको छ। जहाँ प्रविधिसहितको समतामूलक गुणस्तरीय शिक्षा सबैका लागि सहज रूपमा उपलब्ध गर्ने प्रबन्ध गरिने छ। शिक्षालाई सामाजिक समावेशीकरण, आर्थिक उन्नति र सांस्कृतिक विकासको आधार बनाउनु रहेको छ।

१. गुणस्तरीय, समतामूलक र प्रविधिमैत्री शिक्षाः नगरपालिकामा सूचना प्रविधिको उच्चतम प्रयोग गरी सबै वर्ग र क्षेत्रका विद्यार्थीहरूलाई समान र गुणस्तरीय शिक्षा प्रदान गर्न प्रतिबद्ध रहने छ। यसका लागि लक्षित वर्गका लागि छात्रवृत्तिलगायत वशेष सहायताको व्यवस्था गरी परिचालन गरिएको हुने छ। डिजिटल पूर्वाधार विकास, अनलाइन सिकाइ तथा शिक्षाका अवसरहरू सिर्जना र प्रविधिको माध्यमबाट शिक्षणलाई थप प्रभावकारी र पहुँचयोग्य बनाउन कार्यक्रमहरू सञ्चालन भएको हुनेछ। कृषि, पर्यटन  र अन्य आर्थिक क्षेत्रको प्रविधि र ज्ञान सिपको उपयोग गर्ने अवसरहरू समेत विस्तार भएको हुनेछ।

२. सुसंस्कृत नगरपालिकाः नगरपालिकामा शिक्षाको माध्यमबाट बालबालिका तथा नागरिकहरूलाई सामाजिक मूल्यमान्यता, नैतिकता र आफ्नो सांस्कृतिक पहिचानप्रति सम्मान र गर्व भाव जगाउँदै आफ्नो संस्कृति र परम्पराको जगेर्ना गरी सामाजिक सद्भाव र अन्तरधार्मिक सहिष्णुतासमेत कायम राख्ने देशको विकास र सम्मान गर्न सक्षम नागरिक विकास हुनेछन्।

३. समृद्ध नगरः गुणस्तरीय शिक्षाले नगरमा दक्ष र उद्यमशील जनशक्ति विकास गर्ने साथै यस्ता जनशक्तिले आय आर्जन र वचत वृद्धि गर्नेछन्। विद्यालय शिक्षादेखि नै व्यवसायको परिचय गराउँदै सिप  विकास, उद्यमशीलता, नवप्रवर्तन, अध्ययन र अभ्यास गरी युवाहरू स्वदेश र विदेशमा रोजगारीका अवसरहरू र उच्च पारिश्रमिक प्राप्त गरी नगरको आर्थिक समृद्धिमा योगदान दिन सक्ने नागरिक विकास हुनेछन्।

सङ्क्षेपमा उल्लिखित दूरदृष्टिको उद्देश्य प्रविधिको विकास र प्रयोगबाट सबैलाई शिक्षामा पहुँच, समान अवसरको व्यवस्था गर्दै गुणस्तरीय शिक्षा प्रदान गरी सुसंस्कृत र समृद्ध नगरको निर्माण गर्नु हो।

## २.२ लक्ष्य

दूरदृष्टि प्राप्त गर्न शिक्षा योजनामा निम्न लक्ष्यहरू राखिएका छन्:

१. विक्रम सम्वत २०९२ सम्ममा नगरपालिकाभित्रका सबै विद्यालयहरूलाई डिजिटल सिकाइ पूर्वाधारले सुसज्जित गर्ने,

२. भौतिक, शैक्षिक पूर्वाधार र गुणस्तर सुदृढ गर्ने,

३. समावेशी र विपद् उत्थानशील आधुनिक भौतिक पूर्वाधार पूरा भएकोविद्यालय सङ्ख्या १०० प्रतिशत पुऱ्याउने,
४. शिक्षालाई उत्पादनसँग जोड्दै दक्ष र प्रतिस्पर्धी नागरिक तयार गर्न व्यावहारिक र जीवन उपयोगी वृत्ति परामर्श शिक्षा दिने,
५. शिक्षक तयारीका लागि विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षामा सहभागी गराउने,
६. गुणस्तरीय शिक्षामार्फत नैतिकवान्, जिम्मेवार र सांस्कृतिक पर्यावरणमूलक मूल्यहरूको विकास गर्दै सुसंस्कृत नागरिक तयार गर्ने,

## २.३ उद्देश्य

### पहुँच र समता

१. विद्यालय शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गर्दै पूर्वाधार, प्रविधि र समता सुनिश्चितता गर्नु।

### गुणस्तर र सान्दर्भिकता

२. शैक्षिक व्यवस्थापन, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणाली प्रविधिमा आधारित, नवप्रवर्तन र गुणस्तरयीय बनाउनु।
३. आधुनिक पूर्वाधारसहितको वातावरणमा सान्दर्भिक, गुणात्मक र सिपयुक्त शिक्षा प्रदान गर्नु,
४. प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको अवसर र गुणस्तर विकास गर्नु,
५. वैकल्पिक तथा जीवनपर्यन्त शिक्षामा अनलाइन तथा मिश्रित (Blended) र प्रविधिमा आधारित सिकाइ प्रणालीमार्फत निरन्तर सिकाइको परिमाणात्मक र गुणात्मक सुधार गर्नु।

### सस्थागत सक्षमता विकास

६. सुशासन र संस्थागत सक्षमता अभिवृद्धिमा स्थानीय नीतिगत र कानुनी व्यवस्थाहरू सुधार र प्रभावकारी कार्यान्वयन गर्नु,

### संस्कार, नागरिक तथा समृद्धि

७. देशप्रेम, असल संस्कार, वातावरणप्रति संवेदनशील, सिर्जनशील, नैतिक र प्रतिस्पर्धी नागरिक गुणहरू विकास गर्नु।
८. प्रविधि, नवप्रवर्तन र स्थानीय आर्थिक विकासका क्षेत्रमा योगदान दिने असल नागरिकको आधार तयार गर्नु।

## २.४ रणनीति

### पहुँच र समता

१. सबै तहको विद्यालय शिक्षामा सर्वसुलभ, समतामूलक पहुँचको सुनिश्चितता गर्नु,
   क) विद्यालयको पुनः नक्साङ्कन गरी विद्यालय समायोजन, एकीकरण र सुधार गर्ने।

ख) विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय तह पूरा गराउन सिकाइ, मूल्याङ्कनमा समतामूलक व्यवस्था तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने।

ग) विद्यालयहरूमा शिक्षक र विद्यार्थीका लागि विद्यालय यातायातको व्यवस्था गर्ने।

घ) दुर्गम क्षेत्रका विद्यार्थी लक्षित आवासीय विद्यालय विकास गरी व्यवस्थित गर्ने।

ङ) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका कार्यक्रमहरू सञ्चालन गर्ने।

च) माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न जेहेन्दार तथा लक्षित वर्गका लागि छात्रवृत्तिको व्यवस्था गर्ने।

छ) विद्यालयका पूर्वाधार, संरचना तथा सिकाइ वातावरणलाई अपाङ्गतामैत्री, बालमैत्री र प्रविधिमैत्री बनाउने।

ज) दुर्गम क्षेत्रमा सञ्चालित बालिका शिक्षा बचत कार्यक्रमलाई प्रभावकारी बनाउने।

झ) आधारभूत तहमा दिवाखाजा, विपन्न लक्षित, छात्रा, दलित तथा पिछडिएका वर्गलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमहरूको प्रभावकारिता बढाउने उपायहरू अवलम्बन गर्ने।

ञ) समाज र विद्यालयमा देखिने सबै किसिमका भेदभावहरू अन्त्य गर्न विद्यालयमा समावेशी, सुरक्षित तथा सुसंस्कारयुक्त वातावरण तयार गर्ने।

ट) छात्रावासको व्यवस्था गरी लक्षित वर्गलाई सुविधा दिने।

ठ) बालबालिकाको विविधता, भाषा, संस्कृति, क्षमता तथा विशेष सिकाइ आवश्यकतालाई सम्बोधन गर्ने।

ड) शैक्षिक प्रशासन, शिक्षण सिकाइ, मूल्याङ्कन तथा अभिलेख व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने।

ढ) शिक्षक बैङ्कको स्थापना गरी आवश्यकता बमोजिम परिचालन गर्ने।

ण) विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिका, विपन्न, अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि वैकल्पिक, लचिलो तथा प्रविधिमा आधारित सिकाइ अवसर विस्तार गर्ने।

त) विपद्, महामारी वा आपतकालीन अवस्थामा समेत शिक्षाको निरन्तरता कायम राख्न वैकल्पिक तथा प्रविधिमा आधारित उत्थानशील सिकाइ प्रणाली विकास गर्ने।

## गुणस्तर र सान्दर्भिकता

**२. शैक्षिक व्यवस्थापन, शिक्षण सिकाइ प्रक्रिया तथा मूल्याङ्कन प्रणालीमा सूचना प्रविधिमा आधारित विविधता, नवप्रवर्तन र गुणस्तर अभिवृद्धि गर्नु।**

क) नैतिक शिक्षा, सामाजिक मूल्य मान्यता, अतिरिक्त क्रियाकलाप तथा सूचना प्रविधिमा आधारित विषयवस्तु समावेश गरी पाठ्यक्रम र सिकाइ सामग्रीहरू समयानुकूल परिमार्जन, विकास र प्रयोग गर्ने,

ख) शिक्षकको दरबन्दी मिलान, पुनर्व्यवस्थापन तथा विषयगत आवश्यकताअनुसार शिक्षक व्यवस्थापन गर्ने,

ग) शिक्षकको पेसागत विकासका लागि सूचना प्रविधि, नवप्रवर्तनशील शिक्षण विधि तथा विद्यार्थी केन्द्रित शिक्षणसम्बन्धी कस्टमाइज तालिम कार्यक्रम सञ्चालन गर्ने,

घ) शिक्षा क्षेत्रका जनशक्ति, विद्यालय व्यवस्थापन तथा शैक्षिक नेतृत्वको क्षमता विकास गर्ने,

ङ) शैक्षिक व्यवस्थापन, शिक्षण सिकाइ, अभिलेख तथा सूचना व्यवस्थापन प्रणालीमा सूचना प्रविधिको प्रयोग प्रभावकारी बनाउने,

च) सिकाइ र मूल्याङ्कनमा विविधता ल्याई विद्यार्थी केन्द्रित, समावेशी, सिर्जनशील तथा व्यवहारमुखी क्रियाकलापहरू सञ्चालन गर्ने,

छ) शिक्षक, विद्यार्थी तथा विद्यालयलाई उत्प्रेरित गर्न प्रोत्साहन, पुरस्कार तथा उत्कृष्ट अभ्यास प्रवर्द्धन गर्ने,

ज) डिजिटल सिकाइ सामग्री, स्मार्ट कक्षा, ई-लाइब्रेरी, अनलाइन तथा मिश्रित (Blended) सिकाइ प्रणालीको विकास, विस्तार र प्रभावकारी प्रयोग गर्ने,

झ) सिकाइ उपलब्धि, मूल्याङ्कन, अनुगमन तथा पृष्ठपोषण प्रणालीलाई प्रविधिमा आधारित, नियमित, पारदर्शी र गुणस्तरीय बनाउने,

ञ) सिकाइ र मूल्याङ्कनमा विविधता ल्याई विद्यार्थीकेन्द्रित क्रियाकलापहरू सञ्चालन गर्ने,

ट) उत्प्रेरणा र  पुरस्कारको प्रयोग गर्ने।

**३. आधुनिक पूर्वाधारसहितको वातावरणमा सान्दर्भिक, गुणात्मक र सिपयुक्त शिक्षा प्रदान गर्नु,**

क) विद्यालयको सङ्ख्या पुनर्संरचना गरी भवन तथा पूर्वाधार विकास गर्ने,

ख) बालमैत्री, समावेशी र विपद् उत्थानशील पूर्वाधार विकास गर्ने,

ग) विद्यालयको विकासप्रति स्थानीय सरकार एवम् समुदायसमेतको जवाफदेही प्रणालीको विकास गर्ने,

घ) विद्यालयमा आवश्यक न्यूनतम् भौतिक पूर्वाधार, ल्याब, सूचना प्रविधि पूर्वाधार सुधार, मर्मत र नयाँ निर्माण गर्ने,

ङ) विद्यालय तहमा वृत्ति परिचय र आधारभूत सिपको जानकारी गराउने,

च) पाठ्यक्रम र मूल्याङ्कनका मापदण्डहरू कडाइका साथ कार्यान्वयन गर्ने,

छ) पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी मापदण्डहरू कार्यान्वयन गर्न विद्यालहरूको नवप्रवर्द्धनात्मक कार्यमा सहयोग गर्ने,

ज) सबै तहका आन्तरिक, आवधिक र अन्तिम मूल्याङ्कन तथा परीक्षा सञ्चालन व्यवस्थापनमा स्तरीयता कायम गर्ने,

झ) अधिकतम दिन विद्यालय खुल्ने गरी शैक्षणिक कार्ययोजनाहरू निर्माण र कार्यान्वयन गर्ने,

ञ) सबै प्रकारका शैक्षिक कार्यक्रमहरू स्वस्थ प्रतिस्पर्धामा सञ्चालन हुने वातावरण निर्माण गर्ने,

ट) विद्यार्थीलाई समस्या पहिचान, समाधान र काम गरेर अनुभव आदनप्रदानबाट सिक्ने, अवसरहरू प्रदान गर्ने,

ठ) प्रतिस्पर्धी भावना र गुण भएका विद्यार्थी पहिचान र सम्मान गर्ने,

**४. प्रविधि, प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको अवसर र गुणस्तर विकास गर्नु**

क) प्रविधिमैत्री विद्यालय विकास गर्न विद्युत, इन्टरनेट, कम्प्युटर, स्मार्ट बोर्ड, डिजिटल सामग्री तथा विद्युतीय सिकाइ पूर्वाधारको विस्तार एवम् विकास गर्ने,

ख) शिक्षक, विद्यार्थी र कर्मचारीको डिजिटल सक्षमता बढाउन AI र डिजिटल प्रविधिको तालिम र प्रयोगका अवसरहरू विस्तार गर्ने,

ग) विद्यालय अनुगमन, सुपरिवेक्षण, निरीक्षण र मूल्याङ्कनलाई प्रविधियुक्त प्रणालीमा रूपान्तरण गर्ने,

घ) प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरूको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षको सुधार र सुदृढीकरण गर्ने,

ङ) प्राविधिक धार सञ्चालन तथा प्रवर्द्धनका लागि आवश्यक सहयोग, साझेदारी र कार्यक्रम विकास गर्ने,

च) प्राविधिक शिक्षाको मर्मअनुसार अभ्यासमा आधारित, प्रयोगात्मक तथा सिपमुखी सिकाइ प्रणालीलाई प्रभावकारी बनाउने,

छ) व्यावसायिक शिक्षा तथा सिप विकासका लागि सञ्चालित कार्यक्रमहरूको व्यवस्थापन, समन्वय र प्रभावकारिता अभिवृद्धि गर्ने,

ज) प्राविधिक जनशक्तिको विकासमा संस्थागत साझेदारी (शिक्षालयहरूसँग), दक्षता उपयोग,अभिलेखीकरण प्रणाली विकास गरी आवश्यकता अनुसार परिचालन गर्ने।

**५. निरन्तर, वैकल्पिक तथा जीवनपर्यन्त शिक्षामा अनलाइन वा मिश्रित (Blended) र प्रविधिमा आधारित सिकाइ प्रणालीमार्फत सहभागिता वृद्धि गर्नु।**

क) निरन्तर, वैकल्पिक तथा जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरूलाई अनलाइन, मिश्रित (Blended) तथा प्रविधिमा आधारित सिकाइ सञ्चालन गर्ने,

ख) निरक्षर युवा, श्रमिक, विपन्न, अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका व्यक्तिहरूका लागि लचिलो, समावेशी तथा प्रविधिमैत्री सिकाइ अवसर विस्तार गर्ने,

ग) डिजिटल साक्षरता, जीवनोपयोगी सिप, वित्तीय साक्षरता तथा उद्यमशीलतामूलक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने,

घ) स्थानीय आवश्यकता, भाषा, संस्कृति तथा सन्दर्भअनुकूल डिजिटल तथा वैकल्पिक सिकाइ सामग्रीको विकास, प्रयोग र विस्तार गर्ने,

ङ) शिक्षक, प्रशिक्षक, सिकाइ सहजकर्ता तथा सरोकारवालाको प्रविधिमा आधारित शिक्षण सिकाइसम्बन्धी क्षमता विकास गर्ने,

च) निरन्तर तथा जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन, प्रमाणीकरण प्रणालीलाई प्रविधिमैत्री बनाउने,

छ) साक्षरता र साक्षरोत्तर कार्यक्रमहरू सञ्चालन गर्ने,

ज) सामुदायिक सिकाइ केन्द्र र पुस्तकालयको परिचालन गर्ने,

झ) सूचना प्रविधिमार्फत निरन्तर सिकाइका क्रियाकलाप सञ्चालन गर्ने,

ञ) निरन्तर सिकाइका स्थानीय सामग्री विकास गरी साक्षरता र वित्तीय क्रियाकलापहरू सञ्चालन गर्ने,

ट) टोलस्तरसम्म योग, ध्यान र स्वास्थ्य वानी व्यवहारसम्बन्धी युवा तथा ज्येष्ठ नागरिकहरूलाई सिकाइका अवसरहरू वृद्धि गर्ने,

ठ) समाजिक समस्याहरू र कानुनी सचेतना शिक्षा प्रदान गर्ने,

ड) परम्परागत शिक्षा र अनौपचारिक शैक्षिक क्रियाकलापहरू सुधार गर्ने,

**सस्थागत सक्षमता विकास**

**६. सुशासन, संस्थागत सक्षमता अभिवृद्धिमा नीतिगत र कानुनी व्यवस्थाहरू व्यवस्थित गर्नु।**

क) सुशासनका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, लेखापरीक्षण प्रणालीलाई अनिवार्य र प्रभावकारी बनाउने,

ख) कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

ग) शैक्षिक सुशासन प्रणालीको सुधार गर्ने,

घ) विद्युतीय शासन प्रणाली अवलम्बन, विभिन्न (Apps) एप्लिकेसनहरूको प्रयोग गरी अनुगमन एवम् मूल्याङ्कन प्रणाली सुधार गर्ने,

ङ) सिकाइ उपलब्धिप्रति शिक्षक जवाफदेही हुने र कार्यसम्पादनसँग जोड्ने,

च) ऐन, नियम र कार्यविधिहरू पारदर्शी रूपमा कार्यान्वयन गर्ने।

**नागरिक शिक्षा तथा समृद्धि**

**७. देशप्रेम, असल संस्कार, वातावरणप्रति संवेदनशील, सिर्जनशील, नैतिक र प्रतिस्पर्धी नागरिक गुणहरू विकास गर्नु।**

क) नैतिक शिक्षा, नागरिक शिक्षा, वातावरण संरक्षण, जीवनोपयोगी सिप र स्थानीय संस्कृति अध्ययन र अभ्यासको अवसरहरू वृद्धि गर्ने,

ख) विद्यालय र समुदायस्तरमा वालबालिकाको नेतृत्व विकास, स्वयंसेवा र सहभागिता बढाउने,

ग) स्थानीय भाषा, कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण, संवर्द्धन र हस्तान्तरणमार्फत सकारात्मक व्यवहार विकास गर्ने,

घ) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, बिपद् जोखिम न्यूनीकरण तथा दिगो विकाससम्बन्धी अभिमुखीकरण र गरेर सिक्ने अवसरहरू प्रवर्द्धन गर्ने।

ङ) विद्यार्थीहरूको प्रतिभा, अनुसन्धान, सिर्जनशीलता तथा डिजिटल दक्षता अभिवृद्धिका लागि अतिरिक्त क्रियाकलाप, नवप्रवर्तन कार्यक्रम तथा प्रतिस्पर्धात्मक अवसर विस्तार गर्ने।

**८. प्रविधि, नवप्रवर्तन र स्थानीय आर्थिक विकासका क्षेत्रमा योगदान दिने असल नागरिकको आधार तयार गर्नु।**

क) विद्यालय शिक्षामा स्थानीय आवश्यकता, उत्पादन प्रणाली, श्रम बजारको जानकारी र उपयोग गर्न अभिमुखीकरण र सकारात्मक धारणाको विकास गराउने।

ख) स्थानीय कृषि, पर्यटन, सूचना प्रविधि र व्यवसायसँग सम्बन्धित ज्ञान, सिप र प्रविधिमा आधारित सिकाइ अवसर विस्तार गर्ने।

ग)प्राविधिक तथा व्यावसायिक शिक्षा, सिप विकास तालिममार्फत क्षमता विकास गर्ने।

घ)स्थानीय र आधुनिक प्रविधि, स्थानीय आर्थिक विकास र समृद्धिको आधारपक्षहरू विकास गर्ने।

ङ)प्राविधिक शिक्षामा छात्रवृत्ति, इन्टर्नशिप तथा सिप विकासमार्फत विद्यार्थीको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

## २.५ अपेक्षित उपलब्धि

क) समयसापेक्ष प्रविधिमैत्री शैक्षिक पूर्वाधार, डिजिटल सिकाइ प्रणाली तथा शिक्षाको गुणस्तरमा सुधार भएको हुने।

ख) सबै तहको विद्यालय शिक्षामा सर्वसुलभ, समतामूलक तथा प्रविधिमैत्री पहुँच सुनिश्चित भएको हुने।

ग) विद्यालय उमेर समूहका बालबालिकाको विद्यालय शिक्षा पूरा गर्ने दर १०० प्रतिशत पुगेको हुने।

घ) दरबन्दी मिलान तथा पुनर्व्यवस्थापनमार्फत विषयगत तथा दक्ष शिक्षक उपलब्ध भएको हुने।

ङ) विद्यालयका भौतिक बिपद उत्थानशील, सूचना प्रविधि तथा सिकाइ पूर्वाधार आधुनिक, सुरक्षित, समावेशी र विकसित भएको हुने।

च) सिकाइ उपलब्धि राष्ट्रिय मापदण्ड तथा स्तरसँग प्रतिस्पर्धी र तुलनायोग्य भएको हुने।

छ) नैतिकवान, संस्कारयुक्त, सिपयुक्त, सिर्जनशील तथा प्रतिस्पर्धी जनशक्तिको विकासमा विद्यालय शिक्षाको योगदान रहने।

ज) सिकाइ उपलब्धिमा छात्रा र छात्रको बराबर योगदान भएको हुने, समावेशिता, अपाङ्गतामैत्री तथा बालमैत्री पूर्वाधार र अवसरहरूको सुनिश्चितता भएको हुने।

झ) सुशासन, संस्थागत सक्षमता अभिवृद्धि तथा प्रविधिमा आधारित सेवाप्रवाह, अनुगमन र व्यवस्थापन प्रणालीको प्रभावकारी अभ्यास भएको हुने।

ञ) प्राविधिक शिक्षा, व्यावसायिक तालिम, उद्यमशीलता तथा रोजगारमुखी सिप विकासका अवसरहरू वृद्धि भएको हुने।

ट) निरन्तर, वैकल्पिक तथा जीवनपर्यन्त शिक्षामा अनलाइन, मिश्रित (Blended) तथा प्रविधिमा आधारित सिकाइ प्रणालीको प्रभावकारी अभ्यास भएको हुने।

ठ) शिक्षालाई उत्पादन, रोजगारी, नवप्रवर्तन तथा स्थानीय आर्थिक विकाससँग जोड्दै दक्ष, उद्यमशील र समृद्ध नागरिक निर्माणमा योगदान पुगेको हुने।

## २.६ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

उद्देश्य प्राप्त गर्नका लागि निम्नानुसार क्षेत्र र सूचकमा हासिल गर्नुपर्ने कार्यसम्पादन सूचक र परिमाणात्मक लक्ष्यहरू तय गरिएको छः

*तालिका २.१ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण*

| क्र.सं. | सूचकहरू | इकाइ | आधार वर्ष २०८१ | लक्ष्य | | | | | ०८५/०८६ देखि ०९१/९२ सम्म |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| **१. प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | |
| १.१ | कुल भर्नादर | प्रतिशत | १०३ | १०७.२ | १०६.२ | १०६.१५ | १०५.१ | १०४.१५ | १०२.०० |
| १.२ | ४ वर्षका (भित्रका) बालबालिकाको भर्नादर | प्रतिशत | ८०.६ | ८७.८५ | ८९.२ | ९०.२५ | ९०.८५ | ९१.४५ | ९८.०० |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक | प्रतिशत | ९६.६५ | ९७.१५ | ९७.६५ | ९८.१५ | ९८.६५ | ९९.१५ | ९९.५० |
| १.४ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त शिक्षक | प्रतिशत | ३३.०० | ३५.०० | ४०.०० | ५०.०० | ६०.०० | ७०.०० | ९५.०० |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | प्रतिशत | ८८.२ | ८८.६ | ९०.३६ | ८८.३ | ९०.८ | ९०.५ | ९५.०० |
| **२. आधारभूत शिक्षा** | | | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | प्रतिशत | १२२.१ | ११८ | ११७.३ | ११६.६५ | ११३.१ | ११२ | १०५.०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | प्रतिशत | ९३.४ | ९२.५ | ९४.९ | ९३.५ | ९४.१ | ९५.० | ९८.०० |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | प्रतिशत | १२०.५ | ११४.९६ | ११०.८५ | १०८.४८ | ११६.३७ | ११०.५२ | १०५.०० |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | प्रतिशत | ९४.४ | ९३.८९ | ९४.२८७ | ९५.४४३ | ९६.२४४ | ९७.२३९ | ९९.०० |
| २.५ | कक्षा १-८ मा कुल भर्नादर | प्रतिशत | ११८.९ | ११८.८६ | १२०.६४ | १२३.७२ | १२५.०९ | १२५.५५ | १०५.०० |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | प्रतिशत | ९३.८ | ९३.४४ | ९३.८१९ | ९४.०२१ | ९४.५९७ | ९५.२४५ | ९८.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७ | कक्षा १ देखि ८ मा टिकाउ दर | प्रतिशत | ८५.६ | ८५.९२ | ८६.२०७ | ८६.३७९ | ८८.४१२ | ८८.७८६ | ९६.०० |
| २.८ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | प्रतिशत | ८२.४ | ८२.४५ | ८२.५४ | ८३.०१ | ८४.१२ | ८५.११ | ९६.०० |
| २.९ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | दर | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० |
| **३. माध्यमिक शिक्षा** | | | | | | | | | |
| ३.१ | कक्षा ९-१० को कुल भर्नादर | प्रतिशत | १०३.२ | १०४.३ | १०५.६ | १०८.८ | १०६.१ | १०९.३ | १०४.० |
| ३.२ | कक्षा ९-१० को खुद भर्नादर | प्रतिशत | ७३.७ | ७१.९ | ७५.० | ७३.२ | ७१.३ | ७४.५ | ८०.५ |
| ३.३ | कक्षा ९-१२ को कुल भर्नादर | प्रतिशत | ७७.३ | ८२.० | ८८.८ | ९७.३ | १०३.३ | १०९.८ | १०५.० |
| ३.४ | कक्षा ९-१२ को खुद भर्नादर | प्रतिशत | ५४.३ | ५५.९ | ६० | ५९.१ | ६०.७ | ६४.८ | ७०.० |
| ३.५ | कक्षा ११-१२ को कुल भर्नादर | प्रतिशत | ५७.३ | ५९.७ | ६५.९५ | ७५.७ | ८०.४५ | ८६.२ | ९०.० |
| ३.६ | कक्षा ११-१२ को खुद भर्नादर | प्रतिशत | ३४.५ | ३९.९५ | ४५ | ४५.०५ | ५०.१ | ५५.१५ | ६५.० |
| ३.७ | कक्षा ९-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | दर | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० |
| **४. कक्षा उत्तीर्ण दर** | | | | | | | | | |
| ४.१ | कक्षा १ | प्रतिशत | ९१.२ | ९१.७ | ९१.४ | ९१.५ | ९१.५ | ९२.१ | ९५.१ |
| ४.२ | कक्षा १-५ | प्रतिशत | ९३.७ | ९४.० | ९४.३ | ९४.२ | ९४.७ | ९६.३ | ९९.३ |
| ४.३ | कक्षा ६-८ | प्रतिशत | ९४.४ | ९४.५ | ९५.१ | ९५.६ | ९५.८ | ९५.८ | ९८.८ |
| ४.४ | कक्षा ९-१० | प्रतिशत | ९६.२ | ९६.२ | ९६.८ | ९७.० | ९६.९ | ९७.१ | ९९.१ |
| ४.५ | कक्षा ११-१२ | प्रतिशत | ९०.३ | ९७.१ | ९७.२ | ९७.२ | ९७.२ | ९७.५ | ९९.५ |
| **५. कक्षा छाड्ने दर** | | | | | | | | | |
| ५.१ | कक्षा १ | प्रतिशत | ४.७ | ४.० | ४.१ | ३.८ | ३.६ | ३.३ | १.३ |
| ५.२ | कक्षा १-५ | प्रतिशत | ३.८ | ३.५ | ३.३ | ३.४ | ३.२ | २.७ | १.७ |
| ५.३ | कक्षा ६-८ | प्रतिशत | २.८ | २.७ | २.१ | १.९ | १.८ | १.८ | ०.८ |
| ५.४ | कक्षा ९-१० | प्रतिशत | २ | २.० | १.७ | १.७ | १.७ | १.५ | ०.५ |
| ५.५ | कक्षा ११-१२ | प्रतिशत | ६ | २.९ | २.८ | २.८ | २.८ | २.५ | ०.५ |
| **६. कक्षा दोहोऱ्याउने दर** | | | | | | | | | |
| ६.१ | कक्षा १ | प्रतिशत | ४.१ | ४.३ | ४.५ | ४.७ | ४.९ | ४.६ | २.६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६.२ | कक्षा १-५ | प्रतिशत | २.५ | २.५ | २.४ | २.४ | २.१ | १.० | ०.५ |
| ६.३ | कक्षा ६-८ | प्रतिशत | ३.२ | २.८ | २.८ | २.५ | २.४ | २.४ | ०.४ |
| ६.४ | कक्षा ९-१० | प्रतिशत | १.८ | १.८ | १.५ | १.४ | १.४ | १.४ | ०.४ |
| ६.५ | कक्षा ११-१२ | प्रतिशत | ३ | २.९ | २.८ | २.८ | २.८ | २.५ | ०.५ |
| **७. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | | |
| ७.१ | सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षाका धार | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | २ |
| ७.२ | प्राविधिक धार पूरा गर्ने दर(कक्षा ९-१२) | प्रतिशत | ८० | ९० | ९५ | ९५ | ९८ | ९८ | १०० |
| ७.३ | राष्ट्रिय सिप परीक्षणमा सहभागी सङ्ख्या | प्रतिशत | ० | ५ | १५ | २५ | ३५ | ४५ | ५० |
| ७.४ | तहगत प्राविधिक शिक्षा हासिल गर्ने विद्यार्थी प्रतिशत | प्रतिशत | ९.० | ९.५ | १९.१ | २०.० | २२.५ | २२.५ | २३.० |
| **८. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ८.१ | ५ वर्ष माथिको साक्षरता दर | प्रतिशत | ८२.५० | ८५.०० | ८७.०० | ९०.०० | ९२.०० | ९५.०० | ९८.०० |
| ८.२ | १५– २४ वर्षको साक्षरता दर | प्रतिशत | ९७.६५ | ९८.०० | ९८.०० | ९८.०० | ९८.०० | ९८.०० | ९९.०० |
| ८.३ | १५– ४५ वर्षको साक्षरता दर | प्रतिशत | ९१.३७ | ९५.०० | ९६.०० | ९७.०० | ९८.०० | ९८.०० | ९९.०० |
| **९. पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी सूचक** | | | | | | | | | |
| ९.१ | पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी तालिम प्राप्त शिक्षक आधारभूत | प्रतिशत | ५ | १५ | २५ | ३५ | ४५ | ५५ | ७५ |
| ९.२ | पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी तालिमप्राप्त शिक्षक माध्यमिक | प्रतिशत | ५ | १५ | २५ | ३५ | ४५ | ५५ | ७५ |
| ९.३ | स्थानीय पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी तालिम प्राप्त शिक्षक | प्रतिशत | १० | २० | ३० | ४० | ५० | ६० | ८० |
| ९.४ | स्थानीय पाठ्यक्रमसँग सम्बन्धित डिजिटल वा प्रकाशित पाठ्यसामग्री उत्पादन | सङ्ख्या | ३ | १० | १० | १० | १० | १० | ३० |
| **१०. शुसासन तथा व्यवस्थापन** | | | | | | | | | |
| १०.१ | कानुनअनुसार समितिहरू गठन हुने विद्यालय सङ्ख्या | सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०.२ | विद्यालय व्यवस्थापन समितिको नियमित वैठक गरी समयमा निर्णय गर्ने | प्रतिशत | ७५ | ७७ | ७९ | ८१ | ८३ | ८५ | १०० |
| १०.३ | विद्यालय सुधार योजना निर्माण,अध्यावधिक र कार्यान्वयन | प्रतिशत | ४० | ५० | ८० | १०० | १०० | १०० | १०० |
| १०.४ | समाजिक परीक्षण र वार्षिक उत्सबमा ८० प्रतिशतभन्दा वढी अभिभावकको सहभागिता | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | ९८ |
| **११. शैक्षिक पुर्वाधार** | | | | | | | | | |
| ११.१ | कम्प्युटर प्रयोगशाला भएको विद्यालय | सङ्ख्या | १३ | १५ | १७ | १८ | १९ | २० | २२ |
| ११.२ | विज्ञान प्रयोगशाला भएको विद्यालय | सङ्ख्या | ८ | ९ | १० | १२ | १३ | १३ | १३ |
| ११.३ | आवासीय सुविधा भएको विद्यालय | सङ्ख्या | | १ | ० | ० | ० | ० | १ |
| ११.४ | शिक्षण सिकाइमा इन्टरनेटको प्रयोग गर्ने विद्यालय | सङ्ख्या | २० | २५ | २७ | २८ | ३० | ३० | ३० |
| ११.५ | स्मार्टवोर्डसहित आइ.सि.टि. को पुर्वाधार पुगेको विद्यालय | सङ्ख्या | ३ | ५ | ७ | ९ | १० | १२ | २० |
| ११.७ | समग्र शिक्षामा लगानीको प्रतिशत | प्रतिशत | N/A | ५ | ६ | ७ | ८ | २० | |
| ११.८० | स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | प्रतिशत | २.५ | ४ | ५ | ६ | ८ | १० | १२ |
| ११.९० | विद्यालय शिक्षामा निजी क्षेत्र र अभिभावको लगानी | प्रतिशत | N/A | 30 | 35 | 35 | 40 | 45 | 60 |
| १२. शिक्षामा समावेशीकरण | | | | | | | | | |
| १२.१ | अपाङ्गतामैत्री विद्यालय | प्रतिशत | २ | ५ | १० | १५ | २० | २५ | ७५ |
| १२.२ | महिला शिक्षक (बाल विकास र शिक्षा) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १२.३ | महिला शिक्षक (आधारभूत तह कक्षा १-५) अनुपात | प्रतिशत | १.१५ | १.१६ | १.१७ | १.१८ | १.१९ | १.२० | १.२५ |
| १३. शैक्षिक गुणस्तर र सान्दर्भिकता | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३.१ | **कक्षा ३ को औसत सिकाइ उपलब्धि (जि.पि.ए.)** | | | | | | | | |
| १३.२ | कक्षा ३ को सिकाइ उपलब्धि (जि.पि.ए.) | नेपाली | ३.२० | ३.४४ | ३.४८ | ३.६७ | ३.९८ | ३.९८ | ३.९९ |
| | | गणित | ३.०२ | ३.३९ | ३.५९ | ३.८६ | ३.८२ | ३.८३ | ३.९९ |
| | | अङ्ग्रेजी | २.९९ | ३.२४ | ३.५९ | ३.६९ | ३.७२ | ३.८१ | ३.९९ |
| १३.३ कक्षा ५ को औसत सिकाइ उपलब्धि (जि.पि.ए.) | | | | | | | | | |
| १३.४ | कक्षा ५ को सिकाइ उपलब्धि (जि.पि.ए.) | नेपाली | २.९३ | ३.०५ | ३.११ | ३.१७ | ३.२३ | ३.२९ | ३.९९ |
| | | गणित | २.८५ | २.६९ | २.९१ | ३.१३ | ३.४५ | ३.७७ | ३.९९ |
| | | अङ्ग्रेजी | २.८० | ३.०० | ३.१० | ३.२० | ३.३० | ३.४० | ३.९९ |
| १३.५ | कक्षा ८ को सिकाइ उपलब्धि (जि.पि.ए.) | नेपाली | २.८३ | २.९३ | २.९८ | ३.०३ | ३.०८ | ३.१३ | ३.९९ |
| | | गणित | २.७७ | ३.०७ | ३.२२ | ३.३७ | ३.५२ | ३.६७ | ३.९९ |
| | | अङ्ग्रेजी | २.९२ | ३.१५ | ३.२६ | ३.३८ | ३.४९ | ३.६१ | ३.९९ |
| | | विज्ञान | २.८० | ३.२७ | ३.५० | ३.७४ | ३.४७ | ३.८१ | ३.९९ |

पुनश्चः योजना कार्यान्वयनका क्रममा वार्षिक रणनीतिक कार्ययोजना तर्जुमा गर्दा कार्य सम्पाद सूचक वार्षिक रूपमा समीक्षा सहित अद्यावधिक गरिने छ।

# परिच्छेद तीनः शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ परिचय

शिक्षा योजनामा राखिएको दूरदृष्टि तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरी पहिलो पाँच वर्ष विक्रम सम्वत् २०८२-२०८६ लागि लागत अनुमानसहित योजनाको खाका तयार गरिएको छ। योजनाको समग्र दूरदृष्टि, ध्येय, उद्देश्य र लक्ष्यहरू प्राप्तिका लागि विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रहरू बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र अन्य उपक्षेत्रहरूको वर्तमान अवस्थाको समीक्षा गरी गुणस्तर, सान्दर्भिकता र सुशासनका पक्षहरूमा रहेको चुनौतीहरू पहिचान र समाधान गर्न यो र यस पछिका खण्डमा क्षेत्रगत उद्देश्यहरू र क्रियाकलाप सहित विस्तृत योजना तयार गरिएको छ। पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता अन्तर सम्बन्धित उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र समस्याको पहिचान गरी चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य अनुसार रणनीति र प्रमुख क्रियाकलापहरू निर्धारण गरिएको छ।

## ३.२ प्रारम्भिक बालविकास र शिक्षा

### ३.२.१ वर्तामान अवस्था

लेटाङ नगरपालिकामा प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई विद्यालय पूर्वको शिक्षा उपलव्ध गराउन सामुदायिक विद्यालय र समुदायस्तरमा बालबिकास केन्द्रहरू सञ्चालनमा छन्। सरकारी अनुदानबाट सञ्चालित ४० वटा प्रारम्भिक बाल विकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। भौगोलिक विकटताको कारण सहज पहुँच नभएको स्थानहरू मध्ये ७ वटा केन्द्रहरू नगरपालिकाको अनुदानबाट सञ्चालन गरिएको छ। बजार क्षेत्रमा संस्थागत विद्यालयतर्फ पूर्व प्राथमिक कक्षाहरू सञ्चचानल भइरहेका छन्। छरिएर रहेको बस्ती र न्यून विद्यार्थी सङ्ख्याका कारण सबै स्थानमा निरन्तर सञ्चालन गर्न चुनौती रहेको छ। अभिभावकको व्यवस्तता र शिक्षा प्रतिको चेतनाको कारण प्रारम्भिक बालविकास र शिक्षा प्रतिको आकर्षण बढेको छ। बालविकास केन्द्रको अनुभवसहित कक्षा १ मा भर्ना हुने विद्यार्थी सङ्ख्या बढेको छ। उमेरअनुसार विद्यार्थी भर्ना गर्ने र बालविकास केन्द्रको न्यूनतम् मापदण्डहरू पूरा भएको सुरक्षित, बालमैत्री र सिकाइ कुनाहरू व्यवस्थित भएको प्रारम्भिक बालविकास केन्द्र बनाउनु मुख्य चुनौती रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार लेटाङमा नगरपालिकामा जन्मदेखि चार वर्ष उमेर समूहका जम्मा बालबालिकाको सङ्ख्या २७५५ (स्रोतः राष्ट्रिय जनगणना २०७८) रहेको छ। औसतमा ४ वर्ष उमेरका बालबालिका सङ्ख्या औसत ७०० हुन् सक्छन। सामुदायिक विद्यालयतर्फ बालविकास कक्षा अध्ययन गर्ने ४१७ छात्रा र ४५२ छात्र गरी जम्मा ८६९ संस्थागत विद्यालयतर्फ २५९ छात्रा र २९७ छात्र गरी जम्मा ५५६ कूल १४२५ छ (स्रोतः IEMIS, २०८०)। यो तथ्याङ्कले नगरपालिकाको प्रारम्भिक बालविकास र शिक्षामा कम र बढी उमेरका विद्यार्थी रहेको अवस्था देखाउछ। कुल भर्नादर १०३,

खुद भर्नादर ८०.६ र ४ वर्षका बालबालिकाको भर्ना अनुपात ९३.० र कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास र शिक्षा को अनुभव प्राप्त बालबालिकाको प्रतिशत ८८.२ रहेको देखिन्छ। न्यूनतम १०+२ उत्तीर्ण योग्यता पुगेका प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत शिक्षकहरू ९६.६५ रहेको छ। शिक्षक क्षमता प्रारूपअनुसार TPD तलिम प्राप्त सहजकर्ता ३३.० प्रतिशत रहेको छ।

नेपाल सरकारको अनुदान पाउने गरी विगतमा छनौट भई निरन्तर सञ्चालन भइरहेका बालविकास केन्द्रका शिक्षकहरूले स्थानीय र सङ्घीय सरकारको साझेदारीमा न्यूनतम पारिश्रमिका पाइरहेका भए तापनि नगरपालिकाबाट अनुमति पाएका तर अनुदानका लागि छनौट नभएका बालविकास केन्द्रको शिक्षकहरू तोकिएको तलब दिन सकिएको छैन। केही केन्द्रमा सामग्रीहरू व्यवस्था गरिएको छ। तर विद्यार्थी सङ्ख्याअनुसार व्यवस्था गर्न सकिएको छैन।

विद्यार्थी सङ्ख्याअनुसार केन्द्रको पुनर्वितरण गर्न, भवन निर्माण तथा मर्मत सामग्री व्यवस्थापन गर्न, केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गर्न, तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउन अभिभावक शिक्षा सञ्चालन गर्न, सहजकर्ताहरूको पारिश्रमिक समय सापेक्ष व्यवस्थापन गर्न, बालविकास शिक्षकको वृत्ति विकास र क्षमता विकास तालिम सञ्चालन गर्न थप बजेट र कार्यक्रम आवश्यक रहेको छ।

### ३.२.३ उद्देश्य

उमेर समूहका सबै बालबालिकाहरूलाई स्थानीय स्थानमा गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा दिनु मुख्य उद्देश्य रहेको छ भने अन्य उद्देश्यहरू निम्नानुसार छन्।

१. चार वर्ष उमेरका सबै बालबालिकालाई नजिकको केन्द्रमा भर्ना गराउनु,
२. विद्यालय जाने तयारीका साथै सर्वाङ्गीण विकासमा मद्दत गर्नु,
३. न्यूनतम् मापदण्डअनुसार पुर्वाधार विकास र सिकाइ वातावरण तयार गर्नु,
४. कक्षा १ मा भर्ना हुनु पूर्व उमेर समूहका १०० प्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षा दिनु।

### ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्ने रणनीतिहरूः

१. विद्यालयका नभएको र भौगोलिक रूपमा विकट स्थानहरूमा सञ्चालित बालविकास केन्द्रहरूको भौतिक संरचना आवश्यक शैक्षिक सामग्री व्यवस्थापनमा सुधार गर्ने,
२. पूर्वप्राथमिक शिक्षामा प्ले ग्रुपसमेत बढीमा २ वर्षको बालविकास केन्द्र सञ्चालन गरी ४ वर्ष पूरा भएका बालबालिकालाई अनिवार्य कक्षा १ मा भर्ना गर्ने व्यवस्था गर्ने,
३. प्रारम्भिक बालविकाससम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) कार्यान्वयन गर्न लगानी बढाउने,
४. आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा दिने केन्द्रको नक्शाङ्कन, समायोजन र पुनर्वितरण गर्ने,

५. प्रारम्भिक बालविकास केन्द्रमा विद्यार्थी सङ्ख्याको आधारमा सहयोगीको व्यवस्था गर्न अभिभावक वा अन्य पक्षसँग साझेदारी गर्ने,

६. प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारिताका लागि अभिभावक शिक्षा सञ्चालन गर्ने,

७. बालविकास केन्द्रमा गुणस्तरीय दिवा खाजा र स्वास्थ्य सुरक्षाको व्यवस्था गर्ने।

### ३.२.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

१. बालविकास केन्द्रका पुनर्वितरण र व्यवस्थापन भएको हुनेछ।

२. ४ वर्ष सम्म उमेरका सबै बालबालिका पायक पर्ने स्थानमा बालविकास कक्षामा भर्ना भएका हुनेछन्।

३. ५ वर्ष लागेका सबै बालबालिका बाल कक्षाको अनुभवसहित कक्षा १ मा भर्ना भएका हुनेछन्।

४. गुणस्तरीय पूर्वाधार, शैक्षिक सामग्री र बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलव्ध भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप**

क) भर्ना अभियान कार्यक्रम,

ख) प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन र पुनर्वितरण,

ग) अभिभावक शिक्षा कार्यक्रम,

घ) प्रारम्भिक बालविकास केन्द्रको गुणस्तर सुधार कार्यक्रम,

ङ) बालविकास शिक्षकको क्षमता विकास तालिम कार्यक्रम,

च) विद्यार्थी सङ्ख्याको आधारमा जनशक्ति व्यवस्थापन,

छ) बालविकास केन्द्र विकासका लगानी साझेदारी कार्यक्रम,

ज) बालविकास केन्द्रको पूर्वाधार विकास कार्यक्रम।

## ग) परिमाणात्मक लक्ष्य

*तालिका ३.१ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | १० | |
| २ | अभिभावक शिक्षा | पटक | | १ | १ | १ | १ | १० | |
| ३ | बाल विकास केन्द्रको लेखाजोखा | पटक | | १ | | १ | | ५ | |
| ४ | बालविकास केन्द्रको पुनर्वितरण | पटक | | `१ | | | | २ | |
| ५ | बालमैत्री र मन्टेश्वरी प्रणालीमा आधारित बालविकास शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ८ | |
| ६ | प्रारम्भिक बालविकाससम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिकाको अभिमुखीकरण | पटक | १ | | १ | | १ | ५ | |
| ७ | केन्द्रमा शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्थापन | सङ्ख्या / केन्द्र | ५ | ५ | ५ | ५ | ५ | ४० | |
| ८ | विद्यार्थी सङ्ख्याको आधारमा थप जनशक्ति व्यवस्थापन | सङ्ख्या | | | | | १ | २ | |

## ३.३ आधारभूत शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन,२०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ को शिक्षालाई आधारभूत शिक्षा र कक्षा ९-१२ शिक्षालाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेको छ। आधारभूत र माध्यमिक शिक्षा संविधानमा स्थानीय तहको एकल अधिकार सूचीमा छ। शिक्षा सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार सूचीमा पनि छ। मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुने व्यवस्था छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनमा नगरिकको आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व तीनै तहको सरकारको हुने व्यवस्था छ। स्थानीय तहमार्फत प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अभिभावकको वासस्थानबाट पायक पर्ने स्थानमा दिने व्यवस्था गर्नुपर्ने व्यवस्थासमेत रहेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा विक्रम सम्वत २०८५ बैशाख १ गतेदेखि आधारभूत तह उत्तीर्ण नगरेको व्यक्ति कुनै पनि संस्थामा सदस्यको लागि योग्य नहुनेसमेत कानुनी व्यवस्था रहेको छ।

जीवनस्तर सुधार गर्न, समाज सुधार गर्न, गरीबी घटाउन समेत आधारभूत शिक्षा सबै भन्दा प्रभावकारी हुने अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सिप हासिल गरेर मात्रै पनि करोडौं मानिसहरू गरीबीबाट माथि उठ्न सक्ने तथ्य प्रकाशन गरेको छ। नगरपालिकाको सबैलाई आधारभूत शिक्षामा पहुँचको व्यवस्था गरी सबैलाई तह पूरा गराउन, गुणात्मक रूपमा सक्षमताहरू हासिल गर्न नगरपालिपकाले तोकिएको पाठ्यक्रम र मापदण्डहरू प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न योजना अवधिमा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थामा सुधार गर्ने क्रियाकलापहरू कार्यान्वयन गरिनेछ।

### ३.३.२ वर्तमान अवस्था

लेटाङ नगरपालिकामा सामुदायिक र संस्थागत दुबै प्रकारका विद्यालयहरू सञ्चालनमा छन्। भौगोलिक क्षेत्रको विकटता र स्रोतसाधान तथा विद्यार्थी सङ्ख्या र शिक्षकको कमीले गर्दा नगरको विभिन्न भूगोलमा कक्षा १-३, कक्षा १-५, कक्षा १-८ र कक्षा १-१० तथा १-१२ का विद्यालयहरूमा आधारभूत शिक्षाको प्रबन्ध गरिएको छ। सामुदायिकतर्फ ३२ र संस्थागततर्फ १६ वटा विद्यालयहरू छन्।

आधारभूत तहको कक्षा १ का नवप्रवेशी विद्यार्थीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत ८८.२ छ, कक्षा १ मा कूल भर्नादर १२२.१ प्रतिशत, कक्षा १ मा खुद भर्नादर ९३.४ प्रतिशत, कक्षा १-५ मा कुल भर्नादर १२०.५ प्रतिशत, कक्षा १-५ मा खुद भर्नादर

९४.४ प्रतिशत, कक्षा १-८ मा कुल भर्नादर ११८.९ प्रतिशत, कक्षा १-८ मा खुद भर्नादर ९३.८ प्रतिशत र कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क १.०० रहेको छ।

निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु, सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गतामैत्री, बालमैत्री बनाउनु, विद्यालय व्यवस्थापन गरी परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउनु, सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्नु आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरू हुन्।

### ३.३.३ उद्देश्य

आधारभूत शिक्षासम्बन्धी उद्देश्यहरूः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन,
२. नमुना आधारभूत विद्यालय विकास र विस्तार,
३. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धि बराबर बनाउनु,
४. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरी बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु।

### ३.३.४ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालय नक्शाङ्कन र मर्जिङबाट उपयुक्त स्थान र सङ्ख्यामा व्यवस्थापन गर्ने,
२. विद्यालय समायोजन र सञ्चालनमा सहमति निर्माण गर्ने,
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक मापदण्ड र बजेट (कोष स्थापना) सहित कार्यक्रमहरू व्यवस्था गर्ने,
४. आधारभूत तहको नमुना विद्यालय विकास गर्न स्रोत व्यवस्थापन गर्ने,
५. विद्यालय बहिर रहेका बालबालिकाहरूको खण्डीकृत विवरण सङ्कलन गरी विद्यालयमा पहुँच सुनिश्चित गर्न सहायता र सहजीकरण गर्ने,
६. वैकल्पिक तथा परम्परागत शिक्षा तथा सिकाइ कार्यक्रमलाई गुणस्तरीय बनाउन सहयोग र अनुदानका कार्यक्रमहरू प्रभावकारी बनाउने,
७. विद्यालयका भौतिक पूर्वाधारहरू मर्मत संरक्षण र निर्माण गरी स्तरीय बनाई आकर्षक बनाउने,
८. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने,
९. पाठ्यक्रम र सिकाइसम्बन्धी शिक्षकलाई पेसागत विकास सहायता र तालिमको व्यवस्था गर्ने,
१०. मूल्याङ्कनलाई सिकाइका लागि र सुधारका लागि प्रयोग गर्न सहयोग गर्ने,

११.विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक शिक्षा तालिम सञ्चालन गर्ने,

१२.स्थानीय पाठ्यक्रममार्फत जलवायु परिवर्तन, प्रकोप व्यवस्थापन, कानुनी शिक्षा तथा सचेतना शिक्षा दिने,

१३.पिछडीएका क्षेत्र, गरिव परिवार, बालिका, अपाङ्गता भएका र टुहुरा बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गर्ने।

### ३.३.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

#### क) उपलब्धि

क) आधारभूत शिक्षामा पहुँच वृद्धि भई सिकाइ उपलब्धि र गुणस्तरमा सुधार देखिने,

ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको लागि लगानी वृद्धि हुने,

ग) आधारभूत विद्यालयहरूको सवल र आकर्षक पूर्वाधारहरू विकास भएको,

घ) आधारभूत तहको शिक्षालाई विपद् उत्थानशील संरचना र संस्थागत विकास भएको हुने,

ङ) सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सिकाइ गर्न पूर्वाधारयुक्त संरचना विकास भएको हुने,

च) जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।

#### ख) प्रमुख क्रियाकलाप

१. पहुँच सुधार कार्यक्रम,

२. नमुना आधारभूत विद्यालय विकास कार्यक्रम,

३. विद्यालय समायोजन कार्यक्रम,

४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन कोष सञ्चालन,

५. सिकाइ उपलब्धि वृद्धि कार्यक्रम,

६. पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी कष्टमाइज तालिम,

७. सूचना प्रविधि विकास र प्रयोग वस्तार कार्यक्रम,

८. शिक्षक प्रोत्साहन कार्यक्रम,

९. शिक्षा, विद्यालय पोषण स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा सहजीकरण र अभिभावक शिक्षा कार्यक्रम,

१०. सिकाइमा कम्प्यूटर र सूचना प्रविधि उपयोग कार्यक्रम,

११. सिकाइ शिविर सञ्चालन।

## ग) परिमाणात्मक लक्ष्य

*तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यार्थी भर्ना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| २ | विद्यालयबाहिर रहेका बालवालिका भर्ना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३ | आधारभूत नमुना विद्यालय विकास कार्यक्रम | सङ्ख्या | | | १ | | | १ | |
| ४ | विपद् न्यूनीकरणसहितको विद्यालय सुधार योजना निर्माण र अध्यावधिक सहजीकरण | पटक | १ | १ | १ | १ | १ | १० | |
| ५ | पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी कष्टमाइज तालिम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ६ | दरबन्दी मिलान कार्यक्रम | कक्षा | | १ | | | १ | ४ | |
| ७ | विद्यालय, स्वास्थ्य तथा पोषण | पटक | १ | १ | १ | १ | १ | १० | |
| ८ | विद्यालय समायोजन तथा एकीकरण | पटक | १ | | | | १ | ४ | |
| ९ | परीक्षा सुदृढिकरण र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १० | |
| १० | वडा तथा नगर स्तरीय विज्ञान, गणित र प्रविधि प्रतियोगिता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ११ | सिक्दै सिकाउँदैका लागि उपचारात्मक सिकाइ तथा आधारभूत सिकाइ शिविर सञ्चालन | पटक | | १ | १ | १ | १ | ८ | |
| १२ | आधारभूत विद्यालयमा कम्प्यूटर प्रविधिको पूर्वाधार विकास (स्मार्टबोर्ड व्यवस्थापन) | सङ्ख्या | | | | १ | १ | २० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | निरन्तर विद्यार्थी मूल्याङ्कन र आन्तरिक मूल्याङ्कन व्यवस्थापन सुधार | पटक | १ | १ | १ | १ | १ | १० | |
| १४ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयन कोष सञ्चालन | पटक | | १ | १ | १ | १ | ९ | |
| १५ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | १० | |

## ३.४ माध्यमिक शिक्षा

### ३.४.१ परिचय

नेपालको संविधानले २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक हुने व्यवस्था गरेको छ। संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको भए तापनि गुणात्मक शिक्षा सबैको दायित्व हुन्छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षा तोकेको छ। माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसरको प्रवन्ध गर्दै माध्यमिक तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सिप मूलक र व्यावहारिक बनाउनु आजको आवश्यकता हो। विद्यार्थीले हासिल गरेको आधारभूत भाषिक र गणितीय सिप को उपयोग गरेर आफ्नो रूचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर आय आर्जनको बाटो सुनिश्चित गर्ने मार्गदर्शन माध्यमिक तहको शिक्षाले गर्दछ। नगरपालिपकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.४.२ वर्तमान अवस्था

यस पालिकाभित्र हाल कक्षा १-१० सञ्चालित १० समुदायिक र १० सस्थागत विद्यालय छन्, जसमध्ये १ विद्यालयमा प्राविधिक धारअन्तर्गत कम्प्युटर इन्जिनियरिङको पठन पाठन शैक्षिक सत्र २०७७ बाट शुरुभएको छ। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ७३.७ र कुल भर्नादर १०३.२ रहेको छ भने ९-१२ को खुद भर्ना दर ५४.३ र कुल भर्नादर ७७.३ रहेको छ। माध्यमिक तहको खुद भर्नादरमा लैङ्गिक समता सूचक १.०० रहेको छ।

माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः

१. सिपमूलक शिक्षा कार्यान्ययनमा लैजाने,
२. निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने,
३. माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने,
४. विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने,
५. प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने,
६. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने,
७. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने,
८. सिकाइ उपलब्धिलगायत शैक्षिक क्रियाकलापमा लैङ्गिक समता कायम गर्ने,
९. विषयगत दरबन्दी र शिक्षकको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति बढाउने,
१०. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ.व्यवस्थापन गर्ने,

११.प्रत्येक विद्यालयमा तहगत कर्मचारी दरबन्दी व्यवस्थापन गर्ने।

### ३.४.३ उद्देश्य

१. माध्यमिक शिक्षामा सबैको पहुँच र गुणस्तरमा सुधार गर्नु,
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
३. माध्यमिक शिक्षामा भर्ना, टिकाउ दर र सिकाइ उपलब्धिमा समेत लैङ्गिक समता सुधार्नु,
४. माध्यमिक तहमा कक्षा छोड्ने र दोहोऱ्याउने दर शून्य बनाउनु,
५. विषयगत सिकाइलाई सहज बनाउन विषयगत शिक्षकका साथै बैकल्पिक व्यवस्थापन गर्नु,
६. प्राविधिक र अन्य पूर्वाधार पर्याप्त विकास गर्नु।

### ३.४.४ रणनीति

माध्यमिक शिक्षाको उद्देश्यहरू हासिल गर्ने रणनीतिहरू निम्न छन्ः

१. माध्यमिक शिक्षा ११-१२ समेतमा सुलभ पहुँचका लागि माध्यमिक विद्यालयहरूको क्षमता विकास गर्ने,
२. माध्यमिक विद्यालयमा विषयगत शिक्षक अभाव हुन् नदिन सूचना प्रविधिको उपयोगमार्फत विज्ञ शिक्षकको उपयोग गर्ने,
३. बालबालिकाको पहुँच सुनिश्चित गर्न सहज हुने गरी विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा एकीकरण गरी गुणस्तर सुधार गर्ने,
४. निःशुल्क माध्यमिक शिक्षामा समावेशी सहभागीता सुनिश्चित गर्न छात्रवृत्ति व्यवस्था गरी स्तरीय मापदण्डका आधारमा वितरण गर्ने,
५. प्राविधिक शिक्षातर्फ कम्प्युटर इन्जिनियरिङ कक्षा ९-१२ लाई गुणस्तरीय बनाउन पूर्वाधार विकास गर्ने,
६. नगरमा अध्ययन गर्ने माध्यमिक तहका विद्यार्थीहरूलाई आवासमा बस्ने व्यवस्था गरी गुणस्तर सुधार गर्ने,
७. माध्यमिक विद्यालयमा शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि उपयोग बढाउने,
८. विद्यालयको प्रशासनिक र प्राज्ञिक काम गर्न बढी योग्य, क्षमतायुक्त र प्रतिस्पर्धी प्रधानाध्यापक र सहायक प्रधानाध्यापकको व्यवस्थापन गर्ने,
९. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
१०.सामुदायिक विद्यालयमा कक्षा ११-१२ विज्ञान विषयको गुणस्तरीय अध्ययनका लागि बढाउन पर्याप्त पूर्वाधार विकास गर्ने,
११. आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्ने,
१२. विभिन्न विषयगत शिक्षकहरूको समूह र समितिहरू परिचालन गर्दै अतिरिक्त कक्षाका साथै अतिरिक्त कार्यक्रमहरू सञ्चालन गरी आधारभूत वृत्ति परामर्श प्रदान गर्ने,

१३. माध्यमिक तहका सिकाइ क्रियाकलाप र परीक्षा व्यवस्थापन सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने।

### ३.४.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

१. माध्यमिक तहको शिक्षामा समतामूलक पहुँच र निःशुल्क शिक्षाको विस्तार हुने,
२. माध्यमिक तहमा खुद भर्ना र टिकाउ दरमा वृद्धि हुने,
३. माध्यमिक विद्यालयमा न्यूनतम आधारभूत मापदण्डको सेवा पुगेको हुने,
४. विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धिसहित मध्यमिक शिक्षा पूरा गर्ने प्रतिशत बढेको हुने,
५. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग गर्ने पूर्वाधार विस्तार भएको हुने,
६. विद्यालयको संस्थागत सक्षमता र सुशासन अभिवृद्धि भएको हुने,
७. विषयगत शिक्षकको सेवा दिन बैकल्पिक प्रणालीहरूको उपयोग हुने,
८. माध्यमिक शिक्षाको गुणस्तरमा सुधार भएको हुने,
९. शैक्षिक क्रियाकलापमा लैङ्गिक समता सूचकमा सुधार भएको हुने।

**ख) क्रियाकलाप**

१. माध्यमिक शिक्षामा पहुँच सुधार,
२. विज्ञान तथा प्रविधि, गणित, भाषा र विषयगत प्रतियोगिता,
३. विद्यार्थी वृत्ति परामर्श कार्यक्रम,
४. सूचना प्रविधि ल्याव, विज्ञान प्रयोगशाला र पुस्तकालय विकास कार्यक्रम,
५. माध्यमिक विद्यालयको कक्षाकोठा र भवन विकास कार्यक्रम,
६. नतिजा सुधारका लागि सिकाई र परीक्षा सुधार कार्यक्रम,
७. सिकाइमा सूचना प्रविधि प्रयोग विस्तार तालिम कार्यक्रम,
८. मापदण्ड अनुसार प्रधानाध्यापक र विषयगत समितिहरू व्यवस्थापन,
९. माध्यमिक शिक्षकको क्षमता विकास तालिम कार्यक्रम,
१०. सूचना प्रविधिमार्फत योजना र तथ्याङ्क प्रणाली सुधार,
११. दरबन्दी  मिलान र व्यवस्थापन,

## ग) परिमाणात्मक लक्ष्य

*तालिका ३.३ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | माध्यमिक शिक्षामा पहुँच सुधार तथा भर्ना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| २ | विज्ञान तथा प्रविधि, गणित, भाषा र अन्य विषयगत प्रतियोगिता सञ्चालन | पटक | | १ | १ | १ | १ | १० | |
| ३ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ४ | विद्यार्थी वृत्ति परामर्श कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ५ | सूचना प्रविधि ल्याब, विज्ञान प्रयोगशाला र पुस्तकालय विकास कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | १० | |
| ६ | नतिजा सुधारका लागि सिकाइ र परीक्षा सुधार कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ७ | सिकाइमा सूचना प्रविधि प्रयोग तालिम कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | १० | |
| ८ | मापदण्डअनुसार प्रधानाध्यापक र विषयगत समितिहरू व्यवस्थापन | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | |
| १२ | सूचना प्रविधिमार्फत योजना र तथ्याङ्क प्रणाली सुधार | प्रतिशत | १ | १ | १ | १ | १ | १० | |
| १३ | दरबन्दी मिलान तथा व्यवस्थापन | पटक | | | | | | ५ | |
| १४ | आन्तरिक मूल्याङ्कन तथा प्रयोगात्मक परीक्षा सुधार | पटक | १ | १ | १ | १ | १ | १० | |
| १५ | कमजोर सिकाइ सुधारका लागि उपचारात्मक सिकाइ | पटक | १ | १ | १ | १ | १ | १० | |
| १६ | माध्यमिक विद्यालयमा सूचना प्रविधि र डिजिटल शिक्षा सञ्चालन पूर्वाधार विकास (स्मार्ट बोर्ड) | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | | १० | |

## ३.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.५.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको उपलब्धता तथा यसमा विभिन्न समूह र समुदायका विद्यार्थी तथा वयस्कहरूको सहभागिताको यकिन तथ्याङ्क पालिकामा राख्न सकिएको छैन। तालिम लिएका युवाहरूले तालिम लिएर वा कामका आधारमा कार्य गरे तापनि सिप परीक्षण कार्यक्रममा कमै मात्र समावेश भएको पाइन्छ। प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा प्राविधिक धारको एक माध्यमिक विद्यालय सञ्चालनमा छ। कम्प्युटर इन्जिनियरिङ विषयको प्राविधिक धार कक्षा ९-१२ मा पर्याप्त जनशक्तिको व्यवस्था रहेको छ। उत्पादित जनशक्तिले अध्ययन गरेकै क्षेत्रमा वृत्ति सुरक्षित गर्न सकेको पाइँदैन। कृषि, पर्यटन र साना होटल व्यवसाय यहाँको प्रमुख पेसा रहेको वारिष्टा, हेयर कटिङ, वाइरिङ र प्लम्विङ क्षेत्रमा युवहरूलाई तालिम दिँदै आएको छ। औपचारिक र अनौपचारिक क्षेत्रमा कार्य क्षमता भएका युवाको सिप परीक्षणमा समावेश गराउने हो भने युवाको आय र उत्पादन बढाउन सकिन्छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमबाट १५-४५ उमेर समूहको युवा वर्ग लाभाम्वित हुन् सक्छन।

प्रमुख समस्या र चुनौती

१. प्राविधिक जनशक्तिको अभिलेखीकरण र उपयोग गर्ने,
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमलाई गुणस्तरीय बनाउने,
३. प्राविधिक धार सञ्चालन गर्ने विद्यालयको सुदृढीकरण गर्ने,
४. OJT लाई प्रभावकारी बनाउने र सिप को बजारीकरण गर्ने,
५. योग्य जनशक्ति व्यवस्थापन गर्ने।

### ३.५.२ उद्देश्य

१. प्राविधिक धार सञ्चालन भएको विद्यालयको पूर्वाधार र गुणस्तर सुधार गर्नु,
२. १५-४५ उमेर समूहको युवा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्नु।

### ३.५.३ रणनीति

१. श्रम र सिपको सम्मान गर्न अतिरिक्त कार्यक्रम सञ्चालन गर्ने,
२. माध्यमिक विद्यालयमा कुनै क्षेत्रको आधारभूत व्यवसायिक सिप सबैलाई जानकारी गराउन कार्यक्रमहरू सञ्चालन गर्ने,
३. प्राविधिक धार सञ्चालन भएको विद्यालयमा सेवा केन्द्र सञ्चालनमा ल्याउने,
४. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा पहुँच विस्तार गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

१.प्राविधिकधार सञ्चालित विद्यालयको सुदृढीकरण भएको हुनेछ,
२.माध्यमिक शिक्षा उत्तीर्ण विद्यार्थीले आधारभूत व्यावसायिक सिप सिकेको हुनेछन्,
३.प्राविधिक धारको शिक्षाको OJT प्रभावकारी भइ पूरा गरेको युवाहरूको सिप परीक्षण गरिएको हुनेछ ।

**ख) क्रियाकलाप**

१. प्राविधिक धार सञ्चालित विद्यालयको गुणस्तर सुधार कार्यक्रम,
२. माध्यमिक तहमा व्यावसायिक शिक्षाको आधारभूत सिप विकास कार्यक्रम,
३. सिप प्रमाणीकरण पहुँच कार्यक्रम,
४. व्यावसायिक शिक्षा र प्राविधिक जनशक्तिको अभिलेखीकरण,
५. प्राविधिक विद्यालयमा सेवा केन्द्र सञ्चालन।

**ग) परिमाणात्मक लक्ष्य**

*तालिका ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्राविधिक धार सञ्चालित विद्यालयको गुणस्तर सुधार कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| २ | माध्यमिक तहमा व्यवसायिक शिक्षाको आधारभूत सिप विकास कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | १० | |
| ३ | सिप प्रमाणीकरण पहुँच कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | १० | |
| ४ | व्यावसायिक शिक्षा र प्राविधिक जनशक्तिको अभिलेखीकरण र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | १० | |
| ५ | प्राविधिक विद्यालयमा प्राविधिक सेवा केन्द्र सञ्चालन | सङ्ख्या | १ | | | | | १ | |

## ३.६ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ

### ३.६.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सिप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समुदायमा बसेका विभिन्न तह तप्काका व्यक्तिहरूमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै उनीहरूको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सिपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

### ३.६.२ वर्तमान अवस्था

यस पालिकामा विगतमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन भएको तथा उक्त कार्यक्रम पश्चात् २०६२ सालदेखि पालिकामा १ सामुदायिक सिकाइ केन्द्र भएको थियो जुन अहिले निश्क्रिय रहेको छ। हालसम्म यस पालिकामा पढ्न र लेख्न दुवै जान्ने सङ्ख्या ७७.४ प्रतिशत रहेका छन्, पढ्न मात्र जान्ने ०.२ प्रतिशत र पढ्न र लेख्न दुवै नजान्ने २२.४ प्रतिशत जनसङ्ख्या रहेको छ (जनगणना २०७८)। यस पालिकामा रहेका २२.४ प्रतिशत जनसङ्ख्यालाई साक्षर वनाउने साक्षरलाई साक्षरोत्तर र निरन्तर शिक्षाका काम गर्न आवश्यक रहेको र जसका लागि निस्क्रिय अवस्थामा रहेको सामुदायिक सिकाइ केन्द्रलाई सक्रिय बनाउने तथा सामुदायिक पुस्तकालयसँग साझेदारीमा साक्षरता र सिप विकास कार्यक्रम गर्ने।

अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः

१. सामुदायिक पुस्तकालय मार्फत युवा परिचालन र निरन्तर सिकाइ कार्यक्रम सञ्चालन गर्ने,
२. सामुदायिक सिकाइ केन्द्रलाई पुनर्स्थापना गर्ने,
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्ने,
४. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिपसगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन गर्ने,
५. मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन गर्ने,
६. स्थानीय सामग्री विकास र उपयोग गर्ने,

७. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउने,
८. सामुदायिक सिकाइ केन्द्रमार्फत सामुदायिक सूचना केन्द्र र पुस्तकालय कार्यक्रम सञ्चालन गर्ने।

### ३.६.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. साक्षर लेटाङलाई सार्थक गर्नु,
२. साक्षरतालाई सिपसँग आवद्ध गरी रोजगारका अवसर प्रदान गर्नु,
३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने।

### ३.६.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिने छः

१. साक्षरता कार्यक्रमहरू सञ्चालन गर्ने,
२. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरीक समाज, टोल विकास, राजनैतिक दल सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गर्ने,
३. सामुदायिक पुस्तकालय र सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्ने,
४. मौलिक एवम् परम्परागत ज्ञान तथा सिप को पहिचान, संरक्षण, प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गर्ने,
५. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी सामग्रीहरू तयार गर्ने,
६. सामुदायिक सिकाइ केन्द्रमा आवश्यक प्रविधि र पूर्वाधार विकास गर्ने,

### ३.६.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

१. साक्षरता वृद्धि हुने,
२. लक्षित वर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने,
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने,
४. सामुदायिक सिकाइ केन्द्रको नियमित सञ्चालन हुने,
५. स्थानीय माग र आवश्यकताका आधारमा सक्षरता र निरन्तर सिकाइ कार्यक्रम नियमित सञ्चालन हुने।

**ख) क्रियाकलाप**

१. साक्षरता विवरण अध्यावधिक कार्यक्रम,
२. साक्षरता तथा निरन्तर सिकाइ कार्यक्रम,

३. साक्षरता र निरन्तर सिकाइको स्थानीय सामग्री विकास,
४. स्थानीय सामग्री विकास,
५. क्षमता विकास कार्यक्रम,
६. लक्षित समूह परिचालन कार्यक्रम,
७. सिकाइ केन्द्र र पुस्तकालय विकास,
८. योग, सत्संङ्ग नैतिक र सदाचार शिक्षा,

**ग) परिमाणात्मक लक्ष्य**

*तालिका ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | साक्षरता तथ्यङ्क अध्यावधिक कार्यक्रम | पटक | | १ | १ | | १ | ५ | |
| २ | साक्षरता, साक्षरोत्तर र सिप विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३ | सामुदायिक सिकाइ केन्द्र र केन्द्र व्यवस्थापन समिति क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ७ | |
| ४ | साक्षरता र निरन्तर सिकाइको स्थानीय सामग्री विकास | सङ्ख्या | | १ | | | | १ | |
| ५ | स्थानीय विज्ञद्वारा निरन्तर सिकाइ सामग्री विकास | सङ्ख्या | | १ | १ | १ | १ | ९ | |
| ६ | साक्षरता कार्यक्रम सञ्चालनमा स्थानीय सङ्घसंस्था परिचालन | पटक | | १ | | १ | | ५ | |
| ७ | परिचालकको क्षमता विकास | पटक | | | | | | ५ | |
| ८ | सामुदायिक पुस्तकालयहरूको विकास | पटक | | | १ | १ | १ | ८ | |
| ९ | जीवनपर्यान्त सिकाइमा योग, सत्संङ्ग, आध्यात्मिक, प्रेरणात्मक र नैतिक शिक्षा | पटक | | | १ | १ | १ | ८ | |
| १० | परम्परागत विद्यालय तथा शिक्षालय (गुरूकुल) व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | |

## ३.७ उच्च शिक्षा

### ३.७.१ परिचय

उच्च शिक्षा सामाजिक, आर्थिक तथा शैक्षिक विकासको प्रमुख आधार हो। माध्यमिक तह (कक्षा १२) पूरा गरेपछि विद्यार्थीहरू आफ्नो रुचि, क्षमता र भविष्यको पेसागत आवश्यकताअनुसार उच्च शिक्षा हासिल गर्न चाहन्छन्। उच्च शिक्षा विशिष्टीकृत, अनुसन्धानमुखी तथा सिप केन्द्रित हुने भएकाले यसले दक्ष, सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्दछ।

यस स्थानीय तहमा उच्च शिक्षा प्रदान गर्ने सस्था लेटाङ क्याम्पस हो।यो मोरङ जिल्लाको लेटाङ नगरपालिकामा अवस्थित एक सामुदायिक उच्च शैक्षिक संस्था हो। वि.सं. २०६६ सालमा स्थापना भएको यस क्याम्पसले स्थानीय विद्यार्थीहरूलाई उच्च शिक्षामा पहुँच सुनिश्चित गर्दै आएको छ। क्याम्पस त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त भई शिक्षा सङ्काय (B.Ed.) सञ्चालन गर्दै आएको छ। हाल करिब २००—३०० विद्यार्थीहरू अध्ययनरत यस क्याम्पसले स्थानीय स्तरमा दक्ष जनशक्ति उत्पादन गर्दै नगरको शैक्षिक विकासमा योगदान पुऱ्याइरहेको छ।

लेटाङ नगरपालिकाको दीर्घकालीन विकास, सुशासन, उद्यमशीलता प्रवर्द्धन तथा स्थानीय स्रोत—साधनको प्रभावकारी उपयोगका लागि उच्च शिक्षाको पहुँच विस्तार र गुणस्तर सुदृढीकरण आवश्यक देखिएको छ। यस सन्दर्भमा नगरपालिकाले उच्च शिक्षालाई मानव संसाधन विकासको मेरुदण्डका रूपमा लिँदै यो योजना तर्जुमा गरेको छ।

### ३.७.२ वर्तमान अवस्था

लेटाङ नगरपालिकामा हाल **एक वटा सामुदायिक क्याम्पस सञ्चालनमा रहेको** छ, तथापि उच्च शिक्षाका अवसरहरू सीमित छन्। उपलब्ध विषय, भौतिक पूर्वाधार, पुस्तकालय, सूचना प्रविधि तथा दक्ष प्राध्यापकको अभावका कारण उच्च शिक्षा अध्ययन गर्न चाहने धेरै विद्यार्थीहरू **विराटनगर, धरान, इटहरी, धनकुटा लगायतका सहरहरूमा** जान बाध्य छन्।

यस अवस्थाले आर्थिक रूपमा कमजोर, ग्रामीण तथा सिमान्तकृत वर्गका विद्यार्थीहरूमा उच्च शिक्षामा पहुँचको असमानता सिर्जना गरेको छ। नगरपालिकाभित्र उच्च शिक्षाको विस्तार, क्याम्पसको संस्थागत सुदृढीकरण र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न योजनाबद्ध प्रयास आवश्यक देखिन्छ।

उच्च शिक्षामा देखिएका विद्यमान चुनौतीहरू

१. स्नातक तथा सम्भावित स्नातकोत्तर तह सञ्चालनका लागि सम्बन्धन तथा स्वीकृति प्राप्त गर्न कठिनाइ,
२. क्याम्पसको भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला तथा सूचना प्रविधि अपर्याप्त हुनु,
३. क्याम्पसको दिगो सञ्चालन, स्थायित्व र संस्थागत सुदृढीकरण,

४. योग्य, दक्ष तथा विषयगत प्राध्यापक र कर्मचारीको अभाव,
५. उच्च शिक्षालाई स्थानीय आवश्यकता, रोजगारी र उद्यमशीलतासँग जोड्न चुनौती।

### ३.७.३ उद्देश्य

१. लेटाङ नगरपालिकामा उच्च शिक्षाको पहुँच विस्तार गर्दै स्नातक तहको क्याम्पसको संस्थागत विकास र सुदृढीकरण गर्नु।
२. आवश्यक भौतिक, शैक्षिक तथा सूचना प्रविधि पूर्वाधार विकास गरी गुणस्तरीय उच्च शिक्षा सुनिश्चित गर्नु।

### ३.७.४ रणनीतिहरू

१. स्नातक तथा सम्भावित स्नातकोत्तर तह सञ्चालनका लागि त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय वा अन्य मान्य विश्वविद्यालयसँग सम्बन्धनका लागि पहल गर्ने,
२. क्याम्पसको संस्थागत विकासका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरी आर्थिक तथा प्राविधिक सहयोग सुनिश्चित गर्ने,
३. क्याम्पसको भौतिक पूर्वाधार, पुस्तकालय तथा सूचना प्रविधि विकासका लागि विश्वविद्यालय अनुदान आयोग तथा अन्य दातृ निकायसँग सहकार्य गर्ने,
४. योग्य तथा दक्ष प्राध्यापक व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्ने,
५. स्थानीय आवश्यकताअनुसार विषय छनोट गरी रोजगारमुखी तथा सिपमूलक उच्च शिक्षा प्रवर्द्धन गर्ने।

### ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा स्थानीय स्तरमै अध्ययन गर्ने अवसर उपलब्ध हुने।

#### ख) नतिजा

१. सूचना प्रविधिमैत्री, सुरक्षित र गुणस्तरीय भौतिक पूर्वाधार सहितको उच्च शिक्षा प्रणाली विकास हुने,
२. क्याम्पसको सञ्चालन, स्थायित्व तथा संस्थागत सुदृढीकरण हुने,
३. विद्यार्थीहरूलाई उच्च शिक्षाको अवसर सहज, सर्वसुलभ र समतामूलक रूपमा प्राप्त हुने

### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.६ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्नातककोत्तर तह सञ्चालनका लागि विश्वविद्यालय सम्बन्धन प्राप्त | सङ्ख्या | | | | | | १ | |
| २ | क्याम्पसको भौतिक पूर्वाधार (भवन, कक्षाकोठा, शौचालय) विकास | प्रतिशत | | | | | | १ | |
| ३ | पुस्तकालय तथा डिजिटल सिकाइ सामग्री विकास | सङ्ख्या | | | | | | १ | |
| ४ | सूचना प्रविधिमैत्री कक्षा (ICT ल्याब) स्थापना | सङ्ख्या | | | | | | १ | |
| ५ | योग्य तथा दक्ष प्राध्यापक व्यवस्थापन | प्रतिशत | | | | | | | |
| ६ | क्याम्पसको संस्थागत अनुदान उपलव्ध गराउने | सङ्ख्या | १ | १ | १ | १ | १ | १० | |

# परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पृष्ठभूमिः

विद्यालय शिक्षासँग अन्तर सम्बन्धित विषय क्षेत्रहरू शिक्षामा समता र समावेशीकरण, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालयमा भौतिक पूर्वाधार विकास, शिक्षामा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको अवस्था र विकास गर्नुपर्ने आवश्यकताको पहिचान गरी कार्यक्रम तय गरिएको छ। अन्तरसम्बन्धित विषयहरूको गुणात्मक विकास गरी शिक्षाको गुणस्तर सिकाइ सक्षमता र सुशासनका पक्षमा सुधारका क्रियाककलापहरू यसमा समावेश गरिएको छ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरी चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४.२ पाठ्यक्रम तथा मूल्याङ्कन

### ४.२.१ परिचय

औपचारिक शिक्षा सञ्चालनको लागि पाठ्यक्रमलाई मूल दस्तावेजको रूपमा उपयोग गरिन्छ। पाठ्यक्रम निर्माण र कार्यान्वयनको सिद्धान्त, प्रक्रिया देश तथा समाजको आवश्यकता र ज्ञान विज्ञानको विकास एवम् विश्व परिवेशले निर्धारण गर्दछ। नेपालमा विद्यालय शिक्षाको पाठ्यक्रम विकास र कार्यान्वयन गर्न शिक्षा सम्बन्धी अन्य नीतिगत व्यवस्थाहरूको अलावा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मार्गदर्शक दस्तावेजको रूपमा रहेको छ। नेपालको विद्यालय तहको पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्देशन गरे अनुसार तहगत, कक्षागत र विषयगत रूपमा तयार पारिएको छ। पाठ्यक्रममा विषयवस्तु देखि सिकाइ सहजीकरण प्रकृया र मूल्याङ्कन प्रक्रियासमेत व्यवस्था गरिएकोले शिक्षक र विद्यार्थीका लागि योजनाको रूपमा रहेको छ। पाठ्यक्रम तयारी र कार्यान्वयनको लागि संस्थागत रूपमा पाठ्यक्रम विकास केन्द्र रहेको छ। राष्ट्रिय पाठ्यक्रम परिषद्देखि स्थानीय तहसम्मको पाठ्यक्रम निर्माण र समन्वय समिति र कक्षागत र विषयगत शिक्षकको व्यवस्था गरिएको छ। कक्षा ८ सम्म स्थानीय पाठ्यक्रमको पनि व्यवस्था गरेको छ। विद्यालय शिक्षाको पाठ्यक्रम शिक्षाको आधारभूत ज्ञान र सिप विकासको लागि तयार गरिएको हुन्छ। पाठ्यक्रममार्फत विद्यार्थी र समाजको सुधार गर्ने लक्ष्य राखिएको हुन्छ। विद्यार्थीलाई केन्द्रमा राखेर बालबालिकाको सर्वाङ्गीण विकास गर्न आवश्यक ज्ञान, सिप र

सक्षमता विकास गर्न विषयवस्तुहरू समावेश गरिएको हुन्छ। मानव जीवनका व्यावहारिक समस्या समाधान र समाज विकास गर्न पाठ्यक्रमका प्रबन्ध हरू सहयोगी हुनुपर्दछ। सामाजिक मूल्य मान्यता, समसामयिक विकास, सूचना प्रविधिको विकास, बाल मनोबैज्ञानिक र सिकाइ सिद्धान्त, सिकाइ क्रियाकलाप र मूल्याङ्कनका विषयहरू पाठ्यक्रमका अन्तरसम्बन्धित विषयहरू हुन्। पाठ्यक्रम विकास र कार्यान्वयन एउटा निरन्तर प्रक्रिया हो। राष्ट्र, समाज र व्यक्तिको आवश्यकता र चाहना समयानुसार परिवर्तन भइरहन्छ। निर्धारित तहको लागि तोकिएको सिकाइ उपलब्धिहरू, प्राप्तिका लागि विद्यार्थीहरूलाई सिकाइ अनुभव आदनप्रदान गर्न र गराउन पाठ्यक्रम मूल दस्तावेज हो। पाठ्यक्रम निश्चित कक्षा र तहमा कुन कुन विषयवस्तु अध्यापन गर्ने विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गर्न मूल्याङ्कन गर्ने र गुणस्तरका लागि आवश्यक पृष्ठपोषण सहित सुधार र मूल्य  वा स्तर प्रदान गर्ने महत्त्वपूर्ण आधार हो। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट शिक्षाको संरचना र पूर्वाधारको उपादेयता वृद्धि र शिक्षाको गुणस्तर सुधार हुन्छ।

### ४.२.२ वर्तमान अवस्था

लेटाङ नगरपालिकामा सबै विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू हुँदै आएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूपकै प्रावधानअनुसार शैक्षिक सत्र २०७९ देखि नगरले आधारभूत तह कक्षा १-८ को स्थानीय विषयको पाठ्यक्रम स्थानीयस्तरमा निर्माण गरी कार्यान्वयन गरेको छ। शैक्षिक शत्र २०८० देखि कक्षा १-३ का लागि लिम्बू भाषाको स्थानीय पाठ्यक्रम समेत निर्माण गरी महेन्द्र मा.वि. लेटाङ ७ मा अलग्गै विषय शिक्षकसमेत व्यवस्था गरी कार्यान्वयन गरेको छ। स्थानीय पाठ्यक्रमको विषयले बालबालिकाहरूलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन र सिकाइमा आत्मविश्वास बढाउन सहयोग पुऱ्याएको छ। विद्यालय तहको पाठ्यक्रमलाई थप सान्दर्भिक तथा प्रभावकारी बनाउन स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा र परम्परागत ज्ञान तथा सिप मा आधारित स्थानीय विज्ञको परिचालन गरी नगरस्तरमा विकास गरी कार्यान्वयनमा रहेको छ। पाठ्यक्रम र सामग्री निर्माणदेखि नै शिक्षकहरूको संलग्नता रहेको र एक पटक सबैलाई अभिमुखीकरण तालिम सञ्चालन र कार्यान्वयनको तयारी गरिएकोले कार्यन्वयनमा सहज भइरहेको छ। विषयवस्तु स्थानीय भए तापनि सिकाइ सहजीकरण गर्न र विद्यार्थीलाई पढ्नका लागि सामग्रीको रूपमा हाम्रो लेटाङ स्रोत सामग्री र कक्षागत पाठ्यपुस्तक तयार गरी प्रयोगमा ल्याइएको छ। तर पनि सबै विद्यार्थीका लागि दिन सकिएको छैन।

विद्यालय तहको पाठ्यक्रममा रहेको नयाँ व्यवस्था, सिकाइ सहजीकरण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र सूचना प्रविधिको सिकाइमा उपयोग विषयमा नगरपालिकास्तरीय कस्टमाइज तालिम वार्षिक रूपमा सञ्चालन गर्ने गरिएको छ। तालिम सञ्चालन गर्न प्रशिक्षक प्रशिक्षण लिएका प्रशिक्षकको अभावले व्यवस्थापनमा चुनौती रहेको छ। शिक्षक सङ्ख्या न्यून भएका विद्यालयबाट तालिममा सहभागी गराउन पनि समस्या भएको र शिक्षकहरूलाई लामो समय नगरपालिकामा टिकाउन नसक्दा तालिम लिएका

शिक्षकको सङ्ख्या सधैं कम देखिने समस्या रहेको छ। पाठ्यक्रम, शिक्षक निर्देशिका र मूल्याङ्कन सम्बन्धी मापदण्डहरू स्वध्ययन र विद्यालयमा भएको सूचना प्रविधिको प्रयोग गर्नमा कतिपय शिक्षकहरू अभ्यस्त नहुँदा पाठ्यक्रम कार्यान्वयनको सक्षमता बढाउन कठिनाई भएको छ। पाठ्यक्रम कार्यान्वयको पर्याप्त तयारी, सम्बन्धित सिकाइ सामग्रीको उपलव्धता र उपयोग, पाठ्यक्रम कार्यान्वयनमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग, शिक्षकलाई सिनियर शिक्षकबाट सुपरिवेक्षण र पेसागत सहयोग, सिकाइका लागि विद्यार्थी मूल्याङ्कनको उपयोग र नियमित क्षमता विकास तालिम सञ्चालनबाट पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने यस योजनाको रणनीति रहेको छ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमार्फत उपचारात्मक वा थप सिकाइ सहायता सहित मूल्याङ्कन गर्ने व्यवस्था कार्यान्वयन गरिएको छ। अन्य कक्षाहरूमा पनि पाठ्यक्रमले तोकेको मूल्याङ्कनसम्बन्धी मापदण्ड कार्यान्वयन गरिएको छ। यसको लागि शिक्षक क्षमता विकास र सुपरिवेक्षण गरी सहायता उपलव्ध गराइएको छ। विद्यालयहरूले सिकाइको आवधिक मूल्याङ्कनको रूपमा आन्तरिक परीक्षा र वार्षिक परीक्षाको व्यवस्था गरेका छन्। नगरपालिका र राष्ट्रिय परीक्षा बोर्डले वार्षिक परीक्षा सञ्चालन गरी विद्यार्थी मूल्याङ्कन र कक्षोन्नति गर्ने अभ्यास रहेको छ।

पाठ्यक्रम तथा मूल्याङ्कन क्षेत्रका विद्यमान चुनौतीहरूः

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा प्रयोगका लागि क्षमता विकास गर्ने,
२. प्रारम्भिक कक्षाहरूको सिकाइ सहजीकरणमा विविध क्रियाकलाप सञ्चालनमा मातृभाषा, स्थानीय भाषा, बहुभाषाको प्रयोग गर्ने,
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने,
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्ने,
५. स्थानीय पाठ्पुस्तक सबै विद्यार्थीलाई निःशुल्क उपलव्ध गराउने,
६. सिकाइ सहजीकरण र मूल्याङ्कनका मापदण्डको पूर्ण परिपालना गर्ने।

### ४.२.३ उद्देश्य

योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. राष्ट्रिय र स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आवश्यक सामग्रीको उपलव्धता, दक्ष जनशक्ति तयारी प्रभावकारी उपयोग मार्फत गुणस्तरीय शिक्षा प्रदान गर्दै नगरको विकास लक्ष्य प्राप्तिमा सहयोग गर्नु,
२. पाठ्यक्रम र दैनिक जीवनसँग सम्बन्धित विषयवस्तुलाई पाठ्यक्रम निर्देशित र वैकल्पिक सिकाइ सहजीकरणबाट उपलब्धिपूर्ण बनाउनु,
३. पाठ्यक्रम र यससँग सम्बन्धित मापदण्डहरूको कार्यान्वयन, क्षमता विकास, मूल्याङ्कन र कार्यमूलक अनुसन्धानबाट सिकाइ गुणस्तर बढाउनु।

### ४.२.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरूः

१. पाठ्यक्रम विज्ञ र विषयगत शिक्षक समूहहरू निर्माण र परिचालन गर्ने,
२. स्थानीय पाठ्यक्रमलाई अझ समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रयोगयोग्य बनाउन पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुभव र अनुसन्धानमा आधारित बनाउने,
३. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कायान्वयन प्रक्रियालाई सहभागीतामूलक बनाई स्थानीय पाठ्यसामग्री थप सुधार गर्ने,
४. स्थानीय पाठ्यक्रममा कृषि प्रविधि, जलवायु परिवर्तन र कानुनका आधारभूत विषय समावेश गर्दै जाने तथा विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
५. पाठ्यक्रम र सिकाइ सामग्रीहरू डिजीटल गर्न सूचना प्रविधिको उपयोग गर्ने,
६. प्रारम्भिक र प्राथमिक कक्षाहरूमा मातृभाषा र स्थानीय भाषालाई उपयुक्त स्थान दिने,
७. अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक सिकाइ अवसर वृद्धि गर्न कार्यहरू गर्ने,
८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउन क्षमता विकास, शिक्षक सहायता र अनुगमन गर्ने,
९. आधारभूत तहको कक्षा ५ र ८ को सिकाइ तथा मूल्याङ्कन (Item bank)लगायत सामग्रीहरू विकास, उपयोग र व्यवस्थापन गर्न शिक्षक र विद्यालयको क्षमता विकास गर्ने।

### ४.२.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

पाठ्यक्रम कार्यान्वयनमा विद्यालय स्तरसम्म क्षमता विकास भएको। आधारभूत तहको स्थानीय पाठ्यक्रमसहित पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया र मूल्याङ्कन प्रणाली प्रभावकारी भई पाठ्यक्रमले तोकेको विद्यार्थीका सक्षमताहरू, व्यवहार कुशल तथा जीवनोपयोगी सिपहरू अधिकतमस्तर प्राप्त, प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग पुगेको हुने।

**ख) क्रियाकलाप**

१. स्थानीय पाठ्यक्रम परीमार्जन तथा विकास,
२. मातृभाषाको पाठ्यक्रम विकास,
३. पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम,
४. मूल्याङ्कन मापदण्ड अभिमुखीकरण,
५. शिक्षण सिकाइ योजना, निर्देशिका, विशिष्टीकरण तालिका प्रयोग क्षमता विकास तालिम,
६. विद्यालयमा पाठ्यक्रम र सन्दर्भ सामग्रीको व्यवस्थापन,
७. मूल्याङ्कन प्रक्रिया र परीक्षा सुधार।

## ग) परिमाणात्मक लक्ष्य

*तालिका ४.१ पाठ्यक्रम तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | | | | | | | | |
| १.१ | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन | पटक | १ | | १ | | | १ | |
| १.२ | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोगसम्बन्धी तालिम | पटक | | १ | १ | १ | १ | ९ | |
| १.३ | मातृभाषाको पठ्यक्रम विकास र परिमार्जन | पटक | | | १ | | | २ | |
| २ | पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी मापदण्डको कार्यान्वयन | | | | | | | | |
| २.१ | पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी क्षमता विकास तालिम आधारभूत तह | पटक | १ | १ | १ | १ | १ | १० | |
| २.२ | पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी क्षमता विकास तालिम माध्यमिक तह | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३ | सन्दर्भ सामग्रीको विकास र उपयोग | | | | | | | | |
| ३.१ | विषयगत शिक्षक समूह निर्माण | सङ्ख्या | १ | २ | ३ | ४ | | ६ | |
| ३.२ | विषयगत समूहबाट सिकाइ सामग्री विकास तथा उत्पादन | सङ्ख्या | २ | २ | २ | २ | २ | २० | |
| ३.३ | सामग्री डिजिटाइजेसन र डिजिटल सामग्री उपयोग तालिम | सङ्ख्या | | २ | २ | २ | २ | २० | |

## ४.३ शिक्षक व्यवस्थापन र विकास

### ४.३.१ परिचय

शिक्षण पेसामा आवश्यक जनशक्ति तयारी, छनौट, नियुक्ति,परिचालन, सेवा सुविधा र सेवाबाट अवकास जस्ता व्यापक क्षेत्र शिक्षक व्यवस्थापन र विकासअन्तर्गत पर्दछ। योग्य शिक्षकको प्रप्तिका लागि पर्याप्त तयारी गर्नु र तुलनात्मक रूपमा आशालाग्दो पेसागत वृत्तिपथको आवश्यकता पर्दछ। शिक्षक व्यवस्थापन कुन तहको सरकारले गर्ने भन्ने सवालमा व्यापक छलफल हुनु पर्दछ। नगरपालिकाले शिक्षक व्यवस्थापन र विकास अन्तर्गत कामहरूमा शिक्षकलाई खुसी बनाई पेसागत कार्यमा लगाउनु पर्दछ। शिक्षक सिकाइ सहजीकरण प्रक्रियाको मुख्य व्यक्तिको रुपमा रहन्छ। सिकारु र शिक्षकबिचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। अध्यापन गराउनुपर्ने विषयवस्तुका बारेमा गहन ढङ्गले ज्ञान लिन शिक्षक सधैं अध्ययनशील हुनु पर्दछ। शिक्षकमा आफ्नो पेसाप्रति प्रतिबद्धता, कक्षा व्यवस्थापन, विद्यार्थी तथा अभिभावकहरू र सहकर्मीबीच प्रभावकारी सञ्चार र सहकार्य गर्ने सक्षमताहरू हुनु पर्दछ। शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री सङ्कलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्नु पर्दछ।

योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

### ४.३.२ वर्तमान अवस्था

#### शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको थियो। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुन्का लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुन्का लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठत पेसाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। स्थायी शिक्षक नियुक्ति गर्ने कार्यले नियमितता पाउदा शिक्षण पेसामा युवाहरूको आकर्षण बढ्दै गएको तथ्य शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने सङ्ख्याले पनि पुष्टि गर्छ। शिक्षक सेवा आयोगबाट

नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई शिक्षा विकास तथा समन्वय इकाइले स्थायी नियुक्ति दिइ स्थानीय तहले विद्यालयमा पदस्थापन गर्ने अभ्यास रहेको छ।

**शिक्षक तयारी**

शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली २०५९, शिक्षक सेवा आयोग नियमावली २०५७, शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षाशास्त्रमा प्रविणता प्रमाणपत्र वा सोसरह उत्तीर्ण वा १० महिने तालिम गरेको व्यक्ति र वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्यता प्राप्त मानिन्छ। माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ।

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। शिक्षकको दक्षता र क्रियाशीलताले सिकाइको गुणस्तर निर्धारण गर्दछ। शिक्षण पेसामा आवद्ध जनशक्तिमा विषयवस्तुको ज्ञानको साथै बाल मनोविज्ञान, पेसागत प्रतिवद्धता, सूचना प्रविधिको उपयोग, सञ्चार सिप र व्यवस्थापन सिपहरू आवश्यक पर्दछ। पेसागत हिसाबले विद्यालय कर्मथलो भएको र यस्ता गाउँबस्तीमा रहने भएकोले धीरता र लगनशीलताको समेत आवश्यक पर्दछ। यी सबैको लागि विशेष तयारी गर्नु आवश्यक हुन्छ। यसको तयारी सामान्यतः विश्वविद्यालयबाट हुने गरे तापनि नेपालमा विद्यालय तहमा पनि हुने गरेको छ। शिक्षकको उपलव्धता र गुणस्तरको विषयलाई लिएर शिक्षक तयारीको विषयमा अध्ययन अनुसन्धान एवम् नयाँ बहस चलिरहेकै छन्।

अध्यापन गराउनु पर्ने विषयवस्तुको गहन अध्ययन र ज्ञान लिनु, पेसाप्रतिको प्रतिबद्धता, समावेशी कक्षा व्यवस्थापन, अभिभावक तथा शिक्षकहरूबिच प्रभावकारी सञ्चार र सहकार्य जस्ता महत्त्वपूर्ण कार्य शिक्षकको कार्यदक्षता हुन्। शिक्षकले योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री सङ्कलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न उत्कृष्ठ तरिकाले सम्पादन गर्न सक्नुपर्दछ। विश्वविध्यालयहरू, केन्द्र देखि स्थानीय सरकार र विद्यालयहरू शिक्षक तयारीमा संलग्न निकायहरू हुन्।

**शिक्षक पेसागत सहयोग पद्धति**

शिक्षकको पेसागत क्षमता विकास गर्न र वृत्ति विकास गर्न पेसागत सहयोग निरन्तर आवश्यक हुन्छ। नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापना सगै शिक्षक पेसागत सहयोग पद्धतिको सुरुवात भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१- १९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो

(२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेसागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ।
ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशः तिनको सङ्ख्या बिस्तार गरी १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेको थियो। स्रोतकेन्द्र, अगुवा स्रोत केन्द्र, शैक्षिक तालिम केन्द्रहरू र उपकेन्द्रबाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए। सङ्घीय संरचनामा प्रदेश स्तरमा शिक्षा तालिम केन्द्रबाट प्रमाणिकरण तालिम सञ्चालन हुँदै आएको छ भने स्थानीय तहहरूबाट छोटो अवधिका कस्टमाइज तालिमहरू र क्षमता विकास गोष्ठी अन्तरक्रियाहरू सञ्चालन हुँदै आएका छन्।

### शिक्षक जवाफदेहिता

शिक्षक देश र बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न शिक्षकमा आर्दश गुणहरू हुनुपर्छ। विद्यार्थीको सिकाइ उपलव्धि, शिक्षाप्रति अभिभावक र नेतृत्वको अपेक्षा पूरा गर्ने योजना कार्यान्वयन, समुदाय र विद्यालयको रणनैतिक योजनाहरू सफलतापूर्वक कार्यान्वयन र प्रगतिको अवस्थाप्रति शिक्षक जवाफदेही हुनु पर्दछ। नगरस्तरीय योजना र शैक्षणिक योजनाहरू, शैक्षिक सुधार घोषणापत्र र सिकाइ उपलब्धि मूल्याङ्कन आदि जवाफदेही बनाउने उपकरणहरू हुन्।

### शिक्षकको दरबन्दी र आपूर्ति

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना सहजकर्ता, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ। यस पालिकामा प्राथमिक तहमा १२७ जना, निम्न माध्यमिक तहमा ३७ जना, ९-१० माध्यमिक तह २५ जना, ११-१२ मा ८ जना, प्रविधिक धार ९-१२ मा ८ जना, माध्यमिक तह (कक्षा ९-१०) मा अङ्ग्रेजी,गणित, विज्ञान विषयमा शिक्षण सिकाइ अनुदान १२ जना र आधारभूत तह (कक्षा ९-१०) मा अङ्ग्रेजी,गणित, विज्ञान विषयमा शिक्षण सिकाइ अनुदान २ जना कार्यरत रहेको

छ। शिक्षकको सरूवा तथा अन्य पेसामा जाने प्रचलनका कारण शिक्षक टिकाउन नसक्दा नगरको माथिल्लो भेगमा शिक्षक पदपूर्तिमा बारम्बार समस्या आउने गरेको छ।

**चुनौतीहरू**

१. शिक्षण पेसालाई सबैको रोजाइको पेसाका रूपमा विकास गरी नगर क्षेत्रमा टिकाइराख्ने,
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउन क्षमता विकास र उपयोग गर्ने,
३. शिक्षकको पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु,
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु,
५. शिक्षकको पेसागत विकासको अवसर विस्तार गर्न,
६. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रीम रुपमा योग्य तथा प्रतिस्पर्धी करार शिक्षकको सूची प्रकाशन र उपयोग गर्नु,
७. जलवायु परिवर्तन र विपद् तथा सङ्कटको समयमा सिकाइ निरन्तरता गर्ने क्षमता विकास गर्नु।

### ४.३.३ उद्देश्य

शिक्षा क्षेत्रको योजनामा नगरस्तरमा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू:

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरण कार्यलाई सुदृढ बनाउनु,
२. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु,
३. सबै तहको शिक्षकहरूलाई उत्प्रेरित गर्नु,
४. शिक्षकलाई पेसाप्रति हतोत्साहित (demotivated) हुन्बाट बचाई उत्प्रेरित (Motivatated) गर्नु,
५. शिक्षक व्यवस्थापन प्रक्रिया पारदर्शी, जवाफदेही र न्यायोचित प्रणालीमा थप सुधार गरी शिक्षक अभाव घटाउनु।

### ४.३.४ रणनीतिहरू

१. विषयवस्तुको ज्ञान र शिक्षण कौशल केन्द्रित नियमित शिक्षक तालिम सञ्चालन गर्ने,
२. विषयगत र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गर्ने,
३. शिक्षक प्रोत्साहन र सम्मान गर्ने,
४. शिक्षकलाई तालिमका अवसरहरू उपलव्ध गराउने,
५. शिक्षकको पेसागत सहयोगमा अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङ पद्धति प्रभावकारी बनाउने,
६. शिक्षक रिक्तता न्यून गर्न मुख्य विषयमा अनलाइन वा विशेषज्ञ सिकाइ सेवा, करार तथा स्वयंसेवक शिक्षक रोष्टरबाट पदपूर्ति प्रणालीको थालनी गर्ने,

७. क्षमतावान् तथा मेधावी विद्यार्थी र शिक्षकलाई विश्वविद्यालयका शिक्षा र उच्च शिक्षा अध्ययनमा सहायता र छात्रवृत्तिको व्यवस्था गर्ने,

८. कस्टमाइज तालिमहरू निरन्तर सञ्चालन गर्ने।

### ४.३.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको नियमित आपूर्ति भई विद्यार्थीको सिकाइमा सुधार हुने।

**ख) क्रियाकलाप**

१. कक्षागत दरबन्दी अभाव भएको (निजीस्रोत अभाव भएको) विद्यालयमा स्वयंसेवक शिक्षक व्यवस्थापन,

२. नगरपालिकामा करार र स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई १ वर्षे करार सूची प्रकाशन र उपयोग,

३. नवप्रवेशी शिक्षकलाई तालिम,

४. शिक्षण र मूल्याङ्कनसम्बन्धी तालिम,

५. घुम्ति वा अनलाइन विशेषज्ञ शिक्षण सिकाइ सेवा कार्यक्रम,

६. शिक्षकको पेसागत सहयोगमा मेन्टर प्रणाली सञ्चालन,

७. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन,

८. शिक्षाशास्त्रका विद्यार्थीलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम,

९. शिक्षकलाई अध्ययन अनुसन्धान सहयोग/ अध्ययन वृत्ति,

१०. शिक्षकका लागि विद्यालयलाई ल्यापटप वितरण,

११. सबै शिक्षकका लागि ICT तालिम,

१२. शिक्षक र प्रधानाध्यापक प्रोत्साहन कार्यक्रम,

१३. शिक्षकको आवधिक सरूवा व्यवस्थापन।

**ग) परिमाणात्मक लक्ष्य**

*तालिका ४.२ शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्वयम् सेवक शिक्षक व्यवस्थापन | सङ्ख्या | | | १ | | | आवश्यकता अनुसार | |
| २ | शिक्षा शास्त्रसङ्कायमा स्नातक र स्नातकोत्तर अध्ययन गर्नकालागि छात्रवृत्ति | सङ्ख्या | | १ | १ | १ | १ | ९ | |
| ३ | शिक्षकलाई अध्ययन र अनुसन्धान गर्न अध्ययन वृत्ति | सङ्ख्या | | १ | | १ | | ५ | |
| ४ | करार र स्वयंसेवक शिक्षक नियुक्तिका लागि योग्यतासूची प्रकाशन र उपयोग | पटक | १ | १ | १ | १ | १ | १० | |
| ५ | नवप्रवेशी शिक्षकलाई तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | |
| ६ | विपद्मा शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | |
| ७ | सुपरिवेक्षण र मेन्टरबाट शिक्षक सहायता | पटक | १ | १ | १ | १ | १ | १० | |
| ८ | शिक्षकका लागि विद्यालयलाई ल्यापटप वितरण | सङ्ख्या | | २ | ३ | ५ | | ३० | |
| ९ | माध्यमिक तहमा गणित, अङ्ग्रेजी , विज्ञान विषयमा विशेषज्ञ शिक्षण सिकाइ सेवा (शिक्षक अभाव भएको विद्यालय) मा दिएबापत प्रोत्साहन | सङ्ख्या | | १ | १ | १ | १ | २० | |
| १० | पेसागत विकासका लागि शैक्षिक अवलोकन वा अनुभव आदनप्रदान | पटक | १ | | १ | | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | छोटो अवधिको पुनर्ताजगी कस्टमाइज तालिम सञ्चालन (आधारभूत र माध्यमिक तह) | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४०० | |
| १२ | विद्यालयको समय व्यवस्थापन तथा शिक्षणमा समय वृद्धि अनुगमन कार्यक्रम | पटक | १ | २ | २ | २ | २ | २० | |
| १३ | विद्यार्थी संङ्ख्या र विषयगतको आधारमा दरबन्दी व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १० | |
| १४ | शिक्षकको आवधिक सरूवा व्यवस्थापन | पटक | | | | | १ | २ | |
| १५ | विशेषज्ञ शिक्षक परिचालन (IT, Science, Maths, English) | सङ्ख्या | १ | १ | १ | १ | १ | १० | आवधिक वा घुम्ति सेवा दिने |
| १६ | प्रधानाध्यापक प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | १० | |
| १७ | शिक्षक पुरस्कार र प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | १० | |
| १८ | शिक्षणमा मात्र आवद्ध शिक्षक सङ्ख्या वृद्धि | प्रतिशत | ८० | ९० | ९५ | ९८ | १०० | १०० | |

## ४.४ शैक्षिक समता र समावेशीकरण

### ४.४.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा सहभागिता र उपलब्धि दुवैमा सबै वर्ग, क्षेत्र र लिङ्गका विद्यार्थीहरूको समान अवसरका साथ उपस्थिति र साझेदारी हुनु पर्दछ। शिक्षा क्षेत्रमा समानतामा देखिएका बाधा अवरोधहरू न्यूनीकरण गर्नुपर्दछ। लेटाङ नगरपालिकामा विविध सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था भएको राई, लिम्बू, मगर, ब्राह्मण, क्षेत्री, तामाङ, नेवार, कामी, दमाई, सार्की र अन्य जातिका मानिसहरूको बसोबास छ। महिला पुरूष र तेस्रोलिङ्गी समेत बसोबास रहेको छ। कृषि, वैदेशिक रोजगारी, नोकरी, व्यापार व्यवसाय, साना उद्योग गर्ने मानिसहरू रहेको यस क्षेत्रमा छात्राको तुलनामा छात्रको उपलब्धि र उत्तीर्ण दर बढी छ। ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रको विद्यार्थीको उपलब्धि र उत्तीर्ण दर पनि बढी देखिन्छ। त्यसैगरी अपाङ्गता भएका, दलित, आदिवासी जनजाती, गरब तथा पिछाडिएका बर्गको सहभागिता र उपलब्धिमा सुधार गर्न उनीहरूको सिकाइ क्रियाकलापमा थप सक्रियता सहितको सहभागिता वृद्धि गर्नु आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सामाजिक परीक्षण समिति तथा विभिन्न संस्थाहरूमा महिला र दलित वर्गको सहभागिता समावेशी छ। विद्यालयमा पनि सबैको सहभागीता बढेर लैङ्गिक समता सूचकाङ्क सुधार भई कक्षा १-८ मा ०.९९ कक्षा १-१२ मा ०.९९ सूचकाङ्क रहेको छ। सबै बालबालिका विद्यालय भर्ना भएको कारण पहुँचमा समावेशी भए तापनि उपलब्धिमा सबैको समान सहभागिता पुऱ्याउन समतामूलक व्यवस्था गर्नु आवश्यकता पर्दछ। सामुदायिक विद्यालयको प्राथमिक तहमा महिला शिक्षक ८.११ प्रतिशत छ। विद्यालयमा छात्रसँग सरोकार राख्ने विषयमा छात्रासँग उपमेयर कार्यक्रममार्फत् नियमित रूपमा हिंसा न्यूनीकरण, बाल विवाह न्यूनीकरण, बालिकाको सिकाइका सवालहरूमा छलफल गरिएको छ। दुर्गम क्षेत्रका बालिकालाई कक्षा १२ सम्म पढाउन सहयोग गर्न बालिका बचत शिक्षा कार्यक्रम र आमा र बाबु नभएका टुहुरा बालबालिकालाई नगरपालिकाले अभिभावकत्व दिई १२ सम्मको शिक्षा पूरा गर्न आर्थिक सहयोग गर्दै आएको छ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धी चुनौतीहरूः

१. सिकाइ उपलब्धिमा बालिका र अन्य पिछाडिएका वर्गको समतामूलक सहभागिता सुनिश्चित गर्ने,
२. विद्यालयहरूमा समावेशी र समानताको अवरोधहरू हटाई लैङ्गिक र अपाङ्गतामैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने,
३. लक्षित समूह विशेष गरी गरिब र पिछाडिएको वर्गको शिक्षामा पहुँचमा सुधार गर्ने,

४. समावेशी शिक्षासम्बन्धी कार्यक्रमहरू प्रभावकारी बनाउने,
५. विद्यालय र समुदायमा बाल दुर्व्यवहार, बाल हिंसाका र बाल विवाहका घटनाहरू अन्त्य गर्ने,
६. सबैलाई आधारभूत तह पूरा गराउने,
७. पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा समता सूचकाङ्क प्राप्त गर्ने।

### ४.४.३ उद्देश्यहरू

१. शिक्षाको मूलधारमा सबैको समतामूलक सहभागिताका लागि पहुँच र अवसरहरू वृद्धि गरी शैक्षिक गुणस्तर बढाउनु,
२. विद्यालयलाई बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री बनाउनु,
३. विद्यालय उमेरका सबैलाई तह पूरा गराउनु,
४. सबै पक्षमा समता सूचकाङ्क वृद्धि गर्ने,

### ४.४.४ रणनीतिहरू

१. विद्यालय शिक्षाको पहुँचमा आउन लक्षित वर्गको कठिनाइ र अवरोधहरू पहिचान गर्ने,
२. विद्यालयबाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान र सम्बोधन गर्ने,
३. विद्यालयहरूमा बालमैत्री, लैङ्गिक, अपाङ्गतामैत्री भौतिक र शैक्षिक वातावरणमा थप सुधार गर्ने,
४. आवासीय विद्यालयहरू सञ्चालन गर्ने,
५. लक्षित वर्गका लागि छात्रवृत्तिमार्फत पोसाक, स्टेसनरी तथा सिकाइ सामग्रीको उपलब्ध गराउने,
६. विभेदरहित बालमैत्री वातावरण सिर्जना गर्न शिक्षा र सचेतना अभिवृद्धि गर्ने,
७. आधारभूत तहमा मातृभाषामा समेत सिकाइ सहजीकरण गर्ने,
८. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गर्ने,
९. बालिका शिक्षा बचत कार्यक्रम, आमाबाबुविहीन (टुहुरा) बालबालिका छात्रवृत्ति, अन्य छात्रवृत्ति कार्यक्रम र छात्रासँग उपमेयर कार्यक्रमहरूमार्फत समावेशिताको अवस्था सुधार गर्ने,
१०. लैङ्गिक सम्पर्क व्यक्ति र गुनासो सुनुवाइ समितिको प्रभावकारी परिचालन गर्ने,
११. समता सूचकाङ्कको नियमित अनुगमन र प्रतिवेदनका आधारमा सुधारका क्रियाकलाप सञ्चालन गर्ने,
१२. छात्राबास सञ्चालन गरी दुर्गम तथा पिछडिएका क्षेत्रका बालबालिकालाई अवसर प्रदान गर्ने।

### ४.४.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसरमा सुधार हुने।

**ख) क्रियाकलाप**

१. विद्यालयबाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान,
२. समावेशी शिक्षा सचेतना कार्यक्रम,
३. लक्षित समूहका वालिका तथा बालबालिकाहरूको सिकाइ सुधार कार्यक्रम,
४. बालमैत्री विद्यालय सुधार कार्यक्रम,
५. अपाङ्गता र समावेशी पूर्वाधार लेखाजोखा कार्यक्रम,
६. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम,
७. भौतिक पूर्वाधारमा अपाङ्गता मैत्री व्यवस्थापन,
८. लिङ्ग, भाषिक, जातीय र भौगोलिक क्षेत्र अनुसार तथ्याङ्कहरू अध्यवधिक गरी योजना निर्माण र कार्यान्वयन,
९. बहुभाषिक शिक्षक तालिम,
१०. बालबालिकालाई शैक्षिक सहायता कार्यक्रम,
११. बालिका शिक्षा बचत कार्यक्रम,
१२. छात्रासँग उपमेयर कार्यक्रम,
१३. लैङ्गिक सम्पर्क व्यक्ति र गुनासो सुनुवाई क्षमता वृद्धि,
१४. छात्राबास सञ्चालन,
१५. निशुल्क शैक्षिक सुधार कार्यक्रमहरू सञ्चालन,
१६. विकसित एप्लिकेसनमार्फत समता सूचक, दिवाखाजा, छात्रवृत्ति र सेनीटरी प्याड जस्ता सूचकहरूको अनुगमनलाई डेटाबेस बनाउने,
१७. लिम्बु भाषाको पाठ्यक्रम कार्यान्वयन र विस्तार,
१८. हाम्रो लेटाङको भाषिक खण्डमा रहेका मातृभाषाहरू थप गरी सिकाइ सामग्रीहरू विकास र प्रयोग,
१९. विद्यालयहरूका संरचनाहरू अपाङ्गतामैत्री र छात्रामैत्री निर्माण गर्ने,
२०. लक्षित वर्गको तथ्याङ्क र सूचकहरू अध्यावधिक गर्ने।

## ग) परिमाणात्मक लक्ष्य

*तालिका ४.३ शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयबाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान | पटक | १ | १ | १ | १ | १ | १० | |
| २ | समावेशी शिक्षा सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३ | लक्षित समूहका वालिका तथा वालबालिकाहरूको विद्यालयमा भर्ना गर्ने एवम् सिकाइ सुधार कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ४ | विद्यार्थीमा अपाङ्गता लेखाजोखा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ५ | किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम | विद्यालय | १० | १० | १० | १० | १० | ३० | |
| ६ | बहुभाषिक शिक्षक तालिम | शिक्षक | | २५ | | | | ५० | |
| ७ | बालिका शिक्षा बचत कार्यक्रम | बालबालिका | ८२ | १०० | १२३ | १५० | १८० | ४०० | |
| ८ | छात्रासँग उपमेयर कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ९ | लैङ्गिक सम्पर्क व्यक्ति र गुनासो सुनुवाई क्षमता वृद्धि | पटक | १ | | १ | | १ | ५ | |
| १० | समावेशी पूर्वाधार लेखाजोखा | पटक | | १ | | | | २ | |
| ११ | ब्यक्तिगत शैक्षिक योजना(IEP) | पटक | | १ | १ | | १ | ७ | |
| १२ | लक्षित वर्गको तथ्याङ्क अध्यावधिक | पटक | | १ | | | १ | ३ | |
| १३ | ICT Apps को माध्यमबाट दिवा खाजा, सेनीटरी प्याड र छात्रवृत्तिको अनुगमन डेटावेस बनाउने | पटक | १ | १ | १ | १ | १ | १० | नियमित |

## ४.५ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.५.१ परिचय

विद्यालय जाने बालबालिकाको दिवा खाजाको प्रवन्ध  गरी पढाइसँगै स्वास्थ्य पनि सुधार गर्न दिवा खाजा कार्यक्रम सञ्चालनमा रहेको छ। नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको अनुदानमा दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ देखि देशभरका सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था सुरू गरिएको थियो। विद्यालय शिक्षासम्बन्धी योजनामा बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थिति सुधार र विद्यालयमा टिकाइराख्न एवम् शैक्षिक उपलब्धिहरू वृद्धि गर्न दिवा खाजा महत्त्वपूर्ण  रणनीतिक कार्यक्रमका रूपमा लिई ससर्त बजेटको व्यवस्था गरिएको छ।

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा प्रभाव पार्दछ। उनीहरूको स्वास्थ्य तथा पोषणमा परिवार र स्वयम् बालबालिकालाई असल अभ्यास गराउन विद्यालय पोषण र स्वास्थ्य सुधार आवश्यक छ।  वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की र निःशुल्क सेनीटरी प्याड वितरण कार्यक्रम यो क्षेत्रसँग सम्बन्धित कार्यक्रम हुन्।

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा वर्तमान र भावी जीवनमा सकारात्मक प्रभाव पार्दछ। सरसफाइ र स्वच्छता विद्यालयको आधारभूत सूचक पनि रहेको र विपद् तथा जोखिम व्यवस्थापनको तयारी कार्यसमेत रहेकाले योजनामा प्राथमिकतामा राखी सञ्चालन गरिने छ।

### ४.५.२ वर्तमान अवस्था

नेपाल सरकारबाट विद्यलय दिवा खाजा कार्यक्रम दिवा खाजा कार्यक्रम नगरपालिकाका कक्षा १-५ सञ्चालित ३२ विद्यालय १ धार्मिक समेत र ४४ बाल विकास केन्द्रमा अध्ययनरत सबै विद्यार्थीका लागि उपलव्ध गराइएको छ। विद्यालय दिवा खाजामा स्वास्थ्यमा असर पर्ने जङ्कफुड निषेध गर्न विद्यालय र नगरपालिकाले प्रयास गरिरहेको छ।

शैक्षिक सत्र २०७७ बाट श्री शान्ति भगवती माध्यमिक विद्यालयमा प्रदेश सरकारको सहयोगमा विद्यालय नर्स कार्यक्रममा एक जना नर्स कार्यरत रहेको अवस्था छ। आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण गरिन्छ। जनस्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गरिएको छ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय, खानेपानीको व्यवस्थापन छ। विपद् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रममार्फत प्रारम्भिक कक्षादेखि नै विषयवस्तु पठनपाठन हुन्छ।

विद्यालय पोषण तथा स्वास्थ्य क्षेत्रका चुनौतीहरूः

१. विद्यालय दिवा खाजालाई स्वास्थ, पोषणयुक्त, सरसफाइयुक्त एवम् सुनिश्चित गर्ने,
२. विद्यालयहरूमा नर्स वा स्वास्थ्यकर्मीको दिगो व्यवस्थापन गर्ने,
३. पाठ्यक्रममा भएको स्वास्थ्य र पोषण शिक्षालाई प्रभावकारी कार्यान्वयन गर्ने,
४. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग जोडी खाजा व्यवस्थापन गर्ने,
५. सरसफाइ तथा स्वच्छताको मापदण्ड विकास र कार्यान्वयन गर्ने।

### ४.५.३ उद्देश्य

१. सबै बालबालिकालाई विद्यालयमा स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध गर्नु,
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइमा सुधार गर्नु,
३. यस क्षेत्रमा सरोकारवालाहरूको सहभागिता र योगदानमा वृद्धि गर्नु,

### ४.५.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्ने रणनीतिहरूः

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समावेश गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गर्ने,
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा दिने मोडल प्रयोग गर्ने
३. विद्यालय स्वास्थ्यसम्बन्धी कार्यक्रम विस्तार गर्ने,
४. स्थानीय उत्पादनमा आधारित मेघा किचनको सम्भाव्यता अध्ययन र प्रयोग गर्ने,
५. सवै विद्यालयमा अत्यवश्यक प्राथमिक उपचारको प्रबन्ध गर्ने,
६. अभिभावक शिक्षामार्फत आमा समूहलाई पोषण तालिम सञ्चालन गर्ने,
७. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी लागु गर्ने।

### ४.५.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने बालबालिकाको खानेपानी, सरसफाई, पोषण, स्वास्थ्य अवस्थामा सुधारका लागि सचेतना र व्यवहार सुधार भएको हुनेछ।

**ख) क्रियाकलाप**

१. विद्यालय दिवा खाजा कार्यक्रम,
२. आमा समूहका लागि अभिभावक सचेतना कार्यक्रम,
३. विद्यालय नर्स कार्यक्रम,
४. विद्यालयमा कृषि र पोषण कर्नर कार्यक्रम,
५. किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम,
६. प्राथमिक उपचार व्यवस्थापन,
७. छात्रा शौचालय निर्माण र मर्मत सुधार,
८. स्वस्च्छ विद्यालय कार्यक्रम,
९. स्थानीय परिकार निर्माण कार्यक्रम,
१०.विद्यालयमा मेघा किचेन पूर्वाधार विकास।

## ग) परिमाणात्मक लक्ष्य

*तालिका ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कार्यक्रम | विद्यार्थी | ४२०० | ४३०० | ४३०० | ४५०० | ४५०० | ५००० | सङ्घीय सरकार |
| २ | विद्यालय नर्स कार्यक्रम | विद्यालय | १ | १ | २ | २ | २ | २ | प्रदेश सरकार |
| ३ | विद्यालयमा कृषि र पोषण कर्नर कार्यक्रम | विद्यालय | १ | २ | २ | २ | ३ | ५ | |
| ४ | किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम | विद्यार्थी | १ | १ | १ | १ | १ | १ | ८-१२ कक्षा सञ्चालित सबै विद्यालय |
| ५ | स्वस्च्छ विद्यालय कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ६ | स्थानीय खाजा परिकार निर्माण तथा प्रवर्धन तालिम | पटक | १ | १ | १ | १ | १ | १० | |
| ७ | विद्यालयमा मेघा किचेन पूर्वाधार व्यवस्थापन | सङ्ख्या | | | १ | | | १ | |

## ४.६ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.६.१ परिचय

विपद् तथा आपतकालीन अवस्थामा पनि विद्यालय र विद्यार्थी सुरक्षित हुनुपर्छ। जलवायु परिवर्तनको कारण नयाँ नयाँ प्रकोपहरू देखा पर्दा विद्यालय शिक्षामा अवरोधहरू देखिने गरेको छ। विद्यालय रहेको स्थान र आसपासको विपद् जोखिम न्यूनीकरण गर्न योजना र क्षमता विकास कार्यक्रम सञ्चालन गरी जोखिम कम गर्ने। विपद्को लेखाजोखा र आकलन गरी विपद्को अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायबाट सिकाइ निरन्तर गर्नुलाई विपद् तथा सङ्कटमा शिक्षा व्यवस्थापन भनिन्छ। विपद्का कारण बालबालिकाको शिक्षामा प्रभाव र क्षति प्रभाव न्यूनता र तत्काल नियमित पुनर्सञ्चालन गर्नका निम्ति गरिएको तयारी लगायतमा नीतिगत, संरचनागत, संस्थागत, कार्यक्रमगत र कार्यव्यवहारगत व्यवस्थालाई उत्थानशीलता भन्न सकिन्छ। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको आकलन, पूर्वतयारी, आपत्कालीन अवस्थामा क्षति कम हुने गरी पूर्वाधार निर्माण, विपद्मा तत्कालको व्यवस्थापन, आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा सबैसँग हुनुपर्दछ।

बाल अधिकार संरक्षणको पक्षबाट पनि यसलाई हेरिएको छ। अधिकार र विपद्का क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरू कार्यान्वयन गर्न विद्यालय र शिक्षामा पूर्वतयारी आवश्यक छ। हरेक राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। विगतको लामो द्वन्द्व, २०७२ सालको विनाशकारी भूकम्प, कोभिड-१९ लगायतका महामारीको समयमा नेपालको शैक्षिक प्रणालीमा आएको अवरोधबाट शिक्षा लिएर शिक्षा क्षेत्रको योजनामा सङ्कटको समयमा शिक्षा योजना समावेश गरिएको छ। यस खण्डमा तल उल्लिखित आपतकालीन अवस्थाहरूमा शिक्षा प्रणाली सुचारू गर्न वा पुनःस्थापित गर्न विशेष प्रयास आवश्यक हुन्छ। सबै विद्यालयमा विद्यालय सुधार योजना, विपद् व्यवस्थापन योजना, Contengency plan आकस्मिक योजना र नियमित विपद् लेखाजोखा र प्रतिकार्य योजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ। नगरपालिका क्षेत्रमा हुन सक्ने सम्भावित विपद्जन्य घटनाहरू जस्ले शैक्षिक क्रियाकलाप सञ्चालनमा प्रभाव पार्दछन्।

क) प्राकृतिक प्रकोप र विपद्: जलवायु परिवर्तनको असरले देखिने विपद्, भूकम्प, बाढी, पहिरो, हावा, हुरी, आगलागी, चट्याङ, खडेरी, दुर्घटना, करेन्ट लाग्नु, लु लाग्नु, आदि यस क्षेत्रको प्रमुख विपद्हरू हुन।

ख) महामारीः झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, आँखा पाक्ने, कोभिडबाट धनजनको क्षति आदि।

ग) द्वन्द्वः साम्प्रदायिक, धार्मिक, राजनीतिक, आर्थिक कारणबाट हुने विवाद एवम् द्वन्द्व, शोषण, दुराचार तथा अन्य कारणले एकैपटक वा पटक पटक मानिसहरूको ठूलो समूह विस्थापन वा बसाइँसराइँ भएर आउने आदि।

### ४.६.२ वर्तमान अवस्था

नगरपालिकामा विपद् तथा सङ्कटको जोखिम रहेको छ। जुनसुकै समयमा आउने विपद्को अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन शिक्षाक्षेत्र विपद् उत्थानशीलता कार्यहरू निरन्तर आवश्यक छ। यसको लागि भौतिक र प्राविधिक पूर्वाधारमा लगानी गर्नुपर्दछ। विद्यालयमा पर्याप्त जनचेतना र पूर्वतयारी गर्नुपर्दछ। यसले विपद्को प्रभाव कम पर्ने र कम समयमा पुनः सञ्चालन गर्न सक्ने तयारी सम्भव हुन्छ। विगतमा नगरपालिका क्षेत्रमा टेलिफोन, इन्टरनेट र आधुनिक प्रविधि प्रयोग गरेर कोभिडको समयमा शैक्षिक क्रियाकलाप सञ्चालन गरिएको तर कम प्रभावी भएको अनुभव छ। शैक्षिक सत्र २०७७ लाई नै असर परेको उक्त प्रभावले विपद् उत्थानशीलताका लागि शिक्षामा लगानी बढाउन आवश्यक रहेको शिक्षा प्रदान गरेको छ। स्थानीय सरकार, विद्यालय र विभिन्न समितिहरू विपद्को पूर्व तयारी र प्रतिकार्यको काम गर्ने संरचनाहरू हुन्।

विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता चुनौतीहरूः

१. विपद्को उत्थानशील शैक्षिक पूर्वाधार (सूचना प्रविधि, शिक्षक तयारी, अभिभावक र विद्यार्थीको पहुँच र क्षमता) विकास गर्ने,
२. विपद् जोखिमको पूर्वानुमान, लेखाजोखा न्यूनीकरण र प्रतिकार्यको तयारी एवम् पूर्वअभ्यास गर्ने,
३. विद्यालय र आसपासको क्षेत्रमा प्रकोपको लेखाजोखा गरी योजना निर्माण र कार्यान्वयनबाट विद्यालय सुरक्षा गर्ने,
४. विपद् जोखिम न्यूनीकरणको लागि पर्याप्त सचेतना, शिक्षा र सामग्री सहित विद्यालय र स्थानीय स्तरको क्षमता अभिवृद्धि गर्ने,
५. जलवायु परिवर्तनको असरले अधिक तापक्रम, न्यून तापक्रम लगायत प्रकोपको पूर्वानुमान गरी न्यूनीकरण तथा उत्थानशील क्रियाकलापहरू सञ्चालन गर्ने।

### ४.६.३ उद्देश्यहरू

१. जलवायु परिवर्तन तथा मानव सिर्जित विपद्को पहिचान र शिक्षामा यसको असर कम गर्ने पूर्वाधार लगायत पूर्व तयारी गर्नु,
२. विपद्बाट बालबालिका र विद्यालय सुरक्षित राखी शैक्षिक क्षति शून्य पार्नु,
३. विपद् जोखिम उत्थानशील विद्यालय निर्माण गर्नु,
४. सङ्कटको समयमा वैकल्पिक उपायहरूको उपयोग गरी शैक्षिक प्रणाली सुसञ्चालन गर्नु,

### ४.६.४ रणनीतिहरू

१. स्थानीय विपद् जोखिम र जलवायु परिवर्तन अनुकूलन नीति, योजना अनुकूल विद्यालयमा विपद् योजना निर्माण, पूर्वतयारी र कार्यान्वयन गर्ने,

२. जोखिम र सङ्कटको क्षेत्र पहिचान र मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्य योजना तयार र कार्यान्वयन गर्ने,
३. विपद् सुरक्षात्मक भौतिक पूर्वाधार निर्माण तथा पुनसंरचना निर्माणमा लगानी बढाउने
४. विपद्मा जोखिम हुने प्रकृतिका (भऱ्याङ, ढोका, फर्निचर र वाइरिङ) जस्ता सबै संरचनामा सुधार गर्ने,
५. हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
६. विद्यार्थी, शिक्षक, अभिभावकलाई प्रकोप पूर्वतयारी, सुरक्षा र पुनर्स्थापनाका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,
७. विपद्मा शैक्षिक र शिक्षण सेवाहरू प्रवाहको बैकल्पिक संयन्त्रको विकास गर्ने,
८. विद्यालय क्षेत्रमा शान्ति क्षेत्र कायम गर्न सरोकारवालालाई जिम्मेवार बनाउन अभिमुखीकरण तथा अनुगमन गर्ने,
९. विद्यालयस्तरमा विपद् व्यवस्थापन कोषको स्थापना गर्ने,
१०. अभिभावक शिक्षा सञ्चालनमा विपद्को विषयवस्तु समावेश गर्ने,

### ४.६.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

बालबालिकालाई सुरक्षित वातावरणमा नियमित शिक्षा पाउने वातावरण विकास हुने र विपद्को समयमा शिक्षा तत्काल सञ्चालन गर्न सकिने तयारी हुने।

**ख) क्रियाकलाप**

१. विद्यालय सुधार योजना (विपद् व्यवस्थापन पूर्वतयारी योजना सहित) कार्यान्वयन गर्ने,
२. हरित विद्यालयको अवधारण सघन रूपमा कार्यान्वयन गर्न फूलबारी बगैचा तथा वृक्षरोपण कार्यक्रम सञ्चालन गर्ने,
३. विपद् उत्थानशील भौतिक पूर्वाधार मापदण्डको व्यवस्थापन,
४. जलवायु परिवर्तनको असरको सचेतना र विपद् व्यवस्थापन क्षमता विकास कार्यक्रम (विद्यालयस्तर),
५. वैकल्पिक व्यवस्था गरी सिकाइ प्रणाली सञ्चालन,
६. स्वयंसेवी संस्था र गैंर सरकारी संस्थाको क्षमता विकास,
७. समुदायस्तर विपद् पूर्वतयारी,
८. विद्यालस्तरमा विपद् व्यवस्थापन कोष स्थापना,
९. जोखिमयुक्त संरचना सुधार,
१०. विपद् जोखिम न्यूनीकरण सूचना प्रणाली सञ्चालन।

### ग) परिमाणात्मक लक्ष्य

*तालिका ४.५ परिस्थितिजन्य शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १० | अध्यावधिक |
| २ | विद्यालय सुधार योजना (विपद् व्यवस्थापन पूर्वतयारी योजना सहित) कार्यान्वयन गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | १० | |
| ३ | विपद् उत्थानशील भौतिक पूर्वाधार मापदण्डमा कडाइ | सङ्ख्या | | १ | | | | १ | |
| ४ | विपद् व्यवस्थापन क्षमता विकास कार्यक्रम (विद्यालयस्तर) | विद्यालय | | ३१ | ३१ | ३१ | ३१ | ३१० | |
| ५ | बैकल्पिक व्यवस्था गरी सिकाइ प्रणाली सञ्चालन | सङ्ख्या | | | | | | | विपद्मा |
| ६ | सुरक्षित शिक्षण सिकाइ योजना | सङ्ख्या | | १ | | | | १ | |
| ७ | स्वयंसेवी संस्था र गैंर सरकारी संस्थाको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | |
| ८ | समुदायस्तर विपद् तयारी | पटक | १ | १ | १ | १ | १ | १० | |
| ९ | विद्यालस्तरमा विपद् व्यवस्थापन कोष स्थापना | विद्यालय | | २ | २ | ५ | ५ | ३१ | |
| १० | जोखिमयुक्त संरचना भत्काउने र सुरक्षित संरचना निर्माण गर्ने | विद्यालय | | १ | १ | २ | २ | ३० | |
| ११ | विपद् जोखिम न्यूनीकरण सामग्रीको (डिभाइस) सङ्ख्या बढाउने | सङ्ख्या | | १ | | | | १ | |
| १२ | जलवायु परिवर्तनको असर न्यूनीकरण क्षमता विकास | विद्यालय | | ३१ | ३१ | ३१ | ३१ | ३१० | |

## ४.७ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.७.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल भएको स्थान आवश्यक पर्दछ। विद्यालयमा पूर्वाधार, सुरक्षित विद्यालय, पर्याप्त कक्षाकोठा, उपयुक्त खेलमैदान, आवश्यक शौचालय, स्वाच्छ खानेपानी लगायत भौतिक पूर्वाधार हुनु पर्दछ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्नेलगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकास गर्न आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.७.२ वर्तमान अवस्था

यस पालिकामा कुल विद्यालय ४८ मध्ये ३२ सामुदायिक र १६ संस्थागत विद्यालय छन्। सामुदायिक विद्यालयतर्फ १८५ भवन रहेकोमा ९७ वटा आंशिक र पूर्ण पक्की भवन छन्। जसमध्ये साममुदायिकतर्फ २९१ वटा कक्षाकोठा पक्की छन् यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा शौचालय ७४, छात्र शौचालय ३९ तथा महिला शिक्षक शौचालय १९ वटा छन्। खानेपानीको आफ्नै धारा भएका विद्यालय २७, बाह्य व्यवस्थापन गर्ने विद्यालय ३ र अन्य कुनै स्रोत नभएका विद्यालय २ वटा छन्। विपद् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रममा समेत विषयवस्तु समावेश गरिएको छ। पालिकाभरमा १३ वटा विद्यालयमा पुस्तकालय, १० वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १३ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ३१ वटा सामुदायिक विद्यालयमा इन्टरनेट व्यवस्था छ। १२ विद्यालयमा पक्की र ६ विद्यालयमा तारजालीबाट घेरावार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण भइरहेको छ। नगरपालिकाबाट आधारभूत तहको नमुना विद्यालय विकास कार्यविधि २०८० स्वीकृत भएको छ।
नगरपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री विद्यालय फूलबारी तथा करेसाबारी निर्माण तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ। केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

विद्यालय भौतिक पूर्वाधार विकासका चुनौतीहरू:

१. विद्यालय भौतिक पूर्वाधार विकासमा आवश्यक स्रोतको व्यवस्थापन गर्ने,
२. पर्याप्त कक्षाकोठासहित विपद्बाट सुरक्षित भौतिक पूर्वाधार विकास गर्ने,
३. बाससहितको शौचालय र छात्रा शौचालयको प्रबन्ध गर्ने,
४. विद्यालय भवन नियमित मर्मत सम्भार र प्रयोग गर्ने,
५. कक्षाकोठामा आधुनिक र पर्याप्त फर्निचर व्यवस्थापन गर्ने,
६. नमुना आधारभूत विद्यालय विकास र विस्तार गर्ने,
७. विद्यालय पूर्वाधार विकासका कार्यक्रमलाई गुणस्तरीय बनाउने,
८. सुरक्षित विद्यालय पूर्वाधार विकासका लागि मापदण्ड प्रयोगमा ल्याउने,
९. विद्यालय भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउने।

### ४.७.३ उद्देश्य

१. सुरक्षित र आधुनिक विद्यालय भौतिक पूर्वाधारको विकास र कार्यान्वयन गर्नु,
२. पूर्वाधारहरू निर्माणमा पर्याप्त स्रोतको व्यवस्थापन गरी पारदर्शी र प्रभावकारी कार्यान्वयन गर्नु,
३. पूर्वाधार प्रविधिमैत्री, बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु,
४. सुविधासम्पन्न शौचालय विकास र हरित वातावरण सहित वाह्य वातवरण सुरक्षित गर्नु,
५. नियमित मर्मत सम्भार सहित सहित विद्यालय भौतिक पूर्वाधारको उपयोग गर्नु,
६. विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु।

### ४.७.४ रणनीतिहरू

१. विद्यालय पूर्वाधारको अवस्था (Maping)लेखाजोखा गर्ने,
२. पूर्वाधार विकास, मर्मतको मापदण्ड विकास गर्ने,
३. विद्यालय पूर्वाधार विकासको स्रोत व्यवस्थापन गर्न सरकार, गैर सरकारी संस्था एवम् सरोकारवालाहरूसँग साझेदारी गर्ने,
४. पूर्वाधार विकास गर्दा सिकाइ कोठा, प्रशासनिक कोठा, भान्सा घर लगायत आवश्यक संरचनाका लागि गुरूयोजना बनाई प्रयोग गर्ने,
५. कक्षा कोठा र भवन निर्माण गर्दा पक्की भवन मात्र निर्माण गर्ने,
६. विपद् प्रभावित विद्यालय तत्काल वैकल्पिक व्यवस्था गरी सञ्चालन र भौतिक पूर्वाधार मर्मत तथा विकास गर्ने,
७. सुरक्षित, हरित र विपद् उत्थानशिल विद्यालय निर्माण गर्ने विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने,
८. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार र उपयोग गर्ने,

९. विद्याल भौतिक पूर्वाधार नियमित मर्मत रङरोगन र मर्मत सम्भार गर्ने,
१०.उपयुक्त फर्निचर सहित प्रविधिमैत्री सिकाइ कोठाको व्यवस्थापन गर्ने,
११.विद्यालयको सम्पति सुरक्षा गर्न विद्यालय परिसर अनिवार्य घेराबार गर्ने,
१२.विद्यालय भवनको बहुउपयोग गर्ने,
१३.विद्यार्थी सङ्ख्याको आधारमा सभाहलको व्यवस्था गर्ने,
१४.बालविकास तथा शिक्षाको कोठा प्रविधि र बालमैत्री बनाउने।

### ४.७.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

विद्यार्थीहरूलाई सुरक्षित, आधुनिक प्रविधिमैत्री र बालमैत्री कक्षाकोठा, पर्याप्त खानेपानी तथा शौचालय र खेलमैदान भएको विद्यालयमा अध्ययन गर्ने अवसर उपलव्ध हुने।

**ख) क्रियाकलाप**

१. विद्यालय पूर्वाधार (Appraisal)लेखाजोखा तथा विद्यालय समायोजन,
२. पूर्वाधार विकास, मर्मतको मापदण्ड विकास र कार्यान्वयन,
३. नगरस्तर विद्यालय भौतिक पूर्वाधार विकास कोष व्यवस्थापन,
४. विद्यालय पूर्वाधार विकास गुरूयोजना निर्माण,
५. विपद् प्रभावित विद्यालय मर्मत तथा विकास,
६. विद्यालयमा नयाँ कक्षाकोठा निर्माण,
७. सुरक्षित, हरित र विपद् उत्थानशील विद्यालय निर्माणको अभिमुखीकरण,
८. विद्यालय भौतिक पूर्वाधार नियमित मर्मत रङरोगन र मर्मत सम्भार,
९. विद्यालयमा फर्निचर व्यवस्थापन,
१०. विद्यालय परिसर घेराबारा,
११. विद्यालयमा सभाहल व्यवस्था,
१२. विद्यालयमा प्रविधि पूर्वाधार विकास,
१३. शौचालय निर्माण।

**ग) परिमाणात्मक लक्ष्य**

*तालिका ४.६ विद्यालय भौतिक पूर्वाधार विकासकाप्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय समायोजन तथा पूर्वाधार (Appraisal) लेखाजोखा | पटक | | १ | | | | २ | |
| २ | पूर्वाधार विकास, मर्मतको मापदण्ड विकास र कार्यान्वयन | पटक | | १ | | | | २ | |
| ३ | नगरस्तरीय विद्यालय पूर्वाधार विकास कोष व्यवस्थापन | सङ्ख्या | | १ | | | | १ | |
| ४ | विद्यालय पूर्वाधार विकास गुरूयोजना निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | १० | |
| ५ | विपद् प्रभावित विद्यालय मर्मत | निरन्तर | | | | | | | आवश्यकता अनुसार |
| ६ | विद्यालयमा नयाँ कक्षाकोठा निर्माण | कोठा | २ | २ | २ | २ | ४ | २४ | |
| ७ | सुरक्षित, हरित र विपद् उत्थानशील विद्यालय निर्माणको अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | १० | |
| ८ | आधारभूत नमुना विद्यालय पूर्वाधार विकास कार्यक्रम | विद्यालय | | | १ | १ | १ | १ | |
| ९ | विद्याल भौतिक पूर्वाधार नियमित मर्मत र रङरोगन | विद्यालय | ४ | २ | २ | २ | १ | २० | |
| १० | विद्यालयमा फर्निचर व्यवस्थापन | विद्यालय | ४ | १ | १ | १ | १ | २० | |
| ११ | विद्यालय परिसर घेराबारा | विद्यालय | १ | १ | १ | १ | १ | १२ | |
| १२ | विद्यालयमा सभाहल व्यवस्था | विद्यालय | | | | १ | | २ | |
| १३ | विद्यालयमा प्रविधिको पूर्वाधार विकास | विद्यायल | १ | १ | १ | २ | २ | १५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | बालविकास केन्द्र भवन निर्माण | सङ्ख्या | १ | | १ | | | २ | |
| १५ | विद्यालयमा लैङ्गिक शौचालय निर्माण | सङ्ख्या | | | १ | १ | १ | १० | |
| १६ | विद्यालयको सम्पति सुरक्षा र अभिलेख | पटक | | १ | १ | १ | १ | १० | |

## ४.८ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.८.१ परिचय

शिक्षामा कम्प्युटर तथा दूरसञ्चार प्रविधिको प्रयोग गरी सिकाइ र शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रयोग गरिन्छ। २१ औ शताव्दीमा सूचना र प्रविधिको युग हो। शिक्षाले विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताको आवश्यकता परिपूर्ति गर्न सक्नुपर्दछ। सूचना तथा सञ्चार प्रविधिको विस्तार र प्रयोगले सिकाइको वातावरण बनाउन, शिक्षक तालिम गर्न र शिक्षामा वैकल्पिक सिकाइ व्यवस्थापन गर्न सहज हुन्छ। शिक्षकको अभाव र विपद्को समयमा भएको सिकाइबाट सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकारले निर्देशिका जारी गरेर सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट बैकल्पिक सिकाइ प्रणाली सञ्चालन गर्न सकिने प्रबन्ध छ। सिकाइमा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन माध्यमबाट परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला वैकल्पिक रूपमा सञ्चालन गर्न सकिन्छ। प्रविधिमैत्री शिक्षाको लागि विद्यालयमा कम्प्यूटर, बिजुली, इन्टरनेट लगायत आधुनिक पूर्वाधार पर्याप्त हुनुपर्दछ। सिपयुक्त जनशक्तिबाट सूचना तथा सञ्चार प्रविधि सञ्चालन गरी शिक्षाको लागत र समय घटाउन सकिन्छ तसर्थ योजनामा यस क्षेत्रलाई विशेष जोड दिइएको छ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अङ्गको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगबाट विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुग्नुका साथै डिजिटल साक्षरता बढाउन र (digital devide)प्रविधिको खाडल कम गर्न, सिप विकास गरी आय आर्जन गर्न, शिक्षामा पहुँच बढाउन, बैकल्पिक प्रणालीबाट शिक्षण सिकाइ गर्न र विद्यालयको व्यवस्थापकीय तथा शासकीय पद्धतिमा कार्यकुशलता बढाई विद्युतीय शासनलाई स्थापित गर्न सूचना तथा सञ्चार प्रविधिको महत्व छ।

### ४.८.२ वर्तमान अवस्था

नगरपालिकामा मल्टिमिडियासमेतको सुविधा भएका १०, स्मार्ट वोर्ड भएका २ विद्यालय छन्। स्मार्ट टिभिसहित इन्टरनेट भएको विद्यालय ३, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला सहित इन्टरनेट सुविधा भएका विद्यालय ९, इन्टरनेट भएका विद्यालय ३१ वटा रहेका छन। सबै संस्थागत विद्यालयमा ICT को सामान्य व्यवस्था छ। सबै विद्यालयमा न्यूनतम १/१ थान कम्प्यूटर प्रिन्टरको व्यवस्था भइसकेको छ। प्राविधिक शिक्षा तथा व्यवसायिक धार अन्तरगत १ विद्यालयमा कम्प्यूटर इन्जिनियरिङ विषयको ९-१२ अध्यापन गरिन्छ। ६ जना कम्प्युटर सहायक प्रशिक्षक र प्रशिक्षक रहेको छ। विद्यालयमा जिन्सी, लेखा तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS को उपयोग गर्न नगरपालिकाको सहजीकरणमा विद्यालयमा नियमित काम भैरहेकोले प्रयोग वृद्धि भएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको चुनौती

१. सबै विद्यालयमा पर्याप्त, गुणस्तरीय र दिगो पूर्वाधार विकास गर्ने,
२. सूचना प्रविधिको विकास र विस्तारमा लगानी सदुपयोगको सुनिश्चितता गर्ने,
३. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्ने,
४. ICT का पूर्वाधारको शिक्षणमा अधिकतम उपयोग गर्ने,
५. ई-पुस्तकालय र विद्युतीय सामग्रीको स्रोतको पहिचान र शिक्षण सुधारमा उपयोग गर्ने,
६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको एकीकृत प्रणाली विकास गरी उपयोग गर्ने,
७. सूचना प्रविध, उपकरणको नियमित सञ्चालन, मर्मत र गुणस्तरीय सेवा प्रवाह गर्न,
८. दक्ष जनशक्ति तथा शिक्षकको प्राप्ति, टिकाउ, विकास र उपयोगबाट विद्यालयको सक्षमता विकास गर्ने,
९. शैक्षिक व्यवस्थापन सूचना प्रणाली र सार्वजनिक वित्त व्यवस्थापन प्रणाली व्यवस्थित गर्ने,
१०. स्थानीय अडियो भिडियो सामग्री विकास गरी अनलाइन तथा अफलाइन कक्षा सञ्चालन, सामग्री उत्पादन र बजारीकरण गर्ने।

### ४.८.३ उद्देश्यहरू

१. विद्यालयमा सूचना प्रविधिको पर्याप्त र गुणस्तरीय पूर्वाधार विकास र उपयोग गर्नु,
२. विद्यालयको शिक्षण सिकाइमा सूचना प्रविधिको प्रभावकारी र सान्दर्भिक उपयोग गर्नु,
३. सूचना प्रविधिको समतामूलक पहुँच र विकास गर्नु,
४. शैक्षिक व्यवस्थापनमा सूचना प्रविधिको प्रभावकारी उपयोग गर्नु,
५. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क प्रणालीलाई पेपरलेस र प्रभावकारी बनाउनु।

### ४.८.४ रणनीतिहरू

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास, पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना र सञ्चालन गर्ने,
२. सबै विद्यालयहरूमा प्रविधिको आधारभूत पूर्वाधार विस्तार गरी उपकरणको प्रवन्ध गर्ने,
३. शिक्षकहरूको क्षमता विकास गर्ने र नयाँ शिक्षकका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि तालिम दिने,
४. कम्प्युटर इन्जिनियरिङ विषयका विद्यार्थी र शिक्षकबाट सर्भिस सेन्टर सञ्चालन गर्ने,
५. उपयोगि सफ्टवेयर र प्रविधिको खरिद र उपयोग गर्ने,
६. कक्षागत र विषयगत सामग्री डिजिटल सामग्री विकास र प्रवर्धन गर्ने,
७. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी र क्यालेन्डर जडान गर्ने,
८. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई स्थापित गर्ने,

९. अपाङ्गता भएका व्यक्तिहरू भौतिक उपस्थितिमा बाधा भएका वर्गका लागि सूचना तथा सञ्चार प्रविधमार्फत सिकाइमा पहुँच पुर्‍याउने,
१०. पेपरलेस शैक्षिक प्रशासन र व्यवस्थापन गर्ने,
११. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रविष्टि, व्यवस्थापन र उपयोग प्रभावकारी बनाउने,
१२. विद्युत्तीय पुस्तकालय र सिकाइ सामग्रीका खुला स्रोतको उपयोग गरी सिकाइ गर्ने प्रणालीलाई प्रोत्साहन गर्ने,
१३. निरन्तर सिकाइ र खुला सिकाइमा सूचना तथा सञ्चार प्रविधिको विकास गर्न औपचारिक र अनौपचारिक संयन्त्रहरूको परिचालन गर्ने।

### ४.८.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

विद्यालय व्यवस्थापन र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय व्यवस्थापनमा सुशासन प्रवर्धन र गुणस्तरीय शिक्षामा सहयोग पुग्ने।

**ख) क्रियाकलाप**

१. विद्यालयमा कम्प्यूटर, विद्युत र बैकल्पिक उर्जाको व्यवस्थापन,
२. सूचना प्रविधिका लागि Interactive board व्यवस्थापन,
३. ICT अगुवा विद्यालय कार्यक्रम,
४. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार र पहुँच विस्तार,
५. स्थानीय स्तरमा अडियो भिडियो सामग्री विकास,
६. ICT सर्भिस सेन्टर सञ्चालन,
७. शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुधार,
८. शिक्षकहरूको ICT क्षमता विकास,
९. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधि विस्तार,
१०. सूचना प्रविधि एप्लिकेशनबाट शिक्षक सहायता।

### ग) परिमाणात्मक लक्ष्य

*तालिका ४.७ शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सूचना प्रविधिका लागि Interactive board व्यवस्थापन | विद्यालय | | १ | १ | १ | १ | १० | |
| २ | विद्यालयमा कम्प्यूटर इन्टरनेट थप व्यवस्थापन | कम्प्यूटर सङ्ख्या | | २ | २ | २ | २ | २० | |
| ३ | ICT अगुवा स्रोत विद्यालय कार्यक्रम | विद्यालय | | १ | | | | २ | |
| ४ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार र पहुँच विस्तार (तिव्रगतिको इन्टरनेटको दिगो व्यवस्था सहित प्रविधि स्तरोन्नती) | विद्यालय | १ | १ | १ | १ | १ | १० | |
| ५ | स्थानीय स्तरमा अडियो भिडियो सामग्री विकास | सङ्ख्या | २ | २ | २ | २ | २ | २० | |
| ६ | भर्चुअल ICT सर्भिस सेन्टर सञ्चालन (विज्ञ शिक्षकबाट सञ्चालन) | सङ्ख्या | १ | | | | | १ | |
| ७ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुधार | पटक | १ | १ | १ | १ | १ | १० | |
| ८ | शिक्षकहरूको ICT क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | |
| ९ | सामुदायिक सिकाइ केन्द्र तथा सामुदायिक पुस्तकालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार | सङ्ख्या | | १ | | | | १ | |
| १० | सूचना प्रविधि एप्लिकेशनबाट अनुगमन र शिक्षक सहायता | पटक | १ | १ | १ | १ | १ | १० | |

# परिच्छेद पाँचः अन्य उपक्षेत्रहरू

## ५.१ छात्रवृत्ति

### ५.१.१ परिचय

विद्यालय शिक्षामा विद्यार्थीहरूको सहभागिता वृद्धि गर्न र निश्चित चक्र पूरा गराई योग्य नागरिक बनाउन सामाजिक, आर्थिक रुपले पिछडिएका वर्गहरूका लागि गरिएको प्रोत्सहान स्वरूप छात्रवृत्ति प्रदान गरिन्छ। छात्रवृत्ति गरिव वर्गका लागि विद्यालय शिक्षामा सुनिश्चित गर्न र राम्रा विद्यार्थी उत्प्रेरित गर्ने उत्प्रेरणामूलक व्यवस्था हो। नगरपालिकाका गरिव, सुविधाविहीन, अपाङ्गता भएका, आमाबाबुविहीन, लक्षित वर्गका बालबालिकाहरूलाई विद्यालयमा टिकाइराख्न छात्रवृत्तिको महत्त्व रहेको छ। यस्ता विशेष सहायताले विद्यालय शिक्षामा पहुँच तथा सहभागिता र गुणस्तर सुधारका लागि सहयोग गरी समता तथा समावेशितामा योगदान गर्दछ। विद्यालय पोसाक, स्टेसनरीलगायतका सामग्रीहरू, दिवा खाजा आदिको अभावमा विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन र गुणस्तर बढाउन सहयोग गर्दछ। विद्यालयमा उपस्थिति र सिकाइमा सक्रियता बढाउइ अनिवार्य र निःशुल्क शिक्षा व्यवस्था गर्न सहयोगी औजार हो। छात्रवृत्तिको विभिन्न ढाँचाहरू प्रयोग गर्न सकिन्छ। हाम्रो जस्तो नगरपालिकामा छात्रवृत्ति तथा प्रोत्साहनहरू निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्न बढी आवश्यक देखिन्छ।

### ५.१.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि प्रदान गर्ने छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, अपाङ्गता छात्रवृत्ति तोकिएको मापदण्डअनुसार प्रदान गरिन्छ। चालु आ.व. मा आधारभूत तह कक्षा १-५ मा सबै छात्रा, सबै दलित छात्र, अपाङ्गता भएका सबै छात्र छात्रालाई छात्रावृत्ति दिइएको छ। कक्षा ८ र १० को वार्षिक परीक्षामा सामुदायिक र संस्थागत विद्यालयका उत्कृष्ट नतिजा ल्याउने छात्र र छात्रा विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट पुरस्कृत गरिन्छ। सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ का विद्यार्थीको ले शैक्षिक सत्र २०८१ मा PMT फारामका आधारमा प्रदान छनौट भएका विद्यार्थीले सामुदायिक विद्यालयमा कक्षा १२ सम्म अध्ययन गर्दा छात्रवृत्ति पाउने गरी यसै आ. व. मा व्यवस्था भइसकेको छ। माध्यमिक तहको कक्षा ११ र १२ का लागि नगरपालिकाबाट छनौट भएका विद्यार्थीलाई वार्षिक छात्रवृत्तिको व्यवस्था गरिएको छ। आमाबाबु विहिन टुहुरा बालबालिकालाई कक्षा १२ सम्म नियमित अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ। प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्ति कोषमार्फत सहयोग उपलब्ध गरिएको छ।

छात्रवृत्ति सम्बन्धी चुनौतीहरूः

१. आवश्यक भएका विद्यार्थी पहिचान र छात्रवृत्ति रकम वृद्धि गर्ने,

२. माध्यमिक र प्राविधिक शिक्षामा गरिव लक्षित छात्रवृत्ति व्यवस्थापन गर्न पर्याप्त स्रोतको व्यवस्था गर्ने,
३. अनिवार्य र निःशुल्क आधारभूत शिक्षा कार्यान्वयन गर्न पर्याप्त छात्रवृत्तिको व्यवस्था गर्ने।

### ५.१.३ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयन गर्न सहयोगी हुने गरी छत्रवृत्तिको व्यवस्था गर्नु,
२. छात्रवृत्तिमार्फत् विद्यालय शिक्षामा लक्षितवर्गको सहभागिता र गुणात्मक सुधार सहित समतामूलक व्यवस्था कायम गर्नु।

### ५.१.४ रणनीतिहरू

१. छात्रवृत्ति छनौट र रकम सम्बन्धी मापदण्ड विकास र कार्यान्वयन गर्ने,
२. गरिवीलाई आधार बनाई माध्यमिक तह लक्षित छात्रवृत्तिको व्यवस्था गर्ने,
३. नगरपालिकाबाट मेधावी विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने,
४. छात्रवृत्ति कोषको व्यवस्था गर्ने,
५. छात्रवृत्ति व्यवस्थापनसम्बन्धी कार्यविधि तयार गर्ने,
६. छात्रवृत्तिको कोटा र रकम वृद्धि गर्ने,
७. प्राविधिक शिक्षामा मेधावी विद्यार्थीलाई छात्रवृत्ति दिने,
८. गरिव विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा छात्रवृत्ति व्यस्था गर्ने,
९. विद्यालयहरूमा विभिन्न दाता र समूहबाट छात्रवृत्ति अक्षयकोषको निर्माण परिचालन गर्ने,
१०. अवसरको मूल्यका आधारमा छात्रवृत्तिको व्यवस्था गर्न अध्ययन गर्ने।

### ५.१.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यन्वयन गर्न र जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन सहित विद्यालय शिक्षाको तह पूरा गर्न सहयोग पुग्ने।

**ख) क्रियाकलापहरू**

नगरपालिकामा समावेशीताकालागि विभिन्न शीर्षकबाट छात्रवृत्ति उपलव्ध गराई दुर्गम क्षेत्रमा बसोबास गर्ने, विपन्न, अपाङ्गता भएका बालबालिका र लक्षित वर्गको शिक्षामा पहुँच एवम् निरन्तरता सहित शिक्षाको चक्र पुरा गराउन नगद वा वस्तुगत सहयोग गरिनेछ। यसका लागि छात्रवृत्ति कोष निर्माण, व्यवस्थापनका मापदण्ड निर्माण गरी कार्यान्वयन र अनुगमन मूल्याङ्कन गरिनेछ।

१. गरिवी लक्षित छात्रवृत्ति,
२. मेधावी विद्यार्थी छात्रवृत्ति,
३. छात्रवृत्ति कोषको व्यवस्था,
४. छात्रवृत्ति व्यवस्थापन कार्यविधि निर्माण,

५. प्राविधिक शिक्षा कक्षा ११-१२ छात्रवृत्ति,
६. छात्रवृत्ति अनुगमन,
७. आमाबाबुविहीन टुहुरा बालबालिका छात्रवृत्ति,
८. आमाबाबुविहीन बालबालिका छात्रवृत्ति,
९. अनाथ बालबालिका छात्रवृत्ति,
१०. गरिब विद्यार्थी सहायता कार्यक्रम,
११. अक्षयकोषमा आधारित छात्रवृत्ति,
१२. प्राविधिक शिक्षा छात्रवृत्ति,
१३. उच्च शिक्षा छात्रवृत्ति।

## ग) परिमाणात्मक लक्ष्य

*तालिका ५.१ छात्रावृत्तिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | गरिवी लक्षित छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | १० | |
| २ | मेधावी विद्यार्थी छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३ | छात्रवृत्ति कोषको व्यवस्था | सङ्ख्या | | १ | | | | १ | |
| ४ | छात्रवृत्ति व्यवस्थापन कार्यविधि निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | |
| ५ | प्राविधिक शिक्षा कक्षा ९-१२ छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | १० | |
| ६ | अक्षयकोषमा आधारित छात्रवृत्ति (विद्यालयस्तर) | विद्यार्थी सङ्ख्या | | | | | | ५०० | |
| ७ | विशेष प्रतिभा छात्रवृत्ति | सङ्ख्या | | १ | १ | १ | १ | १० | |
| ८ | छात्रवृत्ति अनुगमन | पटक | १ | १ | १ | १ | १ | १० | |
| ९ | आमाबाबुविहीन टुहुरा बालबालिका छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | १० | |
| १० | आमाबाबुविहीन बालबालिका छात्रवृत्ति | पटक | | | १ | १ | १ | ८ | |
| ११ | उच्च शिक्षा छात्रवृत्ति | पटक | | १ | १ | १ | १ | ९ | |

## ५.२ विद्यालय अनुगमन, सुपरिवेक्षण र निरीक्षण

### ५.२.१ परिचय

विद्यालय सञ्चालन व्यवस्थापन र शैक्षिक क्रियाकलापहरू तोकिएअनुसार सञ्चालन गर्न अनुगमन सुपरिवेक्षण आवश्यक हुन्छ। विद्यालय अनुगमन गरी कमी कमजोरी देखिएमा आवश्यक पृष्ठपोषण प्रदान गरिन्छ। अनुगमन र सुपरिवेक्षणबाट सुधारका कार्यहरू सञ्चालन गर्न मार्गदर्शन गरिन्छ। विद्यालय सुपरिवेक्षण र अनुगमनका लागि प्राविधिक ज्ञान भएका सुपरिवेक्षकहरूको व्यवस्था गर्नु पर्दछ। समय र प्रविधिको विकासले सुपरिवेक्षण क्षेत्रमा आयामिक परिवर्तन भएको छ। सुपरिवेक्षणमा सहज हुने औजार र प्रविधिको आविश्कार भएको छ। शिक्षा विधामा भएको ज्ञानको तथा प्रविधिको विकासले शैक्षिक प्रणालीमा आएको नविनतम प्रविधि र शासकीय व्यवस्थाको विकासले यस क्षेत्रमा थुप्रै चुनौतीहरू थपिएका छन्।

### ५.२.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्विनयसँगै नगरपालिकामा विद्यालय शिक्षाको व्यवस्थापनको जिम्मेवारी पूर्णरूपमा रहेको देखिन्छ। शिक्षा व्यवस्थापन गर्न शिक्षा शाखाको व्यवस्था गरिएको छ। स्थानीय सरकारले अनुगमन, सुपरिवेक्षण र निरीक्षण सम्बन्धी नीति कार्यक्रम बनाई कार्यान्वयन गर्दछ। विद्यालय निरीक्षक र सुपरिवेक्षकको व्यवस्था गर्न जनशक्तिको व्यवस्था गर्नु पर्दछ। शैक्षिक सुपरिवेक्षण प्राविधिक विषय हुनाले विषयगत विशिष्टतालाई आधार मानेर विषयगत सुपरीवेक्षहरू आवश्यक हुन्छ। नगर स्तरमा विषयगत सुपरीवेक्षकको व्यवस्था गरी प्रभावकारी अनुगमन सुपरिवेक्षण गर्न चुनौतीपूर्ण रहेको छ। यसको व्यवस्थापन गर्न नगरपालिकामा भएका अधिकृत कर्मचारीसँगै सिनियर शिक्षकहरूको विज्ञ समूह निर्माण गरी विद्यालयको सुपरिवेक्षण गर्न थालिएको छ। स्थानीय तहमा स्रोत साधन र जनशक्तिको पर्याप्त व्यवस्थापन भएमा प्रभावकारी अनुगमन सुपरिवेक्षण गर्न सकिन्छ।

चुनौतीहरूः

१. विज्ञ सुपरीवेक्षकबाट विषयगत सुपरिवेक्षण गर्ने र स्वीकार्यता बढाउने,
२. अनुगमन सुपरिवेक्षणका लागि विषयगत जनशक्ति व्यवस्थापन गर्ने,
३. सामान्य निरीक्षण र अनुगमनलाई व्यवस्थित गर्ने,
४. पर्याप्त स्रोत साधानको व्यवस्थापन गर्ने,
५. अनुगमन, सुपरिवेक्षण र निरीक्षणको अनुगमनमा सूचना प्रविधिको प्रयोग बनाउने।

### ५.२.३ उद्देश्य

१. अनुगमन सुपरिवेक्षणका लागि स्रोत साधन सहि विषयगत जनशक्ति व्यवस्थापन गर्नु,
२. अनुगमन, निरीक्षण र सुपरिवेक्षणबाट शैक्षिक गुणस्तरमा थप सुधार गर्नु,
३. Real Time reporting का लागि विद्यालय अनुगमन, सुपरिवेक्षण र निरीक्षणमा सूचना प्रविधि अभिवृद्धि गर्नु।

### ५.२.४ रणनीतिहरू

१. विषयगत समूहहरूको निर्माण र क्षमता विकास गर्ने,
२. शिक्षक सहायताका लागि मेन्टर, प्रधानाध्यापक र विषयगत शिक्षक समूह परिचालन गर्ने,
३. नगरपालिकाबाट प्रशासनिक निरीक्षण र प्राविधिकबाट सुपरिवेक्षण तथा अनुगमन गराउने,
४. अनुगमनमा सूचना प्रविधिको उपयोग गरी सञ्जाल विकास गर्ने,
५. स्रोत साधनको समयानुकुल व्यवस्था गरी अधिकतम उपयोग गर्ने,
६. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको तालिम सञ्चालन गर्ने,
७. गुणस्तर र नतिजा वृद्धिको मानक तयार गरी अनुगमन गर्ने,
८. शिक्षक सहायता प्रणालीलाई अनुगमनसँग जोड्ने,
९. वाह्य पक्षबाट अनुगमन र मूल्याङ्कन गर्ने गराउने,

### ५.२.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

सिकाइ उपलब्धि सुधार, प्रविधिमैत्री व्यवस्थापनमा सूधार र गुणस्तर सुधारमा सहि दिशा निर्देश गर्न सक्ने अनुगमन तथा सुपरिवेक्षण प्रणाली स्थापना भइ सयम र लागतअनुसार शिक्षामा प्रभावकारी नतिजा देखिनेछ।

**ख) प्रमुख क्रियाकलापहरू**

१. विषयगत विज्ञ समूहको परिचालन,
२. मेन्टरिङ,
३. प्रशासनिक निरीक्षण माथिल्लो निकाय समेतबाट,
४. अनुगमनमा सूचना प्रविधि र सञ्जाल विकास,
५. प्रधानाध्यापक र विषय शिक्षकबाट सुपरिवेक्षण,
६. अनुगमन गुणस्तर मानक विकास तथा कार्यान्वयन,
७. वाह्य विज्ञबाट अनुगमन मूल्याङ्कन।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ५.२ विद्यालय अनुगमन, सुपरिवेक्षण र निरीक्षणका कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | तहगत विषय विज्ञ समूह परिचालन | पटक | २ | २ | २ | २ | २ | १० | |
| २ | मेन्टरिङ क्रियाकलाप | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३ | प्रशासनिक निरीक्षण (कापा,समिति र अन्य उच्च तहबाट) | पटक | १ | १ | १ | १ | १ | १० | निरन्तर |
| ४ | अनुगमनमा सूचना प्रविधि र सञ्जाल विकास | विद्यालय | १ | १ | १ | १ | १ | १ | |
| ५ | प्रधानाध्यापक र विषय शिक्षकबाट सुपरिवेक्षण | विद्यालय | १ | १ | १ | २ | ४ | ३१ | |
| ६ | व्यवस्थापन समितिबाट निरीक्षण | विद्यालय | १ | १ | १ | ४ | ६ | ३१ | |
| ७ | अनुगमन गुणस्तर मानक विकास र कार्यान्वयन | पटक | १ | | | | | १ | |
| ८ | वाह्य विज्ञबाट अनुगमन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | १० | |

# परिच्छेद छः सुशासन तथा व्यवस्थापन

## ६.१ परिचय

शैक्षिक व्यवस्थापन गर्ने स्थानीय तह र विद्यालयमा रहेको शासकीय प्रबन्धहरू नीतिगत व्यवस्था र कार्यान्वयनमा सुशासन आवश्यक हुन्छ। संस्थागत व्यवस्था र सेवा प्रवाह प्रक्रियामा सहभागिता, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समता र समावेशिता सुनिश्चित बनाउन आवश्यक पर्दछ। विद्यालय शिक्षा क्षेत्रमा योजनाका नगरपालिकाले गुणस्तरीय शिक्षाका लागि गरेका प्रबन्धहरूको चुस्त व्यवस्थापनको अभावले कार्यदक्षता कमजोर देखिएको छ। कतिपय संरचना अभाव छ भने कतिपय जनशक्ति र स्रोतको पूर्ण क्षमता उपयोग हुन सकेको छैन। स्थानीय योजनाहरू लक्ष्य केन्द्रित कुशल व्यवस्थापनमा बढी जोड दिने हुनुपर्दछ। सबै बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्नमा स्रोत साधनको सुशासनयुक्त परिचालन गर्नुपर्दछ। सुशासन सरोकारवालाको सहभागिता, समन्वय, सहमतिमा समयमै उचित निणर्य निर्माण र त्यसको उपयुक्त कार्यान्वयन गर्नु पनि हो। गुणस्तरीय शिक्षाका लागि सरकारले तय गरेका नीति र यो योजनाका कार्यक्रमहरू कार्यान्वयन गर्न नगरपालिकाले रणनीतिक रूपमा प्रभावकारी कार्यसम्पादन गर्न सुशासन र संस्थागत सक्षमता विकास एवम् व्यवस्थापनलाई प्राथमिकता दिनेछ। नियमित अनुगमन, अनुगमनको पृष्ठपोषणको सुधारमा उपयोग, सरोकारवालासँग छलफल तथा अन्तरक्रिया, कानुन तथा मापदण्डहरूको प्रभावकारी कार्यान्वयन, कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको प्रयोगबाट कार्यकुशलता बढाई नतिजा सुधार गरिने छ।

सबै संयन्त्र र जनशक्तिलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाइने छ। स्थानीय सरकार, विद्यालय, समुदाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको लगानी सदुपयोग सुनिश्चित गरिने छ। नगरबाट शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना र क्षमता विकास, कार्यान्वयनको जिम्मेवारी तोक्ने र अनुगमन तथा मूल्याङ्कन प्रणाली समयमा स्थापित गर्नु पर्दछ। शैक्षिक व्यवस्थापनमा सूचना प्रविधिको सहायताबाट सुशासन प्रवर्दन गरिने छ। संविधानमा एकल अधिकारमा आधारभूत र माध्यमिक शिक्षा रहेतापनि शिक्षा विशिष्टीकृत प्रकृतिको क्षेत्र र सेवा भएकोले सबैसँग सार्थक सहकार्य गरिने छ। नगरपालिकाले तयार गरेको १० वर्षे शिक्षा योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि सुशासनमा सुधार गर्नु आवश्यक क्षेत्रको पहिचान गरी समीक्षाका आधारमा योजनाका अवधिमा सुधारसमेत गरिने छ।

## ६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.२.१ परिचय

गणतान्त्रिक शासन व्यवस्थामा शिक्षाको शासकीय संरचना, प्रक्रिया, संस्थागत क्षमता र शैक्षिक सेवा प्रवाहमा सुशासन कायम हुन् आवश्यक छ। स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा आएको आयमिक परिवर्तन तथा विस्तारलाई नवीन ढङ्गबाट संवोधन गर्न वर्तमान प्रणालीमा सुधार गरी सुशासन प्रवर्धन गर्नु आवश्यक छ। धेरै तह र क्षेत्रमा सहमति र अन्तरक्रियाहरू गरी निर्णय निर्माण गर्नु

पर्दछ। निर्णय कार्यान्वयन गर्ने व्यवस्थापक र शिक्षण सिकाइमा सहभागी जनशक्ति सक्षम योग्य र उच्च नैतिकता भएको हुनु पर्दछ। यसको व्यवस्थापनमा छनौटदेखि परिचालन सम्म सुशासनलाई योजनामा प्राथमिकता दिइएको छ। शिक्षक व्यवस्थापनको क्षेत्रमा नीति निर्माण, कार्यान्वयन दक्षता, पारदर्शिता, जवाफदेहीता, अनुगमन मूल्याङ्कन गर्दा कानुनको पालनालाई आधारको रूपमा प्रयोग गरिनेछ। विद्यालयको संस्थागत सक्षमता र सुशासन अभिवृद्धि र सिकाइ गुणस्तर सुधारमा स्तरीयता कायम गर्न सुशासनका चुनौतीहरू पहिचान र सम्वोधन गर्दै साधनहरूको दक्षतापूर्ण उपयोग गरिने छ।

### ६.२.२ वर्तमान अवस्था

समग्र देशको सुशासन अवस्था सुधार गर्नु पर्ने विभिन्न प्रतिवेदनहरूले देखाएको छ। शिक्षा क्षेत्रको विकासका लागि हाल सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेशमा सामजिक विकास मन्त्राललय र स्थानीय तहमा शाखाको प्रबन्ध छ। केन्द्रमा विभागीय स्तरका कार्यालयहरू र स्थानीय स्तरमा विद्यालयहरूको संस्थागत व्यवस्था छ। विशिष्ट श्रेणीदेखि सहायकस्तर सम्मका शिक्षा सेवाका र लेखा तथा प्रशासन र प्राविधिक कर्मचारीहरू छन्। समयमा नीति र कानुन नबन्ने, बनेका नीति र कानुन कार्यान्वयनमा पर्याप्त तयारी नहुने, नीति कानुन कार्यान्वयनमा पारदर्शिता नहुने र विद्यार्थी केन्द्रित भएर कार्यन्वयन नहुने र शक्ति र स्रोतको दुरूपयोग हुने जस्ता सुशासनको कमजोरीहरू छन्। उच्च स्तरको नैतिकताको अभावमा स्वार्थ केन्द्रित निर्णयका लागि विरोध गर्दा अरूको हकको वेवास्ता गर्ने पक्ष सुशासनको चुनौती रहेको छ। नयाँ संरचनामा विद्यालय शिक्षा सम्बन्धी कार्यहरू स्थापित मापदण्ड र स्वीकार्य विधिहरूको परिपालना गर्न गराउन जोखिमहरू रहेका छन्।

### ६.२.३ उद्देश्य

योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र सक्षमता विकासका उद्देश्यहरू:

१. सुशासनको माध्यमबाट विद्यालय शिक्षाको कार्यकुशलता र सक्षमता अभिवृद्धि गर्नु,
२. नीति, कानुन र मापदण्डहरू निर्माणमा सरोकारवालाको पर्याप्त सहभागीमा गर्नु,
३. कानुनको शासन अभिवृद्धि गर्नु,
४. नियुक्ति, पदस्थापन, सरूवा, बढुवामा योग्यता, क्षमता र पारदर्शिता कायम गर्नु,
५. स्वच्छ, बैधानिक, विश्वसनीय प्रणालीबाट सेवा प्रवाह गर्नु,
६. विद्यार्थीको सिकाइ, सहजीकरण र मूल्याङ्कन प्रक्रियामा जवाफदेहिता कायम गर्नु,
७.विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्य गर्नु,
८.समतामूलक व्यवस्थाहरू कायम गरी शिक्षामा सुशासन व्यवस्था गर्नु,
९.विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्नु।

### ६.२.४ रणनीतिहरू

१. स्थानीय शिक्षा ऐन, नियम र कार्यविधिहरू निर्माण र कार्यान्वयन गर्ने,
२. विद्यालयको स्रोत साधनको मितव्ययी, कार्यदक्षता र औचित्यको आधारमा अधिकतम सदुपयोग गर्ने,

३. विद्यालय सुधार योजना निर्माण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो सुनुवाइ र लेखा परीक्षणको माध्यमबाट सहभागीता र जवाफदेहिता अभिवृद्धि गर्ने,
४. सार्वजनिक खरिद र सेवा प्रवाहमा कानुनको परिपालना बढाउने,
५. कार्यसम्पादन परीक्षणबाट प्राप्त सुझावका आधारमा सुधार क्रियाकलाप गर्ने,
६. विद्यालयमा निर्माण हुने मापदण्ड र कार्यविधिहरू सहभागीतामूलक एवम् स्वीकार्य बनाउने,
७. अनिवार्य सुशासनको माध्यमबाट विद्यालय शिक्षाको कार्यकुशलता र सक्षमता अभिवृद्धि गर्नु,
८. नीति, कानुन र मापदण्डहरू निर्माणमा सरोकारवालाको पर्याप्त सहभागीमा गर्नु,
९. विद्यालय तहदेखि हुने सबै नियुक्ति, पदस्थापन, सरूवा, बढुवा योग्यता, क्षमता र प्रतिस्पर्धाको आधारमा गर्ने,
१०. सेवा प्रवाहमा विश्ववसनीय बैधानिक र स्वच्छ प्रणाली स्थापीत गर्ने,
११. शिक्षक विद्यालय र प्रशासनलाई विद्यार्थीको सिकाइ, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रति जवाफदेहि बनाउने,
१२. शैक्षिक गतिविधिहरू कार्यान्वयनमा समन्वय, सहअस्तित्व र सहकार्य गर्ने,
१३. समतामूलक व्यवस्थाहरूलाई व्यापक बनाउने,
१४. विद्युतीय शासनको अभ्यास गरी कार्यान्वयन गर्ने,
१५. सुशासनको सवाल र विषयहरू अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गर्ने।

### ६.२.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क) उपलब्धि**

स्वीकार्य प्रजातान्त्रिक समावेशी शैक्षिक प्रणालीको माध्यमबाट विद्यालय शिक्षामा सुशासन प्रवर्धन भई गुणात्मस्तरीय शिक्षा र बालबालिका र समाजप्रति उत्तरदायी प्रणाली विकास विकसित भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप**

१. स्थानीय शिक्षा कानुन निर्माण र अध्यवधिक,
२. विद्यालय सुधार योजना कार्यान्वयन र प्रोत्साहान,
३. सार्वजनिक खरिद र सार्वजनिक वित्त व्यवस्थापन तालिम,
४. विद्यालय सुशासन र संस्थागत क्षमता विकास तालिम,
५. खुला प्रतिस्पर्धा व्यवस्थापन,
६. सामाजिक परीक्षण र गुनासो सुनुवाइ,
७. अन्तर क्षेत्र र अन्तर तह समन्वय बैठक,
८. शैक्षिक सेवा प्रवाहमा समतामूलक पहुँच कार्यक्रम,
९. विद्युतीय शासन प्रणाली सुधार,
१०. विद्यालय र शाखाको कार्यसम्पादन परीक्षण।

## ग) परिमाणात्मक लक्ष्य

*तालिका ६.१ सुशासन तथा संस्थागत सक्षमताका प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय शिक्षा कानुन निर्माण र परिमार्जन | सङ्ख्या | | | | | | ५ | आवश्यकता अनुसार |
| २ | विद्यालय सुधार योजना कार्यान्वयन र प्रोत्साहान | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३ | सार्वजनिक खरिद र सार्वजनिक वित्त व्यवस्थापन तालिम | पटक | | | | | १ | ३ | |
| ४ | विद्यालय सुशासन र संस्थागत क्षमता विकास तालिम | पटक | १ | | १ | | १ | ६ | |
| ५ | खुला प्रतिस्पर्धाबाट नियुक्ति व्यवस्थापन | पटक | १ | | | १ | | ३ | |
| ६ | सामाजिक परीक्षण र गुनासो सुनुवाई | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | | |
| ७ | अन्तर क्षेत्र र अन्तर तह समन्वय बैठक | पटक | १ | १ | १ | १ | १ | १० | |
| ८ | शैक्षिक सेवा प्रवाहमा समतामूलक पहुँच कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | १० | |
| ९ | विद्युतीय शासन प्रणाली अवलम्वन र सुधार | पटक | १ | १ | १ | १ | १ | १० | |
| १० | कार्यालय तथा विद्यालयको वेभसाईटमार्फत पारदर्शिता प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | १० | |
| ११ | कानुनमा व्यवस्था भएको समिति र कार्यदल क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | |
| १२ | कार्यसम्पादन परीक्षण | विद्यालय | | १० | | | | २० | |
| १३ | न्यूनतम मानक विकास | पटक | १ | | | | | १ | |

## ६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.३.१ परिचय

योजना कार्यान्वयनका लागि निर्माण गरिन्छ। योजना निर्माणका लागि समस्या पहिचान, सहभागितामूलक प्रकृयाबाट निर्माण, कार्यन्वयन गर्न सकिने क्रियाकलापको छनौट, स्रोत साधनको प्राथमिकतासाथ प्रक्षेपणबाट योजनाको कार्यन्वयन योग्यता बढ्छ। शिक्षा योजना प्रभावकारी कार्यान्वयन गर्न नगरपालिकाले, नीतिगत, प्रणालीगत, कार्यगत व्यवस्थापन चुस्त दुरूस्त गर्नु पर्दछ। व्यवस्थापनको योजना निर्माण, सङ्गठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान गर्ने कार्यमा योजना कार्यान्वयन महत्वपूर्ण पक्ष हो। शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि सबै तत्त्वहरूले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको अपेक्षित उपलब्धि हासिल गर्न कार्यान्वयन योग्य योजना, पर्याप्त स्रोत साधन, सङ्गठन संरचना, असल नेतृत्व, कुशल व्यवयस्थापक र सुशासन आवश्यक हुन्छ।
सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा स्थानीय तहले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन गर्नु गर्दछ। नगरपालिकाले योजना कार्यान्वयन गरी शैक्षिक गुणस्तर सुधार गर्न नगरपालिकास्तर र विद्यालय स्तरमा सम्पादन गर्ने कार्यहरू सम्पादन गर्न स्रोत साधन र संरचनाको अधिकतम उपयोग गरिनेछ। योजनाको कार्यान्वयन गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारिता, गुणात्मकता र सुशासनलाई ध्यान दिने व्यवस्था गरिनेछ। स्रोत साधनको पर्याप्त व्यवस्था र सुशासनबाट शिक्षित र सुसंस्कृत नगरको विकास गर्न योजना कार्यान्वयनलाई प्राथमिकता दिइनेछ।

### ६.३.२ वर्तमान अवस्था

सङ्घीय संरचनामा लेटाङ नगरपालिका क्षेत्रका शैक्षिक संस्था र तिनले दिने सेवाग्राही विद्यार्थीको गुणस्तरको लागि सेवा प्रयास भइरहेको छ। नगरपालिकाको सभा, कार्यपालिका, विषयगत समिति, नगर शिक्षा समिति, शिक्षा शाखा र विद्यालय स्तरका समिति र शिक्षकहरूबाट शैक्षिक व्यवस्थापनको काम भइरहेको छ। नयाँ कानुनी व्यवस्था भैसकेको छैन। शैक्षिक जनशक्तिको पर्याप्तता र आवश्यक पर्ने तालिम र स्रोत साधनको न्यूनता रहेको छ। विद्यालयहरूमा दरबन्दी न्यूनता र विद्यार्थी र शिक्षक अभावमा पनि उचित आकार दिलाउन सकिएको छैन। दरबन्दी मिलान, विद्यालय समायोजन योग्य र तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्न चुनौतीपूर्ण हुँदै गएको छ। सबै तहको सरकार र सरोकारवालासँग समन्वयमा काम भइरहेको छ। केन्द्र र प्रदेशको नीति कानुन र योजनालाई मार्गदर्शकको रूपमा उपयोग गरिएको छ। विद्यालयको कार्यदक्षता कमजोर भएको कारण सिकाइ व्यवस्थापन सुधार अपेक्षित हुन सकेको छैन।
स्थानीय तह सानो क्षेत्रको भएकाले सानो सङ्गठन संरचना तथा जनशक्ति छन्। शिक्षामा कार्यविशिष्टीकरणको आधारमा हेर्दा यो जनशक्ति र संरचना पर्याप्त देखिदैन। विद्यालय शिक्षाका पुराना प्रवृत्ति र कार्यक्रमहरूले रूपान्तरण गर्न नसकेकाले प्रविधि र नवीन सोच भएको समिति र शिक्षक

कर्मचारीको व्यवस्थापनबाट योजना कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ। शैक्षिक सुशासनका अवयवहरूमा पर्याप्त सुधार आवश्यक छ। आवधिक नगर विकास योजना र शिक्षा योजनाको कार्यान्वयनबाट शिक्षा क्षेत्रमा सुधार गर्न नगरपालिका र यसको संरचनाहरू थप क्रियाशील हुनु आवश्यक छ। स्थानीय शैक्षिक व्यवस्थपन कार्यविधि र मापदण्डहरू कार्यान्वयनमा छन्।

**योजना कार्यान्वयनको चुनौतीहरू:**

१. समयमा नीतिगत र कानुनी व्यवस्थाहरू गर्ने,
२. योजनाका सबै चरणमा सरोकारवालाको सहभागीता र अपनत्व स्थापित गर्ने,
३. नगरको शक्षिक व्यवस्थापन संरचनात्मक सुधार गर्ने,
४. योजनाका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्ने,
५. योजना अनुगमन मार्फत प्रतिफल बढाउने,
६. स्रोत परिचालनमा सुशासन स्थापीत गर्ने,
७. स्थानीय संरचनाहरूको उपयुक्त परिचालन गर्ने,
८. योजनाले लिएका लक्ष्य हासिल गर्न क्रियाकलापको समयवद्ध सञ्चालन गर्ने,
९. नगरपालिकको क्षमता विकास गर्ने,
१०. सङ्घ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने।

### ६.३.३. उद्देश्य

१. स्थानीय शिक्षा नीति र कानुनी व्यवस्था गर्नु,
२. योजनाका सबै चरणमा सरोकारवालाको सहभागिता र अपनत्व स्थापित गर्नु,
३. नगरको शैक्षिक व्यवस्थापन संरचनात्मक सुधार गर्नु,
४. योजनाका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्नु,
५. योजना अनुगमनमार्फत प्रतिफल बढाउनु,
६. स्रोत परिचालनमा सुशासन स्थापित गर्नु,
७. स्थानीय संरचनाहरूको उपयुक्त परिचालन गर्नु,
८. योजनाले लिएका लक्ष्य हासिल गर्न क्रियाकलापको समयवद्ध सञ्चालन गर्नु,
९. नगरपालिका योजना कार्यान्वयन सक्षमता विकास गर्नु,
१०. सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्नु ।

### ६.३.४ रणनीति

योजना कार्यान्वयनको कार्यशाला विद्यालय तह र प्रमुख व्यवस्थापन स्थानीय तहबाट हुन्छ। कार्यान्वयनको लागि बार्षिक बजेट र नीतिगत प्रबन्ध  वार्षिक शैक्षिक योजना, रणनैतिक योजनाहरू, आवधिक समीक्षा, नियमित अनुगमन र पृष्ठपोषणबाट सुधार र Total Quality management लाई प्रयोग गरिनेछ। स्रोत साधन र जनशक्तिको पर्याप्त व्यवस्थापन, नियमित अनुगमन तथा कार्यान्वयनमा शिक्षक

सहायता, प्राविधिक सहयोग, समन्वय र सहकार्य गरी नतिजा प्राप्त गरिनेछ। थप रणनीतिहरू कार्यान्वयनको चरणमा तय गरिने छ।

१. योजना कार्यान्वयनमा आवश्यक कानुन, मापदण्ड र निर्देशिका समयमा तयार गर्ने,
२. योजनाको उद्देश्य प्राप्त गर्न तोकिएका क्रियाकलापहरूलाई सृजनात्मक तरिकाबाट कार्यान्वयन गर्ने,
३. नगरपालिकाले सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदानमा स्थानीय स्रोत पर्याप्त व्यवस्था गर्ने,
४. नगरको शिक्षा शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनमा प्राविधिक सपोर्ट गर्ने,
५. योजना कार्यान्वयनको नियमित अनुगमन, सुपरिवेक्षण र सहजीकरण गर्न प्राविधिक समिति बनाइ काम गर्ने,
६. सामाजिक विकास समिति मार्फत नीति निर्देशन र योजनाको प्रगति कार्यपालिकामा पेस गरी समन्वय गर्ने,
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली र आवश्यक सूचना प्रविधिको प्रयोग बढाउने,
८. आन्तरिक र वाह्य पक्षको मध्यवधि र अन्तिम मूल्याङ्कन गराउने।

### ६.३.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**क. उपलब्धि**

१० वर्षे शिक्षा योजना कार्यान्वयनमा संयन्त्रहरूको परिचालन भई स्रोत साधन, संरचनाको उचित व्यवस्थापन गरी प्रभावकारी योजना प्रणाली स्थापित हुने र तोकिएको लक्ष्य प्राप्त भएको हुनेछ।

**ख. क्रियाकलाप**

१. स्थानीय नीति र योजना प्रवोधिकरण,
२. वार्षिक रणनीतिक योजना तर्जुमा,
३. योजनाको आवधिक समीक्षा,
४. अनुगमन र कार्यान्वयन क्षमता विकास तालिम,
५. स्थानीय संरचनाहरूको कार्ययोजना अध्यवधिक,
६. सङ्घ, प्रदेश तथा अन्तर स्थानीय समीक्षा,
७. स्थानीय स्तरमा नतिजा प्रवोधिकरण र समीक्षा,

## ग. परिमाणात्मक लक्ष्य

*तालिका ६.२ योजना कार्यान्वयनको प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय नीति र योजना प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | १० | |
| २ | वार्षिक रणनीतिक योजना तर्जुमा | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३ | योजनाको आवधिक समीक्षा | पटक | | | | | १ | २ | |
| ४ | अनुगमन र कार्यान्वयन क्षमता विकास तालिम | पटक | | १ | | १ | | ५ | |
| ५ | स्थानीय समिति र संरचनाहरूको कार्ययोजना अध्यवधिक | पटक | १ | १ | १ | १ | १ | १० | |
| ६ | सङ्घ, प्रदेश तथा अन्तर स्थानीय समीक्षा | पटक | | १ | १ | १ | १ | ८ | |
| ७ | स्थानीय स्तरमा नतिजा प्रबोधीकरण र समीक्षा | पटक | १ | १ | १ | १ | १ | १० | |

# परिच्छेद सातः लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको अहम भूमिका हुन्छ। सभ्य र समृद्ध समाज निर्माणका लागि परिवार, समुदाय र सरकारले शिक्षामा लगानी गर्नु आवश्यक छ। दक्ष, सिप युक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ। यस्तो लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन क्षमता विकास गर्दछ। राष्ट्रिय लक्ष्य प्राप्त गर्न नेपाल सरकार र समुदायबाट विगतदेखि शिक्षा क्षेत्रमा लगानी बढेको छ। शिक्षामा गरिने लगानीले समाजको आकाङ्क्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकाले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय, निजी क्षेत्र र बैदेशिक लगानीसमेत आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान सङ्कलन र एकीकृत गर्नु र प्राथमिकताका साथ परिचालन र उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्दछ। वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन, स्रोतको प्रवाह, उपयोग र परीक्षणसम्म लगानीका विषय हुन् र यो सुशासनसँग सम्बन्धित छ।

शिक्षा योजना कार्यान्वयनका लागि ठूलो स्रोत व्यवस्थापन गर्नु पर्दछ यसका लागि आन्तरिक स्रोतबाट सञ्चालन हुने अन्य आयोजनाहरूमा असर पर्न सक्दछ। यसको लागि राजनीतिक सहमति र पर्याप्त छलफल आवश्यक हुन्छ। न्यून राजश्व र असीमित आवश्यकता भएको नगरको वर्तमान अवस्थाको समीक्षा गर्दा आन्तरिक स्रोत बढाउने र शिक्षामा पर्याप्त लगानी गर्ने, लगानीको प्रभावकारी कार्यान्वयन र सुशासन नै प्रमुख चुनौतीहरू रहेका छन्। चुनौतीको सामना गर्न सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन सबैले सकारात्मक प्रयास गरी प्रणालीको विकास आवश्यक छ।

### ७.१.१ वर्तमान अवस्था

लेटाङ नगरपालिकाको शिक्षा क्षेत्रको विकास बजेट न्यून छ। शिक्षक कर्मचारीको तलब भत्ता र प्रशासनिक खर्चको अंश बढी रहेकोमा अधिकांश स्रोत नेपाल सरकारको सङ्घीय सशर्त बजेट रहेको छ। नगरको आ.व.२०८१/८२ को कूल बजेट मध्ये रू १३०,००,०००/- रहेको छ। शिक्षामा लगानी बढाउनु आवश्यक रहेकोमा सबै पक्ष सहमत रहेको छ। राजनीतिक दलको राष्ट्रिय र स्थानीय तहको चुनावी घोषणापत्रमा अन्तराष्ट्रिय मान्यताअनुसार कूल राष्ट्रिय बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने आधार निर्माण गरी सोहीअनुसार लगानी बढाउने सङ्कल्प छ। नेपालमा वि.सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो। कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको

अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो। विगत एक दशक अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ। लगानी जुटाउने र लगानीको सही सदुपयोग तथा वित्तीय अनुशासन कायम गर्ने चुनौती रहेको छ। आर्थिक उदारीकरणसँगै अन्य क्षेत्रमा जस्तै शिक्षा क्षेत्रमा पनि निजी क्षेत्रको लगानी बढेको छ। लेटाङ नगरपालिकामा पनि निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयहरू छन्। संस्थागत विद्यालयको विद्यार्थी सङ्ख्या कूल विद्यार्थीको ४५ प्रतिशत हाराहारी छ भने उपलव्धिमा संस्थागत विद्यालयको राम्रो रहेको छ। प्रारम्भिक बालविकास शिक्षा तथा पूर्व प्राथमिक शिक्षाको सञ्चालनमा निजी क्षेत्रको लगानी उल्लेख्य रहेको छ। निजी लगानीको कारण अभिभावकले छनौटक अवसर पाएका छन्। शिक्षामा यस क्षेत्रको नियमन गर्न आवश्यक रहेको छ।

शिक्षा क्षेत्रमा लगानीको चुनौतीहरूः

१. देशको अर्थतन्त्र सवल बनाई स्रोत वढाई शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यको नीति कार्यान्वयन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि गर्ने,
२. सङ्घ, प्रदेश र स्थानीय तहले शिक्षामा लगानी गर्नुपर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने,
३. निजी क्षेत्रको लगानी व्यवस्थित र सेवामुखी बनाउने,
४. शैक्षिक सेवा प्रवाहको विशिष्ट प्रकृति अनुसार पर्याप्त लगानी गर्ने,
५. प्राविधिक तथा व्यावसायिक शिक्षामा सरकारको प्रतिवद्धता अनुसार वित्तीय स्रोत परिचालन गर्ने,
६. वैदेशिक सहायता प्राप्ति सदुपयोग र दीगोपनाको वातावरण बनाउने,
७. आधुनिक प्रविधि र सञ्चार प्रविधि मैत्री प्रणाली स्थापना गर्न पूर्वाधार विकास गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने,
८. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूमा सन्तुलित लगानी गर्ने,
९. शिक्षामा समतामूलक व्यवस्थापनका लागि पर्याप्त लगानी प्राप्त गर्ने,
१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागीता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने,
११. वित्तीय व्यवस्थापनक कार्यकुशलता र सुशासन कायम गराउने।

### ७.१.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका उद्देश्यहरू सञ्चालन गर्नु

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको व्यवस्थापन गर्नु,

२. विद्यालय शिक्षासम्बन्धी क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको कुशल विनियोजन गर्नु,
४. वित्तिय सुशासन कायम गर्नु।

### ७.१.३ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरूः

१. न्यूनतम लगानी हुने सुनिश्चित गर्न अन्तरक्रिया र परामर्श गर्ने,
१. शिक्षामा सरकारी अनुदान शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न जवाफदेही पद्धति विकास गर्ने,
२. सरकारबाट प्रदान गरिने स्रोतको सदुपयोग गर्न वित्तीय अनुगमन प्रभावकारी बनाउने,
३. स्थानीय तहको आन्तरिक स्रोतबाट शिक्षामा लगानी वृद्धि गर्ने,
२. नेपालको वैदेशिक सहायताबाट शैक्षिक कार्यक्रम गुणस्तरीय बनाउने,
३. वित्तीय व्यवस्थापन र अनुशासन कायम गर्ने,
४. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसाय सञ्चालन गर्ने,
५. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न थप सुधार गर्ने,
५. शिक्षा क्षेत्रमा शसर्त र विशेष अनुदान बढाउन कार्यक्रमहरू प्राथमिकता गर्ने,
६. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गर्ने,
७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाउने।

### ७.१.५ प्रमुख उपलब्धि, क्रियाकलाप र परिमाणात्मक लक्ष्य

#### क) उपलब्धि

शिक्षा योजना कार्यान्वयन गर्न पर्याप्त बजेटको व्यवस्था भइ सोको सही सदुपयोग भएको हुने छ।

#### ख) क्रियाकलाप

